सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ जेठ २०८३, शनिबार (23 May 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ४० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ एमालेमा विस्फोट

विष्णु पौडेलसहित चार उपाध्यक्षले मागे ओलीको राजीनामा

अनुशासन मिचे कारबाही गर्ने ओलीको चेतावनी




विष्णु पौडेल


पृथ्वीसुब्बा गुरुङ


गोकर्ण विष्ट


रघुजी पन्त

उपाध्यक्ष विष्णु पौडेलसहित पृथ्वीसुब्बा गुरुङ, गोकर्ण विष्ट र रघुजी पन्तले अध्यक्ष ओलीले नैतिक जिम्मेवारी वहन गर्दै नेतृत्व परिवर्तनका लागि मार्ग खुला गर्नुपर्ने धारणासहित राजीनामाको माग गरे। उनीहरूले पार्टीलाई वर्तमान संकटबाट बाहिर निकाल्न व्यापक पुनर्गठन अपरिहार्य रहेकाले आवश्यक परे आफूहरूसमेत जिम्मेवारी त्याग्न तयार रहेको जनाउ दिए।

परिस्थितिको मूल्यांकन गरेर आ-आफ्नो जिम्मेवारीको समीक्षा गरी पार्टी पुनर्गठनको ढोका खोल्ने काम अध्यक्षबाट सुरु गरौं। हामी पनि आ-आफ्नो जिम्मेवारीको समीक्षा गरी पुनर्गठनको ढोका खोल्न तयार छौं। पार्टीलाई पुनर्गठनको दिशामा लैजानुपर्ने भएकाले अहिले कार्यविभाजनको विषयमा छलफल गर्नुपर्ने र त्यतातिर विशेष जोड दिनुपर्ने खास अर्थ छैन।

■ ओलीको चेतावनीमा गुरुङको प्रतिवाद



लगातार राजीनामाको प्रसंग आएपछि बैठकको बिचमै आक्रोशित देखिएका ओलीले राजीनामा नदिने अडान राखे। साथै, पार्टीको नीति र नेतृत्वविरुद्ध बोलेर विपक्षीलाई बल पुऱ्याउनेहरूलाई कुनै पनि जिम्मेवारी नदिइने बताएर अघोषित रूपमा कारबाहीको कडा चेतावनी दिएका छन्। ओलीले 'पार्टीमा राम्रो र उपयुक्त जिम्मेवारी चाहिने भए पार्टी नीति, पार्टी हित र नेतृत्वको रक्षाका पक्षमा आवाज उठाउन र परिस्थितिको सही मूल्यांकन गरेर संकटबाट पार लगाउने भूमिका खेल्नुपर्ने' धारणा राखेका थिए।

राजीनामा र पुनर्गठनको विषयबाट उपाध्यक्षहरूलाई विषयान्तर गराउने प्रयास भएपछि उपाध्यक्ष गुरुङले पार्टीमा सबैको योगदान उत्तिकै महत्त्वपूर्ण रहेको र अहिलेसम्म अनेकन् योगदान गरेरै पदाधिकारी तहसम्म आएकाले नधम्क्याउन भन्दै सजग गराएका थिए। गुरुङले जवाफ फर्काएपछि उनीहरूबिच केहीबेर नोकझोंक देखिने गरी सवाल-जवाफ नै चलेको एक नेताले बताए। 'तपाईंले कसलाई धम्क्याएको ? के एमाले तपाईंको मात्र पार्टी हो ? के गर्न सक्नुहुन्छ ल गरेर देखाउनुस्,' कडा स्वरमा चर्किएका गुरुङको जवाफ उद्धृत गर्दै एक पदाधिकारीले भने, 'आजको एमाले तपाईंको योगदानबाट, तपाईंले मात्र बनाएको पार्टी हो कि, हाम्रो पनि उस्तै भूमिका छ ?' गुरुङ प्रतिवादमा उत्रेपछि अरू नेताहरूको समेत आग्रहमा ओली केही मत्थर सुनिएका थिए।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

लामो समयदेखि ओलीनिकट मानिएका विष्णु पौडेल र पृथ्वीसुब्बा गुरुङजस्ता नेताले नै राजीनामा मागेपछि एमाले अध्यक्ष केपी ओलीमाथि उच्च नैतिक दबाब परेको छ। शुक्रबार सचिवालय बैठकमै चर्काचर्की, आरोप-प्रत्यारोप र ध्रुवीकरण देखिएपछि एमालेभित्रको नेतृत्व हस्तान्तरण र पार्टी पुनर्गठनको बहस निर्णायक मोडतर्फ प्रवेश गरेको मानिएको छ। एकपछि अर्को नेताले राजीनामा मागेपछि ओली बैठकका आक्रोशित बनेका थिए।

चार उपाध्यक्षले चुनावी हार र पार्टी संकटको नैतिक जिम्मेवारी शीर्ष नेतृत्वले लिनुपर्ने भन्दै पार्टीलाई संकटबाट बचाएर पुनर्गठन र पुनर्जागरणको ढोका खोल्न भन्दै अध्यक्ष ओलीले राजीनामा गर्नुपर्ने माग गरेका छन्। 'पुरानै शैलीले अब पार्टी बच्दैन' भन्ने इतर समूहका नेता वा तल्लो तहका कार्यकर्ताको सोचमा ओली पक्षधर नेताहरू नै उभिएका छन्। यसले आगामी केही समय एमालेभित्रको शक्ति-संघर्ष थप पेचिलो हुने देखिएको छ।

करिब ६ घण्टा चलेको बैठकमा लगातार उठेको पुनर्गठन र नेतृत्व परिवर्तनको बहसले एमालेभित्र गम्भीर ध्रुवीकरण जन्माएको मात्र छैन, लामो समयदेखि दबिएको असन्तुष्टि अब खुला विद्रोहमा बदलिएको छ। पार्टी र आन्दोलन संकटमा परेको नैतिक जिम्मेवारी लिएर पदबाट राजीनामा दिई पार्टी पुनर्गठनको ढोका खोल्न उपाध्यक्ष विष्णु पौडेलसहित चार उपाध्यक्षले ओलीसँग माग गरे। जबकि पाँचमध्ये पहिलो वरीयताका उपाध्यक्ष रामबहादुर थापा

» पृष्ठ २ मा क्रमशः

■ रविविरुद्धको 'सम्पत्ति शुद्धीकरण' र 'संगठित अपराध' मुद्दा फिर्ता

सहकारीका बचतकर्ताको रकम फिर्ताको कानुनी बाटो खुल्यो

कास्की जिल्ला अदालतले भन्यो- पीडितको रकम फिर्ता गर्नु मुख्य विषय, नियतमा दुराशय देखिँदैन

न्यायाधीश हिमलाल बेल्वासेको इजलासले आदेश गर्दा दिएका मुख्य आधार

■ **पीडितहरूको बचत फिर्ता मुख्य प्राथमिकता** : मुद्दाको न्याय निरूपणको मूल विषयवस्तु पीडित जाहेरवालाको बचत रकम सहज र शीघ्र फिर्ता दिलाउनु हो। वादी नेपाल सरकारले सुरुमा अभियोगपत्र दायर गर्दा यी दुई कसुरको दाबी लिएको थिएन र जाहेरवालाहरूको पनि सोतर्फ मागदाबी थिएन।



■ **मिलापत्रको बाटो सहज बनाउन** : यदि मागबमोजिम अभियोग संशोधन नगरिए जाहेरवाला र प्रतिवादीबिच मिलापत्र हुन तथा पीडितले आफ्नो बिगो रकम सहज रूपमा फिर्ता पाउने प्रक्रिया थप जटिल बन्न जाने देखिन्छ।

■ **न्यायको मूल मर्म सुरक्षित** : कानुनले तोकेको कार्यविधि न्याय प्राप्तिको प्रक्रियागत आधार भए पनि यसले न्यायको मूल मर्मलाई पराजित गर्न सक्दैन। संशोधनपछि पनि सहकारी ठगीतर्फको मुख्य अभियोग दाबी कायमै रहन्छ।

■ **अभियोजनकर्ताको असल नियत** : सरकारी वकिल (अभियोजनकर्ता)को परिमार्जनको मागमा कुनै दुराशय (खराब नियत) देखिँदैन। बरु, जाहेरवाला र अभियुक्त दुवै पक्षको हक-अधिकारप्रति संवेदनशीलता देखिएकाले प्रस्तुत मूल, थप र पूरक अभियोगपत्रहरू परिमार्जन गर्नु मनासिब देखिन्छ।

सूर्यदर्शनमा रविलाई मुद्दा चलाउँदा थपिएको थियो सम्पत्ति शुद्धीकरण

पोखरामा **रोहितराज पराजुली**

कास्की जिल्ला अदालतले सूर्यदर्शन सहकारी ठगी प्रकरणसँग सम्बन्धित मुद्दामा अभियोगपत्र संशोधनको निवेदन सदर गरेसँगै रास्वपा सभापति रवि लामिछानेसहितको 'सम्पत्ति शुद्धीकरण' र 'संगठित अपराध'को मुद्दा फिर्ता भएको छ। यससँगै सहकारीका

» पृष्ठ २ मा क्रमशः



■ अधिल्लो सरकारको पालामा अभियोग संशोधनको निवेदन, पाँच महिनामा आदेश

सुशीला कार्की सरकारका पालामा तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारीले गत ३० पुसमा सम्पत्ति शुद्धीकरण र संगठित अपराध कसुरको मुद्दा फिर्ता लिने गरी अभियोगपत्र संशोधन गर्ने निर्णय गरेकी थिइन्। सोहीअनुसार जिल्ला सरकारी वकिल कार्यालयले माघ पहिलो साता अदालतमा निवेदन दिएको थियो। पाँच महिनापछि शुक्रबार सहकारी ठगीको मुद्दा यथावत् राखेर बाँकी दुई मुद्दा फिर्ता लिन आदेश दिएको हो।

इच्छाराज तामाङले आफ्नै कम्पनीमा मात्रै होइन, विदेशसमेत लगेका थिए सहकारीको पैसा

सिभिल सहकारीको अध्यक्ष हुँदा इच्छाराज तामाङले सहकारीको पैसा आफ्नै कम्पनीमा गैरकानुनी रूपमा लगानी गर्ने मात्र होइन, आफन्तका नाममा विदेशसमेत लगेका थिए। त्यस्तै, शिवशिखर सहकारीका अध्यक्ष केदारप्रसाद शर्माले पनि सहकारीको पैसा श्रीमती र कर्मचारीको नाममा कम्पनी खडा गरेर लगानी गर्ने र विदेशसमेत लैजाने गरेका थिए। सोही आधारमा तामाङ र शर्माविरुद्ध सम्पत्ति शुद्धीकरणको समेत कसुर लगाइएको थियो। रवि लामिछानेको मुद्दा भने फरक छ। उनी सहकारीको सञ्चालक, कर्मचारी, बचतकर्ता/ऋणी केही पनि होइनन्। सहकारीबाट गोर्खा मिडियामा गएको पैसा खर्च गर्ने भूमिकामा रहेकै आधारमा उनलाई मुख्य प्रतिवादी बनाएर पूरक अभियोगमा सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दासमेत लगाइएको थियो। यसलाई रवि र उनको पार्टी रास्वपाले राजनीतिक प्रतिशोध भन्दै आएको थियो।

■ सत्तानिकट र अन्यलाई फरक मापदण्डसहित लगाइएको थियो मुद्दा

संसदीय छानबिन समितिले ३१ भदौ ०८१ मा बुझाएको प्रतिवेदनमा रविको सहकारी ठगीमा सहभागिता नरहेको, तर उनी प्रबन्ध निर्देशक हुँदा गोर्खा मिडियामा भएको कारोबारको भने जवाफदेही हुनुपर्ने निष्कर्ष निकालेको थियो। जसलाई रवि स्वयंले स्वीकार गरेका थिए। उनीविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा चलाइयो। तर, तत्कालीन सत्तारूढ एमाले र काँग्रेससँग जोडिएका नेता-कार्यकर्तालाई भने प्रत्यक्ष जोडिँदा पनि बाँकी दुई कसुर लगाइएन। मोरङको उमागौरी सहकारीको ठगीमा प्रत्यक्ष जोडिएकी एमाले नेता ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीमा सञ्चालक रहेकी काँग्रेसकी तत्कालीन सांसद माया राईविरुद्ध सहकारी ठगीको मुद्दा मात्र चलाइयो। सुमेरु सहकारी ठगीमा काँग्रेस कार्यकर्तासमेत रहेका सहकारीका पूर्वअध्यक्ष भरत महर्जनविरुद्ध तीन अर्ब ९३ करोड बिगो कायम गरी सहकारी ठगीको मुद्दा दायर गरियो, सम्पत्ति शुद्धीकरणमा अनुसन्धान नै भएन। मितेरी सहकारीको ठगीमा मुछिएका काँग्रेसका तत्कालीन उपसभापति धनराज गुरुङलाई त मुद्दासमेत चलाइएन।

■ ८ लेनको चक्रपथ



चक्रपथको नारायणगोपाल चोकदेखि चप्पल कारखानासम्मको सरकारको लगानीमा बनेको आठ लेनको ७०० मिटर सडक। चीनले कलंकीदेखि नारायणगोपाल चोकसम्म मात्रै निर्माण गर्ने भएपछि यो खण्ड सरकारले २४ करोड लागतमा बनाएको हो।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने प्रक्रिया किन तीन वर्ष पछाडि धकेलियो ?



आर्थिक संरचना, व्यापारिक चुनौती, निर्यात क्षमता तथा संक्रमणकालीन तयारी अझ सुदृढ बनाउन समय आवश्यक रहेको सरकारको भनाइ

नयाँ पत्रिका

सन् २०२६ मा अतिकम विकसित मुलुक (एलडिसी)बाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने प्रक्रियामा रहेको नेपाल तीन वर्ष पछाडि धकेलिएको छ। सरकार आफैंले पाँच कारण देखाएर एलडिसीबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने प्रक्रिया तीन वर्ष पछि सार्न संयुक्त राष्ट्रसंघलाई औपचारिक पत्र लेखेको छ।

परराष्ट्रमन्त्री शिशिर खनालले ३० वैशाखमा संयुक्त राष्ट्रसंघअन्तर्गतको युएन कमिटी फर डेभलपमेन्ट पोलिसीलाई पत्र पठाउँदै स्तरोन्नतिको समयावधि थप गर्न आग्रह गरेका हुन्। सरकारको यो कदमसँग विकासशील मुलुकमा स्तरोन्नति

» पृष्ठ २ मा क्रमशः

अब सार्वजनिक यातायातमा 'ब्यागेज ट्याग' अनिवार्य

१५ जेठदेखि लागू हुने यो व्यवस्थाले यात्रुको सामान सुरक्षित हुने विश्वास, सामान हराए प्रचलित कानुन वा सहमतिअनुसार यात्रुलाई क्षतिपूर्ति

नयाँ पत्रिका

सार्वजनिक यातायातमा यात्रुको सरसामानको सुरक्षा सुनिश्चित गर्न अब 'ब्यागेज ट्याग' प्रणाली अनिवार्य हुने भएको छ। १५ जेठदेखि लागू हुने यो व्यवस्थाले बस तथा अन्य सार्वजनिक सवारीमा हुने झोला, लगेज वा सामान हराउने, चोरी हुने तथा साटिने समस्या नियन्त्रण गर्ने अपेक्षा छ।

यससम्बन्धी सम्झौतापत्रमा शुक्रबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघबिच हस्ताक्षर भएको छ। उपत्यका ट्राफिक कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीका अनुसार यात्रुको सामानको सुरक्षा मजबुत बनाउन

» पृष्ठ २ मा क्रमशः



सार्वजनिक यातायातमा 'ब्यागेज ट्याग' लागू गर्न शुक्रबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघबिच सम्झौता भएको छ।



● **नवराज अधिकारी**
प्रमुख, उपत्यका ट्राफिक कार्यालय

यातायात व्यवसायीले नै ट्याग बनाएर यात्रुको सामानमा लगाउनुपर्नेछ। यसबाट झोला कसको हो भनेर प्रस्ट पहिचान भएर यात्रुको सामानको सुरक्षा त छँदै छ, झोलाभित्र अवैध सरसामान ओसारपसार हुन सक्ने भएकाले त्यसको नियन्त्रणमा पनि सहयोग पुग्नेछ।



● **सरोज सिटौला**, अध्यक्ष, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ

'ब्यागेज ट्याग' लागू गर्दा व्यवसायी र यात्रु दुवैलाई फाइदा हुन्छ। यसले सार्वजनिक यातायातलाई पनि थप व्यवस्थित बनाउँछ। यसको कार्यान्वयनका लागि हामीले गृहकार्य अघि बढाइसकेका छौं।

झ्याउँ



● **प्राडा केशव श्रेष्ठ**, वनस्पतिविद्

पात्रसँग यात्रा



चरित्र अनुभूति

● **स्वस्तिमा खड्का**

मैले निभाएका
हरेक चरित्रले मलाई केही न
केही सिकाएरै गएका छन्

कानुन र कलाको भेट



अधिवक्ताहरू वकालतसँगै **गीत-संगीत क्षेत्र**मा पनि सक्रिय

● **पवन बराइली**

आमा पर्खिरहँदा...



त्यो पर्खाइ

● **श्रवण मुकारुङ**

नेपाल विकासशील...

पृष्ठ १ बाट क्रमशः

हुने प्रक्रिया अब थप तीन वर्षपछि मात्र अघि बढ्नेछ।

सरकारले आर्थिक संरचना, व्यापारिक चुनौती, निर्यात क्षमता तथा संक्रमणकालीन तयारी अझ सुदृढ बनाउन समय आवश्यक रहेको निष्कर्षसहित यो निर्णय लिएको जनाएको छ। 'पछिल्लो अन्तर्राष्ट्रिय तथा राष्ट्रिय राजनीतिक र आर्थिक परिस्थिति दृष्टिगत गर्दै राष्ट्रसंघको समितिलाई चिठी पठाइएको छ,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने।

प्रवक्ता क्षेत्रीका अनुसार चिठीमा पाँच कारण उल्लेख गरिएको छ। पत्रमा क्षेत्रीय अस्थिरता तथा विश्वव्यापी आर्थिक आपूर्ति शृंखलामा परेको प्रभावका कारण नेपालको रेमिट्यान्समा असर पुगेको उल्लेख छ। त्यसको प्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा समेत परेको सरकारको निष्कर्ष छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता क्षेत्रीका अनुसार यही चुनौतीपूर्ण आर्थिक अवस्थालाई ध्यानमा राख्दै नेपालले विकासशील मुलुकमा स्तरोन्नति प्रक्रिया स्थगन गर्न आग्रह गरेको हो।

उनले विश्व बैंकले सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर केवल २.३ प्रतिशतमा सीमित रहने प्रक्षेपणसमेत निर्णयको महत्त्वपूर्ण आधार बनेको बताए। 'हालकै अवस्थामा नेपाल विकासशील मुलुकमा स्तरोन्नति भए अन्तर्राष्ट्रिय रूपमा पाइँदै आएको ड्युटी-फ्री तथा कोटा-फ्री बजार पहुँचको सुविधा गुम्ने जोखिम छ,' प्रवक्ता क्षेत्रीले भने, 'यसको असर उत्पादनशील क्षेत्रमा पर्नेछ र रोजगारीमा करिब ३५ प्रतिशतसम्म गिरावट आउन सक्ने अवस्था राष्ट्रसंघलाई जानकारी गराइएको छ।' यसबाहेक सरकारले आर्थिक स्थायित्व, निर्यात क्षमता र औद्योगिक रोजगारी सुरक्षित राख्न थप तयारी आवश्यक रहेको निष्कर्षसहित स्तरोन्नतिको समय तीन वर्ष पछि सार्न आग्रह गरेको जनाएको छ।

यस्तै, नेपालले अवलम्बन गरेको सहज स्थानान्तरण रणनीति कार्यान्वयन अपेक्षा गरिएभन्दा ढिलो कार्यान्वयन भएको कारणले पनि नेपाल अतिकम विकसित मुलुककै अवस्थामा रहनुपरेको परराष्ट्रमन्त्रीको पत्रमा छ। परराष्ट्र प्रवक्ता क्षेत्रीका अनुसार कोभिड- १९ महामारीपछिको पुनरुत्थान पूर्ण रूपमा स्थिर हुन नसकिरहेका वेला भूराजनीतिक तनाव तथा जलवायु परिवर्तनका असरहरूले सुधारोन्मुख अर्थतन्त्रमा थप चुनौती सिर्जना गरेको पनि कारण देखाइएको छ।

यसैगरी यो वर्ष इरानमाथि अमेरिकी आक्रमणपछि पश्चिम एसियामा विकसित पछिल्लो घटनाक्रमलाई अर्को कारण देखाइएको छ। पश्चिम एसियामा युद्धका कारण विकसित परिस्थितिले नेपालको वैदेशिक मुद्रा सञ्चितिको प्रमुख आधार रेमिट्यान्समा प्रभाव पारेको, यसका कारण इन्धन, खाद्य र मलखादको मूल्यवृद्धिले पर्यटन उद्योगलगायत राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पारेको पनि राष्ट्रसंघलाई सरकारले जानकारी गराएको छ।

अब सार्वजनिक...

पृष्ठ १ बाट क्रमशः

र आपराधिक गतिविधि नियन्त्रण गर्न यो प्रणाली लागू गर्न लागिएको हो।

नयाँ व्यवस्थाअनुसार यात्रुको सामानमा विशेष 'ब्यागेज ट्याग' लगाइनेछ, जसले सामान पहिचान गर्न र यात्रु तथा व्यवसायी दुवैलाई जिम्मेवार बनाउन सहयोग पुग्नेछ। 'यातायात व्यवसायीले नै यस्तो ट्याग बनाएर यात्रुको सामानमा लगाउनुपर्नेछ,' एसएसपी अधिकारी भन्छन्, 'यसबाट झोला कसको हो भनेर प्रस्ट पहिचान भएर यात्रुको सामानको सुरक्षा त छँदै छ, झोलाभित्र अवैध सरसामान ओसारपसार हुन सक्ने भएकाले त्यसको नियन्त्रणमा पनि सहयोग पुग्नेछ।'

महासंघ अध्यक्ष सरोज सिटौला ब्यागेज ट्याक लागू गर्दा व्यवसायी र यात्रु दुवैलाई फाइदा हुने बताउँछन्। 'यसले सार्वजनिक यातायातलाई पनि थप व्यवस्थित बनाउँछ,' उनले भने, 'यसको कार्यान्वयनका लागि हामीले गृहकार्य अघि बढाइसकेका छौं।' कार्यान्वयनका लागि यातायात व्यवसायीले चालक तथा सहचालकलाई तालिम दिने तयारी गरेका छन्।

प्रणाली लागू भएपछि सार्वजनिक यात्रुको ब्याग राख्दा दुई प्रति ट्याग जारी गर्ने र त्यसमध्ये एउटा यात्रुलाई र अर्को झोलामा राख्नुपर्नेछ। गन्तव्यमा पुगेपछि यात्रुसँग भएको ट्याग र झोलाको ट्याग भिडाएर मात्र सामान दिनुपर्नेछ। यस्ता ट्यागहरू क्युआर, बारकोड तथा नम्बरमा आधारित बनाउनेबारे व्यवसायीले छलफल थालेका छन्।

सार्वजनिक यातायातमा यात्रुका सामान हराउने तथा साटिने समस्या रहँदै आएको छ। यसरी सामान हराउँदा विगतमा यात्रु र सार्वजनिक यातायातका कर्मचारीबिच विवाद हुने गरेको थियो। अब ट्याग हुने भएपछि यस्तो विवाद हुनेछैन। यदि यात्रुको कुनै सामान हराएमा क्षतिपूर्ति दिनुपर्नेछ। समझदारीपत्रमा छ, 'ट्याग टाँसिएको सामान प्रथम पक्षको लापरबाहीका कारण हराएमा वा क्षति भएमा प्रचलित कानुन वा सहमतिअनुसार यात्रुलाई उचित क्षतिपूर्ति दिइनेछ।'

कतिपयले सार्वजनिक यातायातमा झोलाभित्र लागुऔषधलगायत अवैध सामान लुकाएरसमेत बोक्ने गरेका छन्। तर, त्यस्ता सामान प्रहरीले बरामद गर्दा कसैले जिम्मेवारी नलिने र सार्वजनिक यातायातका चालक र सहचालक फस्ने गरेका छन्। यो प्रणाली लागू भएसँगै त्यस्तो समस्या पनि हट्ने एसएसपी अधिकारी बताउँछन्। कतिपय पर्यटक बसमा यो प्रणाली रहे पनि सबै सार्वजनिक यातायातमा यसको सुरुवात गर्न लागिएको छ। विमानहरूमा लगेजको पहिचानका लागि यस्तो ट्याग लगाइने गरिएको छ।

बीमा बचत सुरक्षित आधार, दाबी रकम तपाईंको अधिकार

बीमालेखहरूको चुक्ता, जिवीत लाभ र पूर्ण परिपक्व लाभ (Paid up/ Survival Benefit / Maturity Benefit) रकम लिन आउनुहुन अनुरोध

प्रकाशित मिति : २०८३/२/९

यस कम्पनीमा बीमा गर्नु भएका आदरणीय बीमितहरूको बीमालेखहरू विभिन्न मितिहरूमा परिपक्व भई लामो समय देखि सो बीमालेखहरूको चुक्ता, जिवीत लाभ र पूर्ण परिपक्व लाभ (Paid up/Survival Benefit/ Maturity Benefit) लिन नआउनु भएका आदरणीय बीमितहरूलाइ सो बीमालेखहरूको दावी भुक्तानी लिनको लागि सक्कल बीमालेख, नागरिकताको प्रतिलिपी, रद्द गरिएको चेक (Cancelled Cheque) को प्रतिलिपीको साथै अन्य आवश्यक कागजात सहित आफूलाई पायक पर्ने यस कम्पनीको शाखा, उपशाखा कार्यालयमा सम्पर्क राखी आफ्नो दाबी भुक्तानी लिनुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ।

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np

Request for Proposals

First Published Date: 23/5/2026

Nabil Bank Ltd. invites sealed proposal from interested firms/companies for the **Supply, Delivery, Installation, and Commissioning of Transformer for Office building.**

Terms and Conditions:

1. RFP document with detailed Scope of works, Terms & Conditions can be received upon submission of a request letter in the official company letterhead along with proof of deposit of **non-refundable application fee of NPR 2,000/- (In words: NPR. Two Thousand Only)** from the **Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal**.
2. Bidders must submit following documents during bid submission:
   - Firm/Company Registration with at least 5 years of operations (renewed and notarized)
   - PAN/VAT Certificate (notarized)
   - Last two years' tax clearance certificate (Notarized)
   - Audited Balance Sheet report with UDIN Number (Last 2 years)
   - List of Prime Customers along with contact details and unit of sales
   - Letter of Authorization/Dealership (Notarized)
   - Company profile with brief introduction of promoters and key management team
   - Company MOA and AOA (Updated)
   - List of promoters and updated share holding pattern of company (Renewed & notarized)
   - Reference letter (with name and contact details) from at least 2 Class "A" banks and/or 3 Class "B" Bank dated not more than 3 years old.
   - Self-declaration not being black listed or under any legal prosecution.
   - List of authorized dealers all over Nepal (if available)
3. Bid document submitted without documents mentioned in S.No. 2 will be rejected.
4. Quotations must be submitted in the format provided by the bank along with detailed product specification sheets, brochures, documentations, pictures etc.
5. The quoted price should be inclusive of VAT and must include the delivery period upon acceptance of the quotation by the bank.
6. The quoted price should have validity of six months.
7. The sealed quotation should be duly signed by authorized person of the firm/ company.
8. The sealed quotation should be submitted in a sealed envelope addressing Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's, Administration Department, Ghantaghar Building not later than **11:00 AM, 8th June, 2026 (i.e. 25th Jestha, 2083).**
9. Sealed quotation received after this deadline will not be accepted. The received Bids shall be opened on **4:00 PM, 8th June, 2026** at Nabil Bank Ltd, Ghantaghar Building, Kathmandu in presence/absence of the bidder's representatives. Non-attendance of any or all of the bidder's representatives shall not hinder opening of the bids.
10. In case the last day of submission of bid falls on government holiday, then submission can be done as on the next working day. Same is applied in case of bid opening.
11. The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsoever.

NABIL BANK
Administration Department Ghantaghar, Kathmandu Contact No: - 01-5971871

कोशी र मधेशका रास्वपा सांसदसँग सभापति लामिछानेको छलफल

संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन

कमलराज भट्ट/नयाँ पत्रिका



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले कोशी र मधेशबाट प्रतिनिधित्व गर्ने पार्टीका सांसदहरूसँग शुक्रबार छलफल गरेका छन्। सिंहदरबारस्थित रास्वपा संसदीय दलको कार्यालयमा भएको छलफलमा सभापति लामिछानेले संसदीय भूमिकामा प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिएका छन्।

सभापतिको सचिवालयका अनुसार २१ फागुनको निर्वाचनबाट निर्वाचित सांसदहरूसँग सभापति लामिछानेले कार्यव्यस्तताका कारण वान अन वान छलफल गर्न पाएका थिएनन्। आफ्नो पार्टीका सांसदहरूसँग वान अन वान छलफल गरेर उनीहरूको धारणा सुन्न सभापति लामिछानेले प्रदेशगत रूपमा छलफल थालेको सचिवालयले जनाएको छ।

शुक्रबार कोशी र मधेश प्रदेशका सांसदहरूले खुलेरै आफ्नो विषय राखेका छन्। सांसदहरूले आफ्नो क्षेत्र र प्रदेशका समस्या, संसद्को अनुभव, पार्टीसँग समन्वय र अपेक्षा राखेका थिए। सभापति लामिछानेले सांसदहरूका धारणालाई सम्बोधन गर्ने प्रयास गरेका थिए।

सुनसरीका सांसद अशोक चौधरीका अनुसार आफ्नो क्षेत्र र संसद्मा भूमिका कतिको प्रभावकारी छ भनेर ब्रिफिङ गरिएको थियो। उनले किसानलाई मलको मुद्दा राखेका थिए।

झापा २ की सांसद इन्दिरा रानाले सुकुमवासी समस्याले क्षेत्रमा पनि स्थानीय तहले आतंक सिर्जना गरेको भन्दै सभापतिलाई जानकारी गराएकी थिइन्। कोशी प्रदेशका महामन्त्रीसमेत रहेका सांसद लालविक्रम थापाका अनुसार पार्टी र संसद्लाई जोडेर जाने र पार्टी अधिवेशनहरूलाई अझै प्रभावकारी बनाउन भूमिका खेल्ने कुरा भएको छ। 'निर्वाचित भएर आएपछि सांसदहरूसँग प्रत्यक्ष वान अन वान कुरा गर्न सभापतिसँग समय थिएन। अहिले समय निकालेर आगामी दिनमा कसरी जाने भनेर खुलेरै छलफल भयो। महाधिवेशनलाई कसरी लिएर जाने, सदन, सरकार, सयवटा कामको प्रतिबद्धता, ती लक्ष्य हासिल गर्न परिश्रम कहाँ छ, अझ छिटो जनतालाई सेवाप्रवाह दिने कुरा कसरी सम्भव छ भन्ने कुराहरूमा बढी केन्द्रित भयो,' उनले भने।

छलफलमा सभापति लामिछानेले प्रधानमन्त्री बालेन्द्र शाहले सदनमा उचित समयमा जवाफ दिने जानकारी गराएका थिए। 'बजेटपछाडि कार्यसूचीमै राखिन्छ। नियम ५६ मै त्यो व्यवस्था छ। उचित समयमा राम्रो जवाफ दिनुहुन्छ। सबै माननीयको प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुहुन्छ,' उनले भने, 'सरकार र संसद्को समन्वय भई नै रहेको छ। कार्यपालिकाले आफ्नो काम गरेको छ। व्यवस्थापिकाको काम पनि भइरहेको छ। विपक्षीले विरोध गर्न प्रतिपक्षी धर्म निर्वाह गर्नु हो।'

सभापति लामिछानेले पार्टी, संसद् र मन्त्रालयको समन्वयका लागि महामन्त्री भूपदेव शाहको नेतृत्वमा समिति गठन गरेर समन्वय भइरहेको भन्दै फाइल बोकेर मन्त्रालय नधाउन र मन्त्रीलाई डिस्टर्ब नगर्न निर्देशन दिएका थिए। सभापति लामिछानेले सत्तापक्ष भनेको सरकारकै पक्ष भन्दै त्यहीअनुसार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए।

सभापति लामिछानेले सुकुमवासी समस्या फास्ट ट्र्याकमा सम्बोधन गर्न गृहकार्य भइरहेको र अब विस्थापन गर्ने कुनै नीति नरहेको स्पष्ट पारेका थिए। 'केन्द्रीय सरकारको कुनै नीति छैन। बागमतीआसपासको सुरक्षित स्थानान्तरण गरेको हो। तल कहीँ पनि छैन। उच्चस्तरीय आयोग गठन हुन्छ,' उनले भने।

मधेश प्रदेशसँगको छलफलमा सर्लाही १ बाट निर्वाचित नीतिमा भण्डारी (कार्की)ले समग्र मधेश प्रदेशको साझा मुद्दाको रूपमा रहेको सिँचाइ समस्या उठाएकी थिइन्। मधेशका सांसदले हुलाकी राजमार्ग, नारायणी प्रादेशिक अस्पताल, सुनकोशी कमला नदीको विषय उठाएका थिए।

सहकारीका...

पृष्ठ १ बाट क्रमशः

बचतकर्ताले फसेको रकम फिर्ता पाउने बाटो खुलेको छ। पीडितसँग मिलापत्र गरी बचत फिर्ता गर्ने कानुनी आधार बनेको छ।

न्यायाधीश हिमलाल बेल्वासेको इजलासले शुक्रबार सहकारी ठगीको मुद्दा यथावत् राखेर बाँकी दुई अभियोगपत्र संशोधन गर्न आदेश दिएको हो। अघिल्लो सरकारका पालामा तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारीले लामिछानेको निवेदनलाई आधार बनाएर गत ३० पुसमा सहकारी ठगीको कसुरसँगै लगाइएका संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा अभियोगपत्र संशोधन गर्न सरकारी वकिल कार्यालयलाई स्वीकृति दिएको थियो। सोहीअनुसार सरकारी वकिल कार्यालयले अदालतमा निवेदन दिएको थियो।

पाँच महिनापछि जिल्ला अदालतले आदेश गरेको हो। 'निवेदकको माग व्यहोरा मनासिब रहेको देखिँदा निवेदन मागबमोजिम प्रस्तुत निवेदनसँग सम्बन्धित उक्त मूल, थप र पूरक अभियोगपत्रहरूमा सहकारी ठगीको अभियोग दाबी कायम राखी अन्य संगठित अपराध र सम्पत्ति शुद्धीकरणसमेतको अभियोग दाबी कायम नरहने गरी संशोधन गरिदिएको छ,' आदेशमा भनिएको छ।

अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, ०७४ को दफा ३६ बमोजिम अभियोगपत्र संशोधनको निर्णय सदर गर्दै दिएको आदेशमा मुख्यः चारवटा आधार उल्लेख गरेको छ। पीडितहरूको बचत फिर्तालाई प्राथमिकतामा राखिएको, मिलापत्रको बाटो सहज बनाइएको, अभियोजनकर्ताको असल नियत देखिएको र न्यायको मूल मर्म सुरक्षित गरिएको अदालतले उल्लेख गरेको छ।

अदालतको आदेशले पीडित बचतकर्ताले आफ्नो बचत फिर्ता पाउने प्रक्रियालाई सहज बनाएको छ। यसअघि 'संगठित अपराध' र 'सम्पत्ति शुद्धीकरण'को मुद्दासँगै रहँदा बचतकर्ताले मुद्दाको अन्तिम टुंगो नलागेसम्म बचत फिर्ता पाउने सम्भावना थिएन। मुद्दा जिल्ला अदालत हुँदै सर्वोच्चबाट टुंगिँदा वर्षौं लाग्न सक्थ्यो।

तत्कालीन केपी ओली नेतृत्वको सरकारले 'संगठित अपराध' र 'सम्पत्ति शुद्धीकरण'को मुद्दा जारी रहँदा मिलापत्र गर्न नमिल्ने गरी अध्यादेश जारी गरेको थियो। कास्की अदालतको अहिलेको आदेशसँगै अब भने आरोपित र बचतकर्ताले मिलापत्र गर्न सक्नेछन्। अदालतका सूचना अधिकारी रामबहादुर किसानका अनुसार यो आदेशसँगै अब आरोपीले सहकारीपीडित बचतकर्तासँग मिलापत्र गर्ने र उनीहरूको पैसा फिर्ता गर्ने कानुनी बाटो खुला भएको छ।

आदेश गर्दा अदालतले मुख्य रूपमा पीडितको बचत फिर्ता गर्ने विषयलाई आधार बनाएको छ। पीडितहरूले आफ्नो डुबेको रकम मिलापत्र भएको हकमा छिट्टै पाउन सक्नेछन्। अदालतको आदेशले मेलमिलाप र क्षतिपूर्तिलाई प्राथमिकता दिएको देखिन्छ। आदेशमा भनिएको छ, 'प्रस्तुत मुद्दाको न्याय निरूपणको मूल विषयवस्तु पीडित जाहेरवालाहरूको बचत रकम सहज र शीघ्र फिर्ता दिलाउनु रहेको छ।'

अदालतले यदि संगठित अपराध र सम्पत्ति शुद्धीकरणजस्ता जटिल र दीर्घकालीन मुद्दाहरू पनि सँगै लैजाँदा कानुनी प्रक्रिया झन्झटिलो भई पीडितले आफ्नो पैसा फिर्ता पाउन वर्षौं लाग्न सक्ने स्वीकार गरेको देखिन्छ, जुन दलिल सरकारी पक्षले गरिरहेको थियो।

आदेशको आशय हेर्दा संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाहरूको कार्यविधि निकै जटिल र समय लिने खालको हुन्छ। यदि यी धाराहरू कायमै राखिएमा जाहेरवाला र प्रतिवादीबिच हुन सक्ने सम्भावित मिलापत्र वा बिगो भराउने प्रक्रियामा बाधा पुग्न सक्ने र यसले न्यायको मूल मर्मलाई नै पराजित गर्न सक्ने कुरालाई अदालतले विचार गरेको देखिन्छ।

आदेशमा उल्लेख भएअनुसार यसअघि नै प्रतिवादीमध्येका एक लामिछानेको हकमा यस्तै प्रकृतिको संशोधन भई मुद्दा अगाडि बढिसकेको थियो। अदालतले अन्य प्रतिवादी जितेन्द्रबाबु राई र छविलाल जोशीको हकमा पनि सोही प्रक्रिया अपनाउनु न्यायोचित हुने ठहर गरेको छ।

आदेशमा भनिएको छ, 'अघिल्लो निर्णयमा रवि लामिछानेको हकमा मात्र बोलिएकोमा अहिले सबै प्रतिवादीको हकमा त्रुटि सच्याई समान रूपमा अभियोग संशोधन गर्नुपर्ने हुन्छ।'

सरकारी वकिल कार्यालयले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोगपत्र संशोधनको निवेदन दिएको थियो। यो दफाले मुद्दाको सुनुवाइका क्रममा आवश्यक देखिएमा अभियोगपत्रमा रहेका दाबीहरू थपघट वा संशोधन गर्न अनुमति दिन्छ। अदालतले सरकारी पक्षको यो मागलाई कानुनसम्मत मानेको छ।

अभियोग लगाउने निकाय (सरकारी वकिल)ले नै अभियोग संशोधनको माग गरेको र यसमा कुनै 'दुराशय' नदेखिएको आदेशमा उल्लेख छ। जाहेरवाला र प्रतिवादीहरूबिच मिलापत्र हुने वा बिगो रकम फिर्ता हुने प्रक्रियालाई सहज बनाउन यो संशोधन आवश्यक रहेको अदालतको ठहर छ।

जिल्ला सरकारी वकिल कार्यालय, कास्कीका जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले अदालतको आदेशसँगै अभियोजन संशोधन भएर सहकारी ठगीको मात्र बाँकी रहेको बताइन्। 'यसअघि सहकारी ठगीलाई मुल मुद्दा बनाएर अन्य दुई (संगठित अपराध र सम्पत्ति शुद्धीकरण)को अभियोग जोडिएका वा थप भएका थिए। हाल त्यसलाई संशोधन गरी सहकारी ठगीको मात्र कायम राखेर जोडिएका अन्य दुई अभियोग संशोधन गरिएको हो,' उनले भनिन्, 'अदालतको आदेशसँगै अभियोजन संशोधन भएको छ। सहकारी ठगीको अभियोग कायमै छ।'

काफ्लेका अनुसार संगठित अपराध र सम्पत्ति शुद्धीकरण अभियोगका कारण आफूले तिर्नुपर्ने रकम तिर्नका लागि निवेदन दिएका प्रतिवादीहरूले रकम तिर्न पाएका थिएनन्। अब रकम तिर्न चाहनेका लागि बाटोसमेत खुलेको छ। 'अब फरार रहेका प्रतिवादी पनि आउने बाटो खुलेको छ,' उनले भनिन्, 'म मिलापत्र गर्छु, तिर्नुपर्ने रकम तिर्छु भन्नेहरूलाई समेत सहज भएको छ। अभियोग संशोधन गर्नुको मुख्य कारण मिलापत्र र रकम फिर्ताको वातावरण बनाउनु नै हो। अभियोजन संशोधन भएसँगै यी काम हुनेछन्। रकम तिर्न धेरै आरोपीले निवेदन पनि दिनुभएको छ।'

सूर्यदर्शन सहकारीपीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठले अभियोजन संशोधनसँगै मिलापत्रका लागि सहजीकरण हुने र बचत फिर्ता पाउनेमा आफूहरू आशावादी रहेको बताए। 'हाम्रो बचत चाँडै फिर्ता होस्। ऋण लगेका र बचत हिनामिना गर्नेले रकम बुझाइदिए हामीलाई यो मुद्दासुद्दा केही पनि चाहिँदैन,' उनले भने, 'हाल जे भनेर र जे उद्देश्यसहित अभियोग संशोधन गरिएको छ, जुन पहलकदमी भएको छ भोलि पनि यसैगरी समस्या समाधानका लागि सहयोग हुन्छ भन्नेमा विश्वस्त छौं।'

शुक्रबार अदालतमा भएको बहसका क्रममा सरकारका तर्फबाट उच्च सरकारी वकिल कार्यालय पोखराका सहन्यायाधिवक्ता रुद्रप्रसाद पन्थी र उपन्यायाधिवक्ता स्वतन्त्र न्यौपाने, जिल्ला सरकारी वकिल कार्यालय कास्कीका जिल्ला न्यायाधिवक्ता कमला काफ्ले तथा सहायक जिल्ला न्यायाधिवक्ताद्वय सुजता पौडेल र दीपक अर्यालले बहस गरेका थिए।

त्यस्तै, प्रतिवादीहरूका तर्फबाट वरिष्ठ अधिवक्ता रोहितराज बास्तोला, अधिवक्ताद्वय प्रीति पाण्डे र रमेश गिरीले कानुनी प्रतिरक्षा गरेका थिए।

तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारीले गत ३० पुसमा सहकारी ठगीबाहेक संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग संशोधनको निर्णय गरी जिल्ला सरकारी वकिल कार्यालय कास्कीलाई पत्राचार गरेकी थिइन्। २ माघमा निर्णय संशोधन गर्दै लामिछानेका साथै जिबी राई, छविलाल जोशीलगायत अन्य सबै आरोपीको हकमा पनि यो व्यवस्था कायम गरिएको थियो।

तर, महान्यायाधिवक्ताको उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएपछि कास्की जिल्ला अदालतले सर्वोच्चको आदेश नआएसम्म भन्दै यो प्रक्रियालाई रोकेर राखेको थियो। पछि उच्च अदालत पोखराले ३१ वैशाखमा सुनुवाइ नरोक्नू भनी बाटो खोलिदिएपछि त्यसको आठ दिनमै कास्की जिल्ला अदालतले यो महत्त्वपूर्ण आदेश जारी गरेको हो।

सूर्यदर्शनमा रविलाई मुद्दा चलाउँदा थपिएको थियो सम्पत्ति शुद्धीकरण

सूर्यदर्शन सहकारीको रकम अपचलन आरोपमा ०८० मा पहिलो मुद्दा चलाउँदा सहकारीका अध्यक्ष जिबी राईसहित १९ जना प्रतिवादी थिए। अभियोग सहकारी ठगीको मात्र थियो- संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरको थिएन।

तर, रास्वपा सभापति रवि लामिछानेलाई पक्राउ गरी अनुसन्धान थालिएपछि पूरक मुद्दा चलाउँदा भने मुद्दा चलाउँदा संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुर पनि कायम गरिएको थियो। ५ पुस ०८० मा जिबीसहितसहित १९ पदाधिकारी, कर्मचारीविरुद्ध एक अर्ब ११ करोड १९ लाख बिगो कायम गरी पूरक मुद्दा चलाउँदा संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐनअन्तर्गत कसर कायम गरिएको थियो।

त्यसको दुई दिनपछि ७ पुसमा ४४ विरुद्ध मुद्दा चलाउदा रास्वपा सभापति लामिछाने, पूर्वडिआइजी छविलाल जोशी र रामबहादुर खनाललाई सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर लगाइएको थियो।

तत्कालीन एमाले सांसद सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिले सहकारीबाट रविको खातामा पैसा नआएको प्रतिवेदन बुझाए पनि उनलाई ३ कात्तिक ०८० मा काठमाडौंबाट पक्राउ गरिएको थियो। रवि पछिल्लोपटक उच्च अदालत तुलसीपुर बुटवल इजलासको आदेशमा ३ पुस ०८२ मा थुनामुक्त भएका थिए। उनी थुनाबाहिर रही कास्की, काठमाडौं, चितवन र पर्सामा मुद्दा लडिरहेका छन्।

सहकारी तथा टेलिभिजनका मुख्य सञ्चालक रहेका जिबी भने फरार छन्। लामिछाने ०७९ मा आफ्नो सेयर फिर्ता दिएर सो टेलिभिजनबाट बाहिरिएका थिए।

विष्णु पौडेलसहित...

पृष्ठ १ बाट क्रमशः

'बादल'ले मात्र ओलीले राजीनामा दिनुपर्ने कुनै कारण नै नरहेको भन्दै नेतृत्वको प्रतिरक्षा गरेका थिए।

उपाध्यक्ष पौडेलसहित पृथ्वीसुब्बा गुरुङ, गोकर्ण विष्ट र रघुजी पन्तले अध्यक्ष केपी ओलीले नैतिक जिम्मेवारी वहन गर्दै नेतृत्व परिवर्तनका लागि मार्ग खुला गर्नुपर्ने धारणा राख्दै राजीनामाको माग गरेका छन्। उनीहरूले पार्टीलाई वर्तमान संकटबाट बाहिर निकाल्न व्यापक पुनर्गठन अपरिहार्य रहेको उल्लेख गर्दै आवश्यक परे आफूहरूसमेत जिम्मेवारी त्याग्न तयार रहेको संकेत दिएका छन्।

महासचिव शंकर पोखरेल पनि पुनर्गठनकै पक्षमा रहेका कारण ध्रुवीकरण अझ सघन रूपमा अघि बढ्ने बलियो सम्भावना देखिएको छ। शनिबार महासचिव पोखरेलसहित उपमहासचिव र सचिवहरूले धारणा राख्नेछन्। बैठकमा ११ एजेन्डा छन्।

उपाध्यक्षहरूले २१ फागुनको चुनावमा पार्टीले व्यहोरेको क्षतिको नैतिक जिम्मेवारी लिएर पार्टीलाई पुनर्गठनको दिशामा लैजान आफूहरू तयार रहेको घोषणासमेत गरेका छन्। राजीनामा माग्ने पौडेल ओलीको विश्वासपात्रमध्ये एक हुन्। अर्का उपाध्यक्ष गुरुङले पनि सातौं महाधिवेशनयता निरन्तर ओलीको निकटस्थ सारथि बनेर निरन्तर साथ दिँदै आएका थिए।

'परिस्थितिको मूल्यांकन गरेर आ-आफ्नो जिम्मेवारीको समीक्षा गरी पार्टी पुनर्गठनको ढोका खोल्ने काम अध्यक्षबाट सुरु गरौं। हामी पनि आ-आफ्नो जिम्मेवारीको समीक्षा गरी पुनर्गठनको ढोका खोल्न तयार छौं,' उपाध्यक्षहरूको भनाइको सार उद्धृत गर्दै एक पदाधिकारीले नयाँ पत्रिकासँग भने, 'पार्टीलाई पुनर्गठनको दिशामा लैजानुपर्ने भएकाले अहिले कार्यविभाजनको विषयमा छलफल गर्नुपर्ने र त्यतातिर विशेष जोड दिनुपर्ने खास अर्थ छैन।'

लगातार राजीनामाको प्रसंग आएपछि बैठकको बिचमै आक्रोशित देखिएका ओलीले राजीनामा नदिने अडान राखे। साथै पार्टीको नीति र नेतृत्वविरुद्ध बोलेर विपक्षीलाई बल पुर्‍याउनेहरूलाई कुनै पनि जिम्मेवारी नदिइने बताएर अघोषित रूपमा कारबाहीको कडा चेतावनी दिएका छन्।

राजीनामा र पुनर्गठनको विषयबाट उपाध्यक्षहरूलाई विषयान्तर गराउने प्रयास भएपछि उपाध्यक्ष गुरुङले पार्टीमा सबैको योगदान उत्तिकै महत्त्वपूर्ण रहेको र अहिलेसम्म अनेकन योगदान गरेरै पदाधिकारी तहसम्म आएकाले नधम्क्याउन भन्दै सजग गराएका थिए। गुरुङले जवाफ फर्काएपछि उनीहरूबिच केहीबेर नोकझोंक देखिने गरी सवाल-जवाफ नै चलेको एक नेताले बताए। 'तपाईंले कसलाई धम्क्याएको ? के एमाले तपाईंको मात्र पार्टी हो ? के गर्न सक्नुहुन्छ ल गरेर देखाउनुस्,' कडा स्वरमा चर्किएका गुरुङको जवाफ उद्धृत गर्दै एक पदाधिकारीले भने, 'आजको एमाले तपाईंको योगदानबाट, तपाईंले मात्र बनाएको पार्टी हो कि, हाम्रो पनि उस्तै भूमिका छ ?' गुरुङ प्रतिवादमा उत्रेपछि अरू नेताहरूको समेत आग्रहमा ओली केही मत्थर सुनिएका थिए।

त्यसअघि ओलीले 'पार्टीमा राम्रो र उपयुक्त जिम्मेवारी चाहिने भए पार्टी नीति, पार्टी हित र नेतृत्वको रक्षाका पक्षमा आवाज उठाउन र परिस्थितिको सही मूल्यांकन गरेर संकटबाट पार लगाउने भूमिका खेल्नुपर्ने' धारणा राखेका थिए। बैठकपछि उपमहासचिव लेखराज भट्टले पनि बैठकभित्र अध्यक्ष ओलीसँग उपाध्यक्षहरूको सवाल-जवाफ चलेको संकेत गरे।

'उपाध्यक्षहरूले लामो-लामो स्पष्टसँग विचार राख्नुभो, कतिपय सवालमा बिचबिचमा अध्यक्षले सपोर्ट गर्दै प्रस्ट्याउने काम पनि गर्नुभो,' भट्टले भने, 'सचिवालयमा छलफल यसरी लामो चलेको बैठकै पहिलोपटक होला। सबैले राम्रोसँग आफ्नो विचार प्रस्टसँग राख्नुभएको छ।'

बैठकमा ओलीले उपाध्यक्षहरूलाई विरोधीहरूसँग मिलेर पार्टीलाई संकटमा पार्न खोजेको आरोप लगाएका थिए। सचिव खगराज अधिकारीले सबै नेताहरू जिम्मेवार र अनुशासित ढंगले चल्नुपर्ने विचार अध्यक्षले राखेको जानकारी दिँदै सामूहिक विचार र सुझावका आधार पार्टीलाई बलियो र एकताबद्ध बनाएर लैजानुपर्ने आवश्यकता औँल्याएको बताए।

'सबैको रायअनुसार म अघि बढ्छु भन्ने अध्यक्षको मत छ। तर, सबै नेताहरू अनुशासित हुनुपर्छ,' ओलीको भनाइ उद्धृत गर्दै अधिकारीले भने, 'अहिले देशमा संकट छ। राष्ट्रियतामाथि र आन्दोलनमाथि नै ठुलो संकट पैदा भएको छ। यो वेला पार्टी वैचारिक र सांगठनिक रूपले अझ स्पष्ट र एकताबद्ध भएर अगाडि बढ्नुपर्छ।' पार्टीलाई कसरी अगाडि लैजाने विषयमा निर्क्योल भएपछि मात्र कसले कुन जिम्मेवारी लिने कार्यविभाजनको विषयमा प्रवेश भएर निर्णय लिइने अधिकारीले बताए। उपाध्यक्षहरूले पार्टीको समग्र विषय र निर्वाचनको समीक्षालाई दुई भागमा राखेर धारणा राखेको जानकारी दिँदै उपाध्यक्ष भट्टले शनिबार चल्ने बैठकमा बाँकी १२ नेताहरूले बोल्ने क्रम सुरु हुने बताए। उनले कार्यविभाजनका विषयमा सुझावलाई आधार मानेर केही संशोधन हुन सक्ने पनि बताए।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ९ जेठ ०८३
nayapatrikaofficial @nayapatrika

नेपाल भित्रिएका परदेशी वनस्पति

राणाकालदेखि नेपाल भित्रिन थालेका वनस्पतिले गाउँ-सहर ढाक्दै गए, तर नेपालकै मौलिक वनस्पति भने हराउन थाले


वनस्पति



● प्राडा केशव श्रेष्ठ, वनस्पतिविद्

प्राडा केशव श्रेष्ठले वनस्पतिबारे करिब चार दशकदेखि अध्ययन, अनुसन्धान गर्दै आएका छन् । सन् १९९३ मा जापानको क्योटो युनिभर्सिटीबाट माइक्रोबायोलोजीमा विद्यावारिधि गरेका उनले 'प्राकृतिक विज्ञान संग्रहालय'मा लामो समय प्रमुखको रूपमा काम गरे । हाल उनी मौलिक वनस्पति प्रवर्द्धन अभियानमा पनि सक्रिय छन् । विभिन्न समयमा नेपाल भित्रिएका परदेशी वनस्पतिबारे ***शान्ति तामाङ****ले श्रेष्ठसँग कुराकानी गरेकी छिन् :*





राणा शासनका वेला राणाहरू विभिन्न सन्दर्भमा विदेश जान थाले । त्यतिवेला उनीहरूले त्यहाँका महलमा फूलैफूलको बर्गैंचा देखे । उनीहरू ती बर्गैंचाबाट प्रभावित भए । त्यस्तै, बर्गैंचा आफ्नो महलमा पनि बनाउने इच्छा देखाए । सोहीअनुसार त्यहाँका बर्गैंचामा भएका केही बिरुवा नेपाल ल्याए । उनीहरूले आफ्नो बर्गैंचामा रोप्न धुपि, सल्ला, रुख कमल प्रजातिका बिरुवा ल्याए । त्यति नै वेला उनीहरूसँग ज्याकारान्डा पनि भित्रिए । राम्रो रेखदेखका कारण ती वनस्पति राम्रोसँग फैलियो ।

नेपालमा एक सय ५० वर्षअघि केही विदेशी बिरुवाहरूको प्रवेश भयो । त्यसपछिको समयमा मसलाका बिरुवाहरू धेरै भित्रिए । नारायणहिटी, सिंहदरबार, लाजिम्पाट क्षेत्रमा मसलाका बिरुवा रोपेर हरियाली बनाउने काम भयो । विदेशबाट प्रभावित भएर शासकहरूले त्यहाँको जस्तो महल बनाए । त्यहाँको जस्तो गरगहना, कपडा लगाए । त्यस्तै, जीवनशैली अपनाउने प्रयास गरे । अनि त्यस्तै बर्गैंचा र बिरुवा रोपे । प्रसिद्ध साहित्यकार पारिजातले लेखेको शिरीषको फूल (ब्लु मिमोसा) उपन्यासमा उल्लेख गरिएको शिरीषको फूल राणाको बर्गैंचामै देखेकी थिइन् । त्यो शिरीषको फूल नेपालमा पाइने शिरीषको फूलको प्रजाति होइन ।

शाहकालमा पनि विदेशकै नक्कल गर्ने काम धेरै भयो । यो समयमा सल्ला प्रजातिका धेरै बिरुवा रोप्ने काम भयो । सल्ला नेपालकै मौलिक बिरुवा हो । सल्लाको उत्पति क्षेत्र सुदूरपश्चिम अर्थात् जहाँ कम पानी पर्छ, ती ठाउँमा सप्रिन्छ । त्यसले पानी धेरै सोस्ने, अरू बिरुवालाई फैलिन नदिने प्रवृत्ति हुन्छ ।

पञ्चायतकालमा नेपालभर नै सल्ला रोप्ने अभियान चल्यो । चाँडो उम्रिने, त्यसको बिउ पनि छिट्टै निस्कने र छिट्टै नतिजा आउने भएकाले सल्ला रोप्ने अभियान नै चल्यो । त्यतिवेला स्विट्जरल्यान्ड, अस्ट्रेलिया, न्युजिल्यान्ड, फिनल्यान्डबाट आयोजना गरिएको परियोजनामार्फत सल्ला रोप्ने काम भयो । नेपालमा हरियाली फैलाउन प्रोत्साहन गऱ्यो । आफ्नै देशको धुपि प्रजातिका समेत धेरै बिरुवा ल्याएर नेपालको डाँडापाखामा रोपिदिए । त्यही वेला स्वयम्भूको जंगलमा पनि काँडेसल्ला, मसला, कल्कीजस्ता धेरै विदेशी बिरुवा रोपिए । यसमा नेपाली वनविज्ञहरूले नेपालकै राम्रा बिरुवा संकलन गरेर रोप्नुपर्छ भन्ने अभियान चलाएका थिए । तर, उनीहरूले सुनेनन् ।

पाँच वर्षअघि काठमाडौं महानगरपालिका-७ स्थित धोबीखोला किनारमा काठमाडौं उपत्यका विकास प्राधिकरणअन्तर्गत सञ्चालित 'इकोसिस्टम बेस्ट एडाप्टेसन' परियोजनाले चार लाख रुपैयाँ खर्च गरेर १ सय २० वटा बिरुवा रोप्यो । आयातीत 'टोकोमा' प्रजातिका वर्षभरि हरियो हुने र आठ महिनासम्म फुल्ने भएकाले टोकोमा प्रजातिको बिरुवा रोपियो । परियोजना सञ्चालनका लागि राष्ट्रसंघीय वातावरण कार्यक्रम (युएनइपी), एलडिसी र ग्लोबल इन्भाइरोन्मेन्ट फेसिलिटी (जिइएफ)ले ६२ लाख डलर अर्थात् करिब ७० करोड रुपैयाँ दियो ।

अहिले चक्रपथ निर्माण भइसकेका ठाउँमा पनि धेरै आयातित बिरुवा रोपिएका छन् । चक्रपथमा रातो शिरीषको फूलजस्तो क्यालेन्ड्रा बिरुवा देखिन्छ । यो हेर्दा आकर्षक छ । यो बिरुवा हडकड, न्युजिल्यान्डतिर प्रशस्त पाइन्छ । त्यो त्यहाँको मौलिक बिरुवा हो । पाटन, किर्तिपुरजस्ता सहरमा जानुभयो भने यो बिरुवा लस्करै रोपिएका छन् । यसलाई मानिसहरूले शिरीषको फूल भनिरहेका छन् ।

साकुरा नेपाल हुँदै जापान

नेपालमा ज्याकारान्डाको लोकप्रियता बढ्यो । अरू देशमा जाँदा यो बिरुवा देख्नुहुन्न । उनीहरूको देशमा आफ्नै मौलिक बिरुवा देख्नुहुन्छ । जस्तै- जापानमा उनीहरूको मौलिक बिरुवा साकुरा नै धेरै देखिन्छ । साकुराका बारेमा एकजना जापानिज वैज्ञानिकले नेपालमै आएर लामो अनुसन्धान गरेका थिए । उनको अध्ययनअनुसार नेपालको पैयुँ नै जापानमा गएर साकुरा भएको थियो ।

विकासको क्रमसँगै साकुरा नेपाल, म्यानमार, थाइल्यान्ड हुँदै जापान पुगेको थियो । उनीहरूले यो फूललाई संसारभर फैलाएका छन् । जहाँ-जहाँ जापानको विदेश सम्बन्ध बढ्न थाल्यो, जहाँ-जहाँ जापानी गए, उनीहरूले साकुराको बर्गैंचा बनाए । त्यही साकुराको उत्पत्ति नेपालमा भएको भन्नेबारे आजसम्म कसैलाई जानकारी नै छैन । यो विषयमा ती वैज्ञानिकले करिब चार-पाँच वर्षअघि नेपाली साकुरा जापानी साकुरा भनेर पुस्तक नै लेखेका छन् ।

तत्कालीन राजा वीरेन्द्र जापान पढेर फर्किँदा त्यहाँका प्रोफेसरले उपहारस्वरूप साकुरा दिए । त्यही साकुरा वीरेन्द्रले नारायणहिटी दरबारभित्र रोपेका थिए । उनले नेपालबाट उपहारस्वरूप पैयुँ पठाएका थिए । त्यो हिमालयन साकुराको नाम दिइएको पैयुँको जापानको सिजुओका भन्ने ठाउँनजिकै एउटा बर्गैंचा नै बनेको छ । हामीले आफ्नै वनस्पतिलाई अवहेलना गऱ्यौं । फैलाउन सकेनौं । तर, जापानले त्यही साकुरालाई आफ्नो राष्ट्रिय फूल बनाएको छ । जापानमा मात्र होइन, संसारभर नै साकुराको निकै महत्त्व छ । साकुरा फुल्ने समयमा एक महिना जापानमा सार्वजनिक बिदा नै हुन्छ । यसलाई साकुरा हेर्ने उत्सव अर्थात् 'हानामी फेस्टिबल' नै भनिन्छ ।

> साकुरा फूल नेपाल, म्यानमार, थाइल्यान्ड हुँदै जापान पुगेको थियो । उनीहरूले यो फूललाई संसारभर फैलाए । जहाँ-जहाँ जापानको विदेश सम्बन्ध बढ्न थाल्यो, जहाँ-जहाँ जापानी गए, उनीहरूले साकुराको बर्गैंचा बनाए । त्यही साकुराको उत्पत्ति नेपालमा भएको भन्नेबारे आजसम्म कसैलाई जानकारी नै छैन ।

जापानिजहरूले साकुरासँग आफ्नो जीवन तुलना गर्छन् । विदेशमा साकुरा फुलेको ठाउँ देखेमा हेलिकोप्टर चार्टर गरेरै हेर्न जान्छन् । अमेरिकाको वासिङटन डिसी, क्यानडाको भ्यानकुभर, बेलायतमा साकुराको बर्गैंचा हेर्न गएको धेरै उदाहरण छन् । यो उनीहरूको प्रकृतिप्रतिको समर्पण हो । हाम्रो देशमा पैयुँ हिउँदमा फुल्छ । नेपालमा फुलेर सकिन लाग्दा जापानमा साकुरा फुल्ने वेला हुन्छ । जापानको ओकिनवा र होकाइदोबाट फुल्दै उत्तरतिर जान्छ ।

हामीले आफ्नै देशमा पैयुँलाई विशाल रूपमा फैलाएनौं । पैयुँलाई माया गर्न सकेनौं । त्यस्तो फूललाई माया गर्ने बानी नै बसेन । विदेशी ज्याकारान्डा भन्नेबित्तिकै ओहो ! गर्छौं । काठमाडौंलाई सुन्दर बनायो भनेर प्रचार-प्रसार गरिरहेको छौं । हाम्रै नेपाली बिरुवालाई प्रशंसा गर्ने माहोलचाहिँ बनाउन सकेनौं ।

मौलिक बिरुवा रोपौं

नेपाली बिरुवासँग हाम्रो संस्कृति जोडिएको छ । हाम्रै वातावरणमा हुर्केको छ । जैविक विविधतासँग आत्मसात् गरेको छ । यी जडीबुटीयुक्त वनस्पति पनि हुन् । जस्तै- ज्याकारान्डाको औषधीय गुणका बारेमा केही जानकारी छैन । ज्याकारान्डा फुलुन्जेल मात्र हो, त्यसपछि यसको कुनै आकर्षण छैन ।

पैयुँ हाम्रो जडीबुटीयुक्त वनस्पति हो । पैयुँ पूजा वा होम गर्दा, घर बनाउँदा पैयुँको काठ नभई हुँदैन । किनभने, त्यो काठले शुद्ध हावा भित्र्याउन भूमिका खेलेको हुन्छ । जुन वैदिककालदेखि नै प्रचलनमा आएको हो । यसको वैदिक नाम पद्मकष्ट हो । मल्लकालतिर कीर्तिपुरको नाम पद्मकष्टपुर थियो । त्यसैले कीर्तिपुरबाटै यो बिरुवाको उत्पत्ति भएको देखिन्छ । पैयुँको बोट अहिले कीर्तिपुरमा खासै देखिँदैन । त्यो ठाउँलाई फेरि पुनर्जागरण गर्नका लागि हामी प्रयास गरिरहेका छौं । यसलाई पर्यटन, संस्कृतिसँग पनि जोडेर हेर्न सकिन्छ । पद्मकष्टपुर अर्थात् कीर्तिपुरको र जापानको साकुरा एउटै प्रजातिका हुन् ।

पर्यटकलाई कीर्तिपुरमा पैयुँ अर्थात् पद्मकष्टको उद्यान हेर्न जाऔं भन्ने अभियान चलाउनुपर्छ ।

लप्सीको वैदिक नाम स्लेष्मान्तक हो । स्वस्थानीको कथामा पशुपतिको स्लेष्मान्तक वन भनेर उल्लेख छ । त्यो स्लेष्मान्तक भनेको लप्सी हो । अहिले पनि त्यहाँ लप्सीको केही रुख छन् । मैले त्यो वनको तीन दशकदेखि अनुसन्धान गरिरहेको छु । ती वनका रुख एकदमै पुराना, मान्छे नै बस्न मिल्ने खालको ओडार भइसकेको छ । मैले त्यहाँ कुनै बिरुवा छ, छैन भनेर खोजें । केही बिरुवा पाएँ पनि । त्यो बिरुवा स्वयम्भूमा मात्र रोप्नका लागि बनाएको नर्सरीमा राखेको छु । त्यहाँ मैले जति पनि मौलिक बिरुवा पाएको छु । त्यो ल्याएर राख्ने काम गरेको छु । स्वयम्भूलाई प्राकृतिक वन, बर्गैंचाको रूपमा विस्तार गर्ने योजना छ । बाटोको वरपर, खुला ठाउँ, मानिसहरूको आवातजावत गर्ने ठाउँ, सार्वजनिकस्थल बर्गैंचाको रूपमा रूपान्तरण गर्ने योजना छ । जसले यहाँको वातावरण राम्रो होस्, पर्यटक आकर्षित होस् । फुलैफूलको वातावरण होस् ।

किन मौलिक बिरुवा ?

विदेशी बिरुवा सौन्दर्यताका लागि राम्रो छ । नेपालको बिरुवा सौन्दर्यतामा राम्रो छ । सांस्कृतिक महत्त्व छ । आयुर्वेदिक महत्त्व छ । विविध तरिकाको प्रयोग छ । त्यसैले हाम्रो नेपाली बिरुवा नै धेरै रोप्नुपर्छ । विदेशी बिरुवा रोप्दै नरोप्ने होइन, तर नेपाली बिरुवाको पहिचान गरेर जैविक विविधता संरक्षण गऱ्यो भने नेपाली बिरुवा पनि संसारमा फैलाउन सकिन्छ ।

नेपालमा विभिन्न प्रकारका शिरीष फूल्छन् । पलास, लालीगुराँसजस्ता फूल फुल्छन् । संसारभर नेपालको गुराँस प्रख्यात छ । लालीगुँरास आफ्नै तरिकाले उम्रेका हुन्छन् । त्यसलाई हेर्न हिमाल, पहाड नै जानुपर्छ । हामीले कुनै बर्गैंचा वा केही बनाएका छैनौं । धेरैलाई काठमाडौंमा गुराँस हुँदैन भन्ने लाग्छ । कुनै वेला केशरमहलको स्वप्न बर्गैंचामा केशरशमशेर राणाले लालीगुराँस रोपेका थिए । त्यहाँ अहिले पनि लालीगुँरास फुल्छ । मैले ठमेलमा पनि गुराँस, साकुरा र पैयुँ रोपेको थिएँ । साकुरा र पैयुँ सप्रेको छ । गुराँसचाहिँ उखेलेर फालिदिएँ । जापानिज युनिभर्सिटी अल्मुनाई एसोसिएसनले गत वर्ष वातावरण दिवसको अवसरमा आठ लालीगुँरास, केही साकुरा, पैयुँ रोप्यौं । गुराँसचाहिँ सरसफाइकर्मीले नचिनेर उखेलेर फालिदिएछन् ।

वन, वनस्पति हाम्रो वातावरणका लागि फाइदाजनक हुन्छ । वातावरणीय सन्तुलन कायम राख्ने, विश्व तापक्रम न्यूनीकरण, कार्बन सञ्चित गर्ने, प्रदूषण कम गर्ने, हरियाली कामय राख्ने काम गर्छ । जुनसुकै बिरुवाले यी कुरामा फाइदा गर्छ । तर, हामी हाम्रो मौलिक बिरुवाप्रति धेरै उत्साहित हुनुपर्छ । तब मात्र हामी हौं भन्ने गौरव बन्छ । ज्याकारान्डा भनेर गौरव गर्नुभन्दा पैयुँ भनेर गौरव गरेको भए कति राम्रो हुन्थ्यो ।

काठमाडौंमा सिमलको फूल फुल्छ । त्यो मधेशको बिरुवा हो । राणाकालमै सिमलको बिरुवा पनि काठमाडौंमा धेरै रोपेका रहेछन् । स्वयम्भूको डाँडामा पनि सिमल रोपेको रहेछ । ५० वर्षअघिसम्म किमडोल भन्ने डाँडामा सिमलको रुख थियो । त्यो पछि बुढो भएर सकियो । चोभारमा अझै चार-पाँचवटा सिमलको बोट देख्न सक्छौं । सिमलको बोटमा सबैभन्दा धेरै चराहरूको बासस्थान हुन्छ । त्यसले वातावरणलाई धेरै फाइदा पुऱ्याउँछ । रातै भएर फूल फुल्छ । कीर्तिपुरको चम्पादेवी, भण्डारखाल बर्गैंचामा पनि सिमलको बिरुवा पाइन्छ । यसले काठमाडौंको जाडो ठाउँमा पनि मधेशको बिरुवा सप्रिएको देखियो । त्यही बिरुवा फैलाएको भए सबै हिसाबले राम्रो हुन्थ्यो ।

मौलिक बिरुवाप्रति हाम्रो लगाव छैन । महेन्द्र राजमार्ग, पृथ्वी राजमार्ग, अरनिको राजमार्गमा हाम्रो मौलिक बिरुवा मात्र रोपिदिएको भए धेरै राम्रो हुन्थ्यो । पलाँस, निम, बेल, अमलाको लहरा, मौलिक बिरुवा कति छन्, कति । कटुस, किम्बु, काफलको बोट पनि हाम्रै मौलिक बिरुवा हुन् । ती बिरुवा रोपिएका भए फूल फुलेको देख्न सकिन्थ्यो । स्वच्छ हावा पाइन्थ्यो । भोक लाग्दा खान पनि सकिन्थ्यो । तर, ज्ञान नभएकाले हामी त्यही विदेशी फूलसँगै रमाइरहेका छौं । हाम्रो आफ्नोपन के हो ?, आफ्नो बिरुवा के हो ? चिन्न छोडेका छौं । किनभने हामीले हाम्रा बिरुवा देख्नै पाएका छैनौं । नर्सरीमा एकताका विदेशी फुल खुबै रोपियो । विदेशी प्रोजेक्ट आयो । उनीहरूलाई आफ्नै देशको बिरुवा रोप्न सजिलो भयो । हिमाल, पहाड, मधेश, मध्यपहाडी भेगमा पाइने बिरुवाहरूको संकलन गर्ने काम भएन । यदि नेपालकै बिरुवा रोप्नुपर्छ भन्ने भएको भए नेपालकै जैविक विविधता संरक्षण गर्नुपर्छ । हाम्रै वनस्पतिलाई धेरैभन्दा धेरै प्रचार गर्नुपर्छ । सहरीकरण, सहरी विकास, सहरी वनको अवधारणा भएको भए यी काम हुन्थे । तर, त्यो हुन सकेन । सबै मसला, काइँयो, ज्याकारान्डा, कल्ली, लहरे पिपललगायत बिरुवा रोप्यौं । ती बिरुवा सर्ने ग्यारेन्टी भयो । चार-पाँच वर्षमै वनमा रूपान्तरण भयो । नतिजा देखियो, तर हाम्रो वन, वनस्पति र मौलिकपन हराएर गयो । यसलाई संरक्षण गर्ने हाम्रो कुनै सरकारी नीति बनेन । बरु जंगलै फाँडेर विदेशी बिरुवा रोपियो ।

■ स्वयम्भू क्षेत्रमा विदेशी बिरुवा बन्देज

स्वयम्भू विश्व सम्पदामा सूचीकृत भएकाले आफ्नै मौलिक संरचना, मौलिक वन, वनस्पति छ भन्ने देखाउन मैले धेरै काम गरें । यहाँ विदेशी बिरुवा रोप्न दिनुहुँदैन भनेर मैले प्रयास गर्दै आइरहेको छु । वनस्पति पुरानो हुँदै जान्छ । कोही ढल्दै जान्छ । ती बिरुवाको पुनरुत्पादन छिटो भइहाल्दैन । विदेशी बिरुवा नर्सरीमा उमारेर मात्र रोप्नुपर्छ । आफैं उम्रने कमै हुन्छ । आफैं सर्ने बिरुवा कमै छन् । स्वयम्भूमा भेटिएका वनस्पतिबारे ब्रिटिस वैज्ञानिकले सन् १८१२ मै अध्ययन गरेका थिए । ती वैज्ञानिकले स्वयम्भूमा ५४ प्रकारका मौलिक बिरुवा खोजेर नाम दिएका थिए । उनीहरूले त्यहाँ चिलाउने, चाँप, काउलो, पुँयालोलगायत बिरुवा भेटेका थिए । एकै ठाउँमा २७ प्रकारका बिरुवा संसारका लागि नयाँ हो । त्यो नेपालको पहिलो वैज्ञानिक किताब पनि हो । यसले स्वयम्भूको मौलिक बिरुवा के हो भन्ने बुझ्न सजिलो भयो । त्यो बिरुवा संरक्षण गर्नुपर्छ भन्ने अभियान चलाउनका लागि कोसिस गरिरहेका छौं । नेपालभरकै मौलिक बिरुवा संरक्षण गर्नुपर्छ भनेर लागिपरेका छौं । हामीले हाम्रो मौलिक बिरुवा रोप्नुपर्छ । एउटा लिस्ट नै बनाएको छु । मौलिक बिरुवा मात्रै रोप्नुपर्छ भनेर जहाँ जाँदा पनि भन्ने गरेको छु । यी विषयमा पुस्तक पनि लेखेको छु । दुई वर्षअघि स्वयम्भूमा त्यहीअनुसार वृक्षरोपण पनि गऱ्यौं । स्वयम्भूमा वृक्षरोपण गर्ने क्रममा चिलाउने, मयल, काउलो, जामुन, काफल, रिट्ठा, जुरे मयल, डाँडेकाँडा, फिरफिरे, कनिके, जमाने मान्द्रो, सिप्लीगान, नेरवार, वाकलपाते, कालीकाठ, बेल, फलाट, पाप्री, फलेदो, सुगा फूल, टिमुर, अमला, पैयुँ, सिल्टिमुर, सिलिंगे, कोइरालो, कटुस, सेतीकाठ, कुटमिरो, सिन्दुरे, भिमल, उत्तिस, भ्राक्रीकाठ, चलुत्रो, रुद्राक्ष, राजवृक्षलगायत ४८ प्रकारका बिरुवा रोपिएका छन् । विदेशी बिरुवा रोप्ने काम पूर्ण रूपमा बन्देज गरेका छौं ।



च्याफ्टिङ साहसिक उपचार

पर्यटन



● अच्युत गौतम, च्याफ्टिङ गाइड

नदीले मलाई धैर्यता, साहस, अनुशासन र जीवनको मूल्य सिकायो । यही यात्रामा मैले धेरै मानिसको ज्यान जोगाउने अवसर पनि पाएँ । मेरो अधिकांश समय नदीमै बितेको छ, त्यसैले पानीसँगको मेरो सम्बन्ध केवल पेसा होइन, जीवनको हिस्सा पनि बनेको छ ।

३५ वर्षदेखि च्याफ्टिङ गाइडका रूपमा काम गर्दै आएको छु । मेरो आधा जीवन नदीमै बितेको छ । पानीसँग खेल्दै, तैरिँदै, पल्टिँदै र संघर्ष गर्दै मैले जीवन बाँचें, बचाएँ । नदीले मलाई धेरै कुरा सिकायो- धैर्यता, साहस, अनुशासन र जीवनको मूल्य । यही यात्रामा मैले धेरै मानिसको ज्यान जोगाउने अवसर पनि पाएँ । मेरो अधिकांश समय नदीमै बितेको छ, त्यसैले पानीसँग मेरो सम्बन्ध केवल पेसा होइन, जीवनको हिस्सा पनि बनेको छ ।

पानीमा खेल्नुको आनन्द नै फरक हुन्छ । नदीको बहावसँगै बग्दै जाँदा मन हलुका हुन्छ, तनाव हराउँछ । त्यसैले मेरा लागि च्याफ्टिङ केवल मनोरञ्जन मात्र होइन, एउटा 'साहसिक उपचार' पनि हो । दैनिक कामको थकान बोकेर आउने मानिस नदीमा पुगेपछि सबै तनाव बिर्सन्छन् । च्याफ्टिङ मेरा लागि मेडिटेसनजस्तै हो, जहाँ मानिस प्रकृतिसँग घुलमिल भएर स्वतन्त्र महसुस गर्छन् ।

विदेशी पर्यटक नेपालका नदीमा च्याफ्टिङ गर्नकै लागि पनि आउँछन् । नदीआसपासको प्राकृतिक सौन्दर्य, स्थानीय जनजीवन र हिमाली वातावरणले उनीहरूलाई लोभ्याउँछ । पछिल्लो समय नेपाली युवायुवतीमा पनि च्याफ्टिङप्रतिको आकर्षण बढ्दो छ । साथीभाइसँग रमाइलो गर्न, बिदाको समय सदुपयोग गर्न र नयाँ अनुभव लिन धेरै मानिसले च्याफ्टिङ रोज्ने गरेको पाइन्छ । त्रिशूली र भोटेकोशीका क्याम्प आन्तरिक पर्यटकले भरिभराउ हुन्छन् । एकै दिनमा तीन-चार सयसम्म पर्यटक क्याम्पमा पुग्ने गरेको पाइन्छ ।

नेपालमा च्याफ्टिङका लागि धेरै उत्कृष्ट नदी छन् । एकदिने च्याफ्टिङका लागि त्रिशूली र भोटेकोशी लोकप्रिय छन् । त्यस्तै लामो यात्राका लागि कर्णाली र तमोर नदी प्रसिद्ध छन् । कर्णालीमा १० दिनसम्मको च्याफ्टिङ गरिन्छ, जुन दैलेखबाट सुरु भएर बर्दियाको चिसापानीसम्म पुग्छ । यात्राका क्रममा क्याम्पिङ गरिन्छ । खानाका सम्पूर्ण सामग्री बोकेर नदीमा यात्रा गरिन्छ ।

तमोर नदीको च्याफ्टिङ अझ चुनौतीपूर्ण र साहसिक मानिन्छ । काठमाडौंबाट विराटनगर हुँदै वसन्तपुर पुगेर सात दिनसम्म हाइकिङ र ट्रेकिङ गरिन्छ । त्यसपछि दोभानबाट नदी यात्रा सुरु भएर धरान-चतारासम्म पुगिन्छ । तमोर आफैंमा जोखिमपूर्ण नदी हो, त्यसैले यहाँ अत्यन्त सचेत भएर काम गर्नुपर्छ । यो टिमवर्क अनुभव र सतर्कताका साथ जोखिम कम गर्दै यात्रा गरिन्छ । दिनमा १५ देखि १८ किलोमिटरसम्म नदीमा बगिँदै यात्रा गरिन्छ । साहसिक खेलका लागि तमोर नेपालकै उत्कृष्ट नदीमध्ये एक मानिन्छ ।

मनसुनको समयमा नदीको बहाव झन् तीव्र हुन्छ । हिमनदी र वर्षाको पानी मिसिएर नदीको सतह अचानक बढ्न सक्छ । पानी परेपछि खोलामा आउने बाढी र तीव्र बहावले चुनौती थपिन्छ । यस्तो अवस्थामा च्याफ्टिङ गर्दा पल्टिने, बग्ने वा तैरिनुपर्ने परिस्थिति आउन सक्छ । त्यसैले, विशेष सावधानी अपनाएर मात्रै च्याफ्टिङ गरिन्छ ।

■ च्याफ्टिङअघि ध्यान दिनुपर्ने कुरा

च्याफ्टिङ रोमाञ्चक खेल भए पनि यो उच्च जोखिमयुक्त गतिविधि हो । त्यसैले, सुरक्षा सबैभन्दा महत्त्वपूर्ण विषय हो । सबैभन्दा पहिले, अनुभवी र तालिम प्राप्त गाइड छनोट गर्नु आवश्यक हुन्छ । गाइडसँग कति अनुभव छ, नदीबारे उसको ज्ञान कस्तो छ भन्ने बुझ्नुपर्छ । नदीको बहाव हरेक घण्टा फरक हुन सक्छ, त्यसैले गाइडको निर्देशन पालना गर्नु अनिवार्य हुन्छ । सुरक्षा सामग्रीको गुणस्तरमा कुनै सम्झौता गर्नुहुँदैन । हेल्मेट, लाइफ ज्याकेट, डोरी र बोट सबै सुरक्षित र मापदण्डअनुसारका हुनुपर्छ । बजारमा धेरै सस्ता प्याकेज पनि पाइन्छन्, तर अत्यधिक सस्तो सेवामा सुरक्षा र गुणस्तर कमजोर हुन सक्ने भएकाले सचेत रहनुपर्छ ।

च्याफ्टिङ सुरु गर्नुअघि गाइडले करिब आधा घण्टा सेफ्टी ब्रिफिङ गराउँछन् । नदीमा बग्दा खुट्टा कसरी राख्ने, टाउको कसरी जोगाउने, डोरी कसरी समाल्ने र आपत्कालीन अवस्थामा के गर्ने भन्ने सबै जानकारी ध्यानपूर्वक सुन्नुपर्छ । यो खेल टिमवर्कमा आधारित हुन्छ, त्यसैले सबैले एक-अर्कालाई सहयोग गर्नपर्छ । च्याफ्टिङमा आत्मविश्वास आवश्यक हुन्छ, तर अत्यधिक आत्मविश्वास पनि खतरनाक हुन सक्छ । नदीलाई कहिल्यै हल्का रूपमा लिनुहुँदैन । विशेषगरी मनसुनमा नदीको स्वभाव बदलिन सक्छ ।

वर्षाको समयमा स्वाभाविक रूपमा नदी ठुलो हुन्छ । यस्तो वेला धेरै गाइड खटिएका हुन्छन् । च्याफ्टिङ जानुअघि आधारभूत जानकारी लिन बिर्सनुहुँदैन । रिभर गाइडले दिने ब्रिफिङ ध्यानपूर्वक सुनेर हुबहु पालना गर्नैपर्छ । नदीमाथि आफू पनि जिम्मेवार बन्नैपर्छ । आपत् परेका वेला एक-अर्काको सहयोगी बन्नुपर्छ । मौसमबारे पूर्वजानकारी राखेर च्याफ्टिङ जाने मिति तय गर्नु राम्रो हुन्छ ।

चरित्र अनुभूति



● स्वस्तिमा खड्का



लालीबजार

पात्रसँग यात्रा

मैले निभाएका हरेक चरित्रले मलाई केही न केही सिकाएरै गएका छन्

जीवनमा हरेक पात्रले केही न केही छाप छाडेर जान्छन् । हरेक सिनेमाको पात्र आफ्नै हिसाबले विशेष हुन्छन्, किनकि प्रत्येकले कलाकारका रूपमा मात्र होइन, व्यक्तिगत रूपमा पनि केही सिकाइ, केही अनुभूति दिएर जान्छन् । मैले निभाएका चरित्रले मलाई सधैं केही न केही दिएर गएका छन् । ती अनुभव कहिले साना त कहिले गहिरा हुन्छन्, तर प्रत्येकले आफ्नो ठाउँमा अर्थ राख्छन् । जब दर्शकले ती कामलाई राम्रो लागेर प्रशंसा गर्नुहुन्छ, त्यसले ती पात्रलाई अझ विशेष बनाइदिन्छ । कलाकारका लागि त्यो सबैभन्दा ठुलो उपलब्धि हो । हरेक पात्रलाई उत्तिकै आनन्द लिएर बाँच्ने प्रयास गर्छु । जब दर्शकको माया थपिन्छ, ती पात्र अझ प्रिय बन्न पुग्छन् ।

मैले 'बुलबुल' अघि 'होस्टल रिटर्न्स', 'छक्का पञ्जा', 'नाइँ नभन्नु ल' जस्ता सिनेमामा अभिनय गरेँ । हामीले यस्ता चलचित्रलाई कर्मशील भन्न सक्छौं, म पनि त्यस्तै शैलीका चलचित्रमा काम गर्दै आएको थिएँ । हाम्रोमा कुनै कलाकारले एउटा क्यारेक्टर राम्रो गऱ्यो, त्यो 'क्यारेक्टर'लाई दर्शकले मन पराए भने निर्देशकले कलाकारले पहिले गरेको शैली नै उसका लागि सुरक्षित वा सहजजस्तो ठान्छन् । त्यसैले, त्यहाँ फरक प्रकारको पात्रमा उसको अभिनयको सम्भावना कति छ भनेर पनि सोच्न समय लाग्छ । म कलाकारका रूपमा सधैं फरक-फरक पात्रमा काम गर्न चाहन्थें ।

'बुलबुल'की रनकला

'बुलबुल'मा अभिनय गर्नु मेरा लागि साँच्चै बेग्लै अनुभव थियो । पहिलोपटक स्क्रिप्ट हातमा पर्दा यो पात्र केवल कलाकारका रूपमा आफूलाई प्रमाणित गर्ने अवसर मात्र होइन, आफूलाई नयाँ ढंगले चिन्ने एउटा यात्राजस्तो लाग्यो । त्यसवेला बिल्कुलै फरक चरित्रको प्रस्ताव आउला भन्ने कल्पना गरेकी थिइनँ । 'रनकला'जस्तो पात्रका लागि मलाई रोज्नु मेरा लागि एक किसिमको 'सरप्राइज' नै थियो । मैले निर्देशक विनोद दाइ (विनोद पौडेल)लाई भनेकी थिएँ, 'मलाई लिएर ठुलो जोखिम उठाउनुभयो ।' उहाँको जवाफ थियो, 'खाली भाँडो भर्न सजिलै हुन्छ ।'

'रनकला' पात्र मेरा लागि चुनौतीपूर्ण थियो । चरित्र अपरिचित भने होइन, तर त्यसको वास्तविक भोगाइ, संवेदना र जीवनको गहिराइ बुझ्नु आवश्यक थियो । त्यो पात्रको जीवनशैली, उसले भोग्ने संघर्ष, उसलाई असर गर्ने साना-ठुला पक्षहरूसँग नजिक हुनुपर्ने थियो । यसका लागि मैले पात्रको पेसासँगै आफूलाई जोड्न प्रयास गरेँ । 'रनकला' टेम्पो चालक हो । यसैले उसको पेसासँग नजिक हुनु थियो । म बिहान ६-७ बजे उठेर टेम्पो सिक्न जान्थें । त्यसपछि दिनभरि वर्कसपमा सहभागी हुन्थें । त्यो सम्पूर्ण प्रक्रिया शारीरिक मात्र होइन, मानसिक रूपमा पनि पात्रसँग घुलमिल हुने अभ्यास थियो ।

सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको पात्रलाई विश्वासिलो बनाउन सक्छु वा सक्दिनँ भन्ने थियो । दर्शकले कलाकारलाई बिर्सेर केवल पात्रलाई मात्र देख्नुपर्छ । निर्देशकले यो पात्रलाई जसरी निर्माण र प्रस्तुत गर्नुभयो, त्यसले अभिनयको प्रक्रियालाई नै फरक दृष्टिले हेर्न सिकायो । पात्र भएर बाँच्ने त्यो अभ्यासका केही विधि म आज पनि आफ्नो अभिनयमा प्रयोग गरिरहेकी छु । 'रनकला' केवल एउटा भूमिका होइन, यो मेरा लागि एउटा अनुभव, एक परिवर्तन र कलाकारका रूपमा आफूलाई महत्त्वपूर्ण अध्याय ठान्छु । यस्तो चरित्र बाँच्दा मैले व्यक्तिगत रूपमा पनि धेरै कुरा सिकैं, आफूलाई नयाँ तरिकाले बुझ्ने

साप्ताहिक राशिफल

९ जेठ ०८३ (शनिबार)
१५ जेठ ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

विश्वास गरेकाले धोका दिनेछन् । कुरा काट्नेहरू बढ्नेछन् । गलत विचार बढ्नुको साथै धार्मिक कार्यमा अरुचि बढ्नेछ । भाग्य पनि कमजोर हुनेछ । सोचेका काम पूरा हुनेछैनन् । काम संयम भएर गर्नुपर्ला । शत्रुले काममा अवरोध सिर्जना गर्नुका साथै झुटा आरोपमा फसाउने प्रयास गर्नेछन् । सानो भुलको पनि परिणाम ठुलो हुन सक्छ गोपनीयता अपनाउनु नै राम्रो होला ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साता राम्रो छ । सुरुमा जोस र जाँगर बढ्नेछ । आँटेका काममा सजिलै सफलता हासिल गर्न सकिनेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ । दाम मनग्य कमाउने अवसर मिल्ने योग छ । घरेलु काममा सफलता मिल्नेछैन । भाग्य बलियो छ । धर्ममा रुचि बढ्ने र सामाजिक क्षेत्रमा सुधार आउने योग छ । शत्रु पराजय हुनेछन् । खर्च बढ्न सक्ने हुँदा सचेत रहनुपर्नेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको सुरुमा अरूको काम गर्न बाध्य हुनुपर्ला । जस पाउने सम्भावना कमै रहनेछ । सोमबारदेखि पराक्रम बढ्नुका साथै काममा सफलता मिल्ने र यात्रा तथा व्यापारमा लाभ हुनुका साथै भेटघाटमा प्रसन्नता बढ्नेछ । संयम हुँदै प्रयत्न गर्दा तपाईंको लगनशीलता र इमानदारिताको तारिफ गर्नेहरू धेरै हुनेछन् । पढाइमा सफलता राम्रै मिल्नेछ । नयाँ काम पाउने सम्भावना प्रशस्तै देखिन्छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सामाजिक कार्यमा संलग्न हुँदा ठुला व्यक्तिसँग मित्रता बढ्नुका साथै आम्दानी पनि बढ्नेछ । प्रसन्नता बढ्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने र नयाँ काममा सफलता मिल्ने योग छ । व्यापारमा सफलता मिल्नेछ । यात्रा गर्ने अवसर मिल्नेछ । धन आर्जन पनि राम्रै हुनेछ । मित्र तथा परिवारबाट आलोचित हुनुपर्नेछ । अरूको समस्याले पीडित बनाउन सक्छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

धन मनग्य कमाउने अवसर मिल्नेछ । अरूको विश्वास आफूतिर बढाउन पनि सकिनेछ । महत्त्वपूर्ण जिम्मेवारी आफूमाथि आउनेछ । घरजग्गा जोड्ने समय छ । प्रयास गर्दा सफलता पाउनुहोला । पढाइमा रुचि बढ्नेछ । बौद्धिकता बढ्नेछ । धर्ममा रुचि बढ्नेछ । राज्यबाट सम्मान पाउने योग छ । अरूको मन जित्न सकिए पनि परिवारबाट भने सहयोग मिल्नेछैन ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

समग्रमा समय राम्रो छ । सुरुमा धन मनग्य कमाउने अवसर मिल्नेछ । अरूबाट मानसम्मान पनि पाउनुहोला । पढाइमा सफलता पाउने योग छ । नाम कमाउने अवसर पनि मिल्नेछ । काममा सुधार आउनेछ । अरूको मन जित्न सकिनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ । गोपनीयता अपनाउँदा सोचेका कुरा धेरै पूरा हुनेछन् ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

यो साता तपाईंको ग्रहगोचर राम्रो छ । भेटघाटमा अरूबाट हुने प्रशंसाले खुसी हुने योग छ । कर्म बलियो भएकाले गरेका कामबाट प्रशस्त आम्दानी हुनेछ । आत्मविश्वास बढ्ने भएकाले ठुला व्यक्तिसित अन्तर्क्रिया हुने र उनीहरूबाट सम्मान पाउने योग छ । बुधबार र बिहीबार खर्च बढ्ने, विवाद बढ्ने, काममा अवरोध आउने र मनमा चिन्ता बढ्ने योग छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

समग्रमा यो साता राम्रो छ । पढाइमा राम्रो सफलताका लागि अलि कसरत गर्नुपर्ला । व्यापारमा गरेका प्रयास फलदायी रहनेछ । धन मनग्य कमाउने अवसर मिल्नेछ । सभा-सम्मेलनमा संलग्न भई अन्तर्क्रिया गर्ने अवसर पनि पाउनुहोला । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । राज्यले तपाईंको इमान्दारिताको राम्रो मूल्यांकन गर्नेछ । ठुला व्यक्तिसामु आफूलाई स्थापित गर्न सकिनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

धार्मिक र सामाजिक काममा संलग्न हुँदै आयमूलक कार्यका लागि अघि बढ्ने अवसर मिल्नेछ । भाग्यले साथ दिने योग छ । ठुला व्यक्तिबाट मानसम्मान पाउने, परिश्रमबाट काम बन्ने तथा देशको प्रतिनिधित्व गर्दै विदेश जाने अवसर मिल्ने योग छ । धन मनग्य कमाउने अवसर मिल्नेछ । प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन् । पदक प्राप्त गर्ने प्रब्ल सम्भावना रहेको छ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

व्यवसायबाट मनग्य आम्दानी वृद्धि हुने योग छ । यात्रामा हुने भेटघाटले अरूबाट मानसम्मान पाउने योग छ । पराक्रम बढ्नुका साथै गरेका काममा सफलता पनि मिल्नेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । ठुला व्यक्तिसित अन्तरसंवाद गरेर अघि बढ्ने प्रेरणा प्राप्त होला । पढाइमा सोचेभन्दा बढी सफलता मिल्नेछ । वैदेशिक कार्य सोचेभन्दा राम्रोसँग अघि बढ्नेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

समय राम्रो भए पनि सुरुमा परिश्रमको उपयोगले काम बनाउन सकिनेछ । पढाइमा राम्रो सफलता पाउने योग छ । बोलीको प्रभाव बढ्ने क्रम यथावत् रहनेछ । ठुला व्यक्तिसितको अन्तरसंवादले मनोबल बढाउनेछ । दाम मनग्य कमाउने अवसर मिल्नेछ । व्यापारमा लाभ मिल्ने योग छ । विश्वास गरेकाले नै धोका दिन सक्ने भएकाले सजग रहनुहोला ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सुरुमा गलत विचार बढ्नाले काम बिग्रनेछ । निर्णयको अभाव भएकाले महत्त्वपूर्ण काममा अघि नबढ्नु उचित हुनेछ । धैर्यता अपनाउनुभएमा बुधबार र बिहीबार व्यापारमा लाभ हुनुका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । भाग्यले साथ दिने हुँदा मनोबल पनि बढ्नेछ । यात्रा गर्ने अवसर पनि मिल्नेछ । मानसम्मान पनि पाउनुहोला । पढाइमा सफलता मिल्नेछ । अरूको मन जित्न सकिनेछ ।

स्वास्थ्य



● डा. अमित झा, बालमनोविद्

अचेल सामाजिक सञ्जाल हाम्रो दैनिकीको हिस्सा बनिसकेको छ । खुसीका क्षण, पारिवारिक, साथीभाइ भेटघाटको सम्झना, बालबालिकाका रमाइला क्षण सेयर स्वाभाविक लाग्छ । तर, बालबालिकाको फोटो सामाजिक सञ्जालमा राख्दा त्यसबाट हुने दीर्घकालीन असरबारे सोच्नु अत्यन्त आवश्यक छ ।

सामाजिक सञ्जालमा फोटो राख्दा कतिपय सेलिब्रेटीले आफ्ना छोराछोरीको फोटो ब्लर गरेका हुन्छन् वा अनुहार ढाकेका हुन्छन् । कतिपयले सामाजिक सञ्जालमा आफ्ना बच्चाको फोटो, भिडियो सामान्य रूपमै राख्ने गरेको हुन सक्छ । सामाजिक सञ्जालमा फोटो देखाउने कि नदेखाउने व्यक्तिगत छनोटका कुरा हुन् । तर, सानो उमेरदेखि नै बालबालिकालाई प्लेटफर्म दिइरहनुभएको छ भने उसले आउने दिनमा पनि त्यस्तै खालका कुरा खोज्ने सम्भावना धेरै हुन्छ ।



बुलबुल



चिसो मान्छे

अवसर पाएँ । 'रनकला' त्यही किसिमको पात्र हो, जसलाई दर्शकले आफ्नो वरिपरि कतै न कतै देखेका हुन्छन् । त्यसैले पनि यो भूमिकाले मेरो जीवनमा विशेष स्थान राख्छ ।

'चिसो मान्छे'ले सुदूरपश्चिम बुझायो

चलचित्र 'चिसो मान्छे'मा काम गर्दा पनि मेरा लागि फरक अनुभव रह्यो । सुदूरपश्चिमको भाषा, संस्कृति र त्यहाँको जीवनशैलीले मलाई सुरुदेखि नै आकर्षित गरिरहेको थियो । त्यहाँको भूगोल, त्यहाँको बोली, संस्कार र परिवेशले लोभ्याउँथ्यो । निर्देशक दिपेन्द्र के खनाल दाइबाट यो फिल्मको प्रस्ताव आयो । कोभिडकालको परिवेशमा आधारित कथा छ । पात्रको भोगाइ सुन्दा थप उत्साहित भएँ । प्रत्येक पात्रको आफ्नै भोगाइ, आफ्नै संघर्ष र संवेदना रहेकाले कथा अझ रोचक लाग्यो ।

म आफैँ पनि त्यही परिवेशप्रति आकर्षित भइरहेकी थिएँ । सामाजिक सञ्जालमार्फत त्यहाँका मानिसको जीवन, उनीहरूको भोगाइ हेर्दै आएकी थिएँ । पात्रलाई नजिकबाट बुझ्न मैले धेरै तयारी गर्नैं । सुदूरपश्चिमकै गाउँमा पुगेर त्यहाँको वातावरण महसुस गर्नैं । स्थानीय भाषा, लवज सिक्ने प्रयास गर्नैं । त्यहाँका महिलासँग भेटघाट गर्दै उनीहरूको रहनसहन, सोच र जीवनशैली बुझ्ने अवसर पाएँ । यसले पात्रसँग मेरो सम्बन्ध झन्ने गहिरो बनायो ।

यस्ता चरित्र बाँच्दा मैले धेरै कुरा सिकेँ । नेपालको विविधता कति धनी छ भन्ने कुरा अझ स्पष्ट भयो । यस फिल्ममार्फत सुदूरपश्चिमका महिलालाई हेर्ने मेरो दृष्टिकोणमा ठुलो परिवर्तन आयो । काठमाडौंमा बसेर बनाइने धारणा र त्यहाँ पुगेर प्रत्यक्ष देख्दा हुने अनुभूति निकै फरक हुँदो रहेछ । त्यहाँका महिलाको जीवन, उनीहरूको सोच र संघर्षले मलाई गहिरो गरी छोयो । त्यहाँ प्रगतिशील सोच भएका महिला भेटैं, उनीहरूको जीवनकथा सुनैं । ती अनुभव मेरा लागि अत्यन्तै विशेष बने । आज पनि त्यो पात्र सम्झँदा, पर्दामा पुनः बाँच्न पाउँदा, मलाई उत्तिकै रोचक र प्रिय लाग्छ ।

अनुभव, संघर्ष र संवेदनशीलता

पुरुष पात्रका लागि निकै माया र गहिराइका साथ स्क्रिप्ट लेखिएको हुन्छ, उसको यात्रा

> दर्शकले कलाकारलाई बिर्सेर केवल पात्रलाई मात्र देख्नुपर्छ । निर्देशकले पात्रलाई जसरी निर्माण र प्रस्तुत गर्नुभयो, त्यसले अभिनयको प्रक्रियालाई नै फरक दृष्टिले हेर्न सिकायो ।

विस्तारमा बुनेको हुन्छ । तर, त्यही स्तरको ध्यान र संवेदनशीलता महिला पात्रमा हुँदैन । लेखकले महिला पात्रलाई त्यसरी ध्यान दिएर लेखेको पाइँदैन । कतिपय फिल्ममा महिला चरित्रलाई 'फिलर'का रूपमा मात्र प्रयोग गरिएको अनुभव हुन्छ । तर, 'लालीबजार'को स्क्रिप्ट सुन्दा भने फरक अनुभूति भयो । त्यो कथामा मैले ऊर्जा महसुस गर्नैं । लेखक र निर्देशक दुवैको पात्र र कथाप्रति गहिरो लगाव पाएँ । उनीहरूको उत्साह र प्रतिबद्धताले मलाई पनि उत्साहित बनायो । जसरी पात्रको संसार र यात्रा वर्णन गर्नुभयो, त्यसले 'यो पात्र कति रोचक र गहिरो होला' भन्ने जिज्ञासा जगायो । त्यही उत्साह र ऊर्जाले मलाई त्यो भूमिकाप्रति अझ नजिक बनायो ।

'लालीबजार'मा 'मधुबाला'को भूमिका मेरा लागि नयाँ अनुभव थियो । यो त्यस्तो पात्र थियो, जसलाई मैले यसअघि न त नजिकबाट देखेकी थिएँ, न त जीवनशैली नै अनुभूत गरेकी थिएँ । त्यसैले, यो भूमिका आफैँमा एउटा चुनौती र खोजजस्तै बन्यो । 'मधुबाला'ले मलाई केवल अभिनय गर्ने अवसर मात्र होइन, एउटा समुदायलाई बुझ्ने ढोका पनि खोलिदियो ।

बादी समुदाय, जो लामो समयसम्म पछाडि पारिएको समुदाय हो, उहाँहरूमाथि राजनीतिक र सामाजिक संरचनाले कस्तो असर पारेको छ भन्ने कुरा यो कथाले उजागर गर्छ । मैले आफ्नो पात्रको उमेर समूह र जीवनसँग मेल खाने अनुभव संकलन गर्नैं ।

उमा बादी दिदीसँग भेट्दा उहाँले 'नथिया प्रथा'देखि बादी समुदायको इतिहाससम्म धेरै कुरा बुझाइदिनुभयो । उहाँ कहिलेकाहीं सुटिङ सेटमै आउनुहुन्थ्यो, पात्रको प्रस्तुति, पहिरन आदिलाई नियाल्नुहुन्थ्यो । उहाँले देखाएको सन्तोषले हामी सही दिशामा अघि बढिरहेका छौं भन्ने अनुभूति गराउँथ्यो ।

म यसअघि कहिल्यै बादी समुदायसँग यति नजिक भएकी थिइनँ । यदि यो भूमिका नगरेको भए सायद यो समुदायलाई यति गहिरोसँग बुझ्ने अवसर पनि पाउने थिइनँ । नेपालमा बादी समुदाय ऐतिहासिक रूपमा महत्त्वपूर्ण रहेछ । तर, त्यो समुदायलाई किन पिँधमा पारियो ? उनीहरूलाई त्यस्तो अवस्थासम्म कसरी पुऱ्याइयो ? उनीहरूको वास्तविक इतिहास के हो ? यी प्रश्नको उत्तर पाउनु मेरा लागि ठुलो सिकाइ बन्यो । लालीबजारमा 'मधुबाला' मेरा लागि पात्रभन्दा धेरै एउटा सिकाइ, एउटा अनुभूति र समाजलाई फरक दृष्टिले हेर्ने अवसर बन्यो ।

चरित्र गर्दा जिम्मेवारी र संवेदनशील

'लालीबजार'जस्तो फिल्ममा काम गर्नु आफैँमा फरक अनुभव हो । यस्ता फिल्म बनाउनु पनि त्यतिकै चुनौतीपूर्ण हुन्छ । विशेषगरी, जब कुनै समुदायको कथा उठाइन्छ, त्यसमाथि पनि माइनोरिटी समुदायको जीवनलाई प्रस्तुत गर्नुपर्दा, त्यो जिम्मेवारी अझ गहिरो बन्छ । बादी समुदायलाई समाजले मात्र होइन, राज्यका संरचना र कानुनले नै लामो समयसम्म पिँधमा पाऱ्यो । यो समुदायको पीडा हामीले कल्पना गर्न पनि सक्दैनौं । यही कारणले जब यस्तो समुदायको कथा भनिन्छ, त्यो केवल कथा मात्र हुँदैन, उनीहरूको अस्तित्व, पीडा र संघर्षको प्रतिनिधित्व पनि हो ।

फिल्म निर्माणका क्रममा कतिपय आमा-दिदीले आफ्नो कथा पर्दामा आउँदै गरेकोमा खुसी व्यक्त गर्नुभयो । यो कथा मूलतः बादी समुदायका आमाछोरीको सम्बन्ध र जीवनयात्रामा आधारित छ । तर, यस्ता पात्र निर्वाह गर्दा सबैभन्दा ठुलो चुनौती भनेको के हामी त्यो कथा सम्मानपूर्वक, संवेदनशील तरिकाले र सीमाभित्र रहेर प्रस्तुत गरिरहेका छौं कि छैनौं भन्ने हो ।

हामीले गरेको प्रस्तुतिबाट कहीं त्यो समुदाय अपमानित हुने त होइन ? उनीहरूको सही प्रतिनिधित्व हुन्छ कि हुँदैन ? यस्ता प्रश्नले सधैं मनमा दबाब र जिम्मेवारी सिर्जना गर्छन् । कलाकारका रूपमा आफूभन्दा बिल्कुल फरक जीवन भोगेका पात्र निभाउनु सधैं चुनौतीपूर्ण हुन्छ । तर, त्यो नै हाम्रो काम पनि हो । त्यसका लागि गहिरो अध्ययन, संवेदनशीलता र मिहिनेत आवश्यक पर्छ ।

कथा भन्ने क्रममा गलत स्टोरीटेलिङ नहोस्, कसैको वास्तविकतालाई तोडमोड गरेर प्रस्तुत नगरियोस् भन्ने कुरामा विशेष सजग रहनुपर्छ । किनकि, कुनै समुदायको कथा भन्नु भनेको उनीहरूको संघर्षलाई ट्रिगर गरेर छोड्नु मात्र होइन, त्यसप्रति जिम्मेवार हुनु पनि हो । बादी समुदाय अधिकारका लागि लामो समयदेखि संघर्ष गर्दै आएको छ । यस्तो अवस्थामा हामीले फिल्म बनाउनु मात्र होइन, त्यो लडाइँमा हामी पनि सहभागी हुनुपर्छ भन्ने लाग्छ ।

आमा पर्खिरहँदा...

त्यो पर्खाइ



● श्रवण मुकारुङ



पर्खाइ जीवनको एउटा हिस्साजस्तै रहेछ । पर्खाइ सपना पनि हो, प्रेम पनि हो । यी दुवैसँग यसको गहिरो सम्बन्ध छ । प्रेम नभएको भए पर्खाइको अर्थ नै हुँदैनथ्यो । प्रेमले नै पर्खाइलाई महत्त्व दिएको छ ।

पर्खाइ प्रेमसँग, अनुभूतिसँग जोडिएको हुँदो रहेछ, बाल्यकालका केही पर्खाइका क्षण अझै सम्झनामा ताजै छन् । म त्यतिबेला ५-६ वर्षको हुँदो हुँ । घरमा कामको निकै चाप थियो । अधिकांश काम आमाजी एक्लैले गर्नुपर्थ्यो । बुबालाई घरको काम खासै मतलब हुँदैनथ्यो । हलो जोत्ने कामसमेत आमाजीले गर्नुहुन्थ्यो । कहिलेकाहीं बुबाको दौरा-सुरुवाल लगाएर हलो जोत्नुभएको दृश्य अझै आँखामा ताजै छ ।

त्यो २०३० साल वरपरको समय हुनुपर्छ । त्यसबेला पहाडबाट मधेश झरेर झोडा फाँड्ने चलन थियो । पूर्वदेखि पश्चिमसम्मै यो लहर चलेको थियो । जसको शक्ति उसको भक्ति भनेजस्तै जसले जति जंगल फाँड्यो, त्यो जमिन उसकै हुन्थ्यो । त्यही परिवेशमा भोजपुरबाट बुबा-आमा उदयपुर झोडा फाँड्न झर्नुभयो ।

झोडा फाँडेर बसोवास गर्नेमध्ये हाम्रो परिवार पनि एक थियो । घरमा म जेठो छोरो थिएँ, त्यसैले भाइलाई हेर्ने जिम्मा प्रायः मेरै काँधमा पर्थ्यो । आमा बिहानै काममा निस्किनुहुन्थ्यो । कहिलेकाहीं किनमेलका लागि हाटबजार पनि जानुहुन्थ्यो । त्यसबेला मलाई भाइको जिम्मा लगाएर जानुहुन्थ्यो ।

बारीमा टन्नै मकै फलेको थियो । त्यो मकै खान आउने ढेडु र बाँदर मैले धपाउनुपर्थ्यो । तर, बाँदरले कहाँ टेर्थ्यो र ! म धपाउन खोज्थेँ, म फुच्चे देखेर बाँदरहरूले टेर्दैनथे । एकातिर भाइ हुने, अर्कोतिर ढेडुँ बाँदरले नटेर्ने । बुबा घरमा नआउने । काममा जानुभएको आमाजी पनि वेलामा नफर्किने । साह्रै मुस्किलको समय बन्यो त्यो ।

आमाजी हाटबजार जानुभएका वेला कहिलेकाहीं फर्किन ढिला हुन्थ्यो । भाइ साह्रै रुन्थ्यो । म आमा कहिले आउनुहुन्छ होला भनेर बाटो कुरिरहन्थेँ । गाउँघरमा गफिँदा पनि ढिला हुन्थ्यो सायद ।

एक दिन भाइले ओछ्यानमै दिसा गरिदियो । म आत्तिएँ । बिहान निस्कनुभएको आमा घाम पश्चिमतिर पुग्न लाग्दा पनि आउनुभएन । दिसा गरेको भाइलाई सम्हाल्न सकिनँ । भाइलाई घरमै छाडी अन्ततः म आमा खोज्न निस्किएँ ।

खोज्दै जाँदा जंगलमै बाटो बिराएँ । मधेशको झाडीमा न फर्किन सकेँ, न आमा भेटेँ । रुँदै भौतारिँदै जाँदा एकजना मगर परिवारको घरमा पुगेँ । त्यहाँ पुग्दा साँझ परिसकेको थियो । घरमा भाइको हालत के भयो होला ? आमाजी पुग्नुभयो कि भएन होला ? बाँदरले के-के बिगार गऱ्यो ? म पूरै अनभिज्ञ थिएँ । मगर परिवारले मलाई पुऱ्याउन सकेन । त्यहीं एक रात बसेँ । त्यतिवेला फोन थिएन, घरमा खबर गर्ने कुनै उपाय पनि थिएन । भोलिपल्ट बिहान आमाजी मलाई खोज्दै आउनुभयो । मलाई लगेर जानुभयो ।

त्यसवेला पर्खाइको पीडा बेग्लै हुँदो रहेछ । एकातिर घरमा बाँदरले मकै सखाप पारिरहेका छन्, अर्कोतिर भाइले ओछ्यान फोहोर बनाएको छ । के गर्ने, कसो गर्ने भन्ने अन्योलमा म आमा खोज्न निस्किएको थिएँ । बुबा-आमा नभएको घर कति सुनसान हुन्थ्यो । त्यसवेला आमाको पर्खाइ निकै डरलाग्दो लाग्थ्यो । अहिले पनि सम्झँदा मन चिसो हुन्छ । त्यसवेला निकै सकसपूर्ण बनेको थियो ।

आमासँग जोडिएका बाल्यकालका पर्खाइ थुप्रै छन् । पछि हामी फेरि भोजपुर फर्कियौं । खोइ किन हो, हामीले झोडा छोड्यौं । गाउँमा पुग्दा पनि त्यस्तै पर्खाइ दोहोरियो । हामी बैंसीमा बस्थ्यौं । आमाजी काममा निस्किनुहुन्थ्यो । उहाँ ढिलो गर्नुभयो भने म भाइलाई बोकेर आमा खोज्न हिँड्थेँ । बाटोमा देखिने मान्छेका पाइला आमाकै हो कि जस्तो लाग्थ्यो । त्यो पाइला पच्छ्याउँदै खोज्दै हिँडे ।

आमाले गाउँमा धेरै संघर्ष गर्नुभयो । तर, नसकेपछि म र माइला भाइलाई बोजुसँग छोडेर माइतीमा बस्न थाल्नुभयो । झोडा फाँड्दा आमा पर्खने क्रम गाउँ पुगेपछि पनि सुरु भयो । स्कुल जाँदा पनि आमालाई सम्झिन्थेँ । भोक लाग्दा पनि आमालाई सम्झिन्थेँ । अरूलाई आमासँग हिँडेको देख्थेँ । मावली पुग्न पनि ५-६ घण्टा लाग्थ्यो । आमालाई भेट्न वर्षमा एकपटक जान्थेँ । झन्डै ४-५ वर्ष आमा मावलीमै बस्नुभयो । बोजुले हामीलाई धेरै माया गर्नुहुन्थ्यो । तर, आमाको माया अलग हुनै नै भयो । कहिले आमा घर फर्किनुहोला जस्तो लाग्थ्यो ।

गाउँमा नयाँ मान्छे झोला बोकेर आउँदा आमा नै आएझैं लाग्थ्यो । मावली गाउँबाट आउने मान्छेलाई सोध्थेँ । आमाको झल्को आउँथ्यो । त्यसवेला मनभित्र पीडा भइरहन्थ्यो । बोजु निकै कडा स्वभावकी हुनुहुन्थ्यो । बोजुसँग आमाको राम्रो मेलमिलाप थिएन । घर फर्किनू भन्दा आमा मान्नुहुन्नथ्यो ।

म त्यतिवेला ८-९ कक्षामा पढ्थेँ । स्कुलबाट घर फर्किंदा घरमा धेरै मान्छे जम्मा भएको देखेँ । मासुभातको भोज चलिरहेको रहेछ । घरमा आएका मान्छेले मलाई जिस्क्याउँदै भन्थे, 'यसले पनि बाउको बिहे देख्यो है !' घरमा बुबाले सानीआमा पो ल्याउनुभएछ । त्यसवेला आमाको धेरै सम्झना आयो ।

बुबाको बिहेको मासुभात खाएँ । केही महसुस नभएजस्तो गरेर खाएँ । मेरो आमामाथि सौता लगाइएको थाहा हुँदाहुँदै पनि केही व्यक्त गर्न सक्दिनथेँ । त्यसवेला आमालाई निकै सम्झिएँ ।

म करिब १४ वर्षको हुँदाको कुरा होला । एकदिन बोजुले भन्नुभयो, 'जा, आमालाई लिएर आइजा ।' त्यसपछि आमा घरमा आउने वातावरण बन्यो ।

मेरो बाल्यकालमा आमाको पर्खाइका धेरै चरण आए । मैले ती सबै समय भोगेँ । आमाको पर्खाइ धेरै लामो रह्यो । मान्छेको जीवनमा पर्खाइका अनेक किसिम हुन्छन् । पछि एसएलसी पास गरेर म काठमाडौं आएँ । त्यसपछि ८-१० वर्ष गाउँ फर्किनँ । कवि भएर सहरमै बस्न थालेँ । आमाले मलाई कति सम्झिनुभयो होला ? त्यसको कुनै लेखाजोखा छैन । म सहरमा छु, आमा गाउँमा । अब पर्खिने पालो आमाको सुरु भयो ।

समयले अवस्था ठ्याक्कै उल्टो बनायो । अब फेरि आमाले मलाई पर्खिन थाल्नुभएको छ । अहिलेजस्तो त्यतिवेला सजिलो थिएन । फोन थिएन, कुरा गर्न सकिँदैनथ्यो । जीवनमा पर्खाइ यसरी चलिरहेछ । अहिले आमा गाउँमै हुनुहुन्छ । मेरो किताब 'सलह' आमाको हातसम्म पुग्यो । तर, म भने आमालाई भेट्न पाएको छैन ।

जीवनमा पर्खाइका धेरै रूप हुँदा रहेछन् । मैले 'सलह' ल्याउँने क्रममा ६-७ महिना पर्खिएँ । प्रकाशकलाई दिएको ४-५ महिनापछि किताब बजारमा आयो । यो पनि बेग्लै खालको पर्खाइ भयो । कहिले बजारमा आउला, छिट्टै आए हुन्थ्यो । किन ढिला भयो होला भन्ने लाग्थ्यो । त्यसैले लाग्छ, पर्खाइ जीवनको एउटा हिस्सा जस्तै रहेछ । पर्खाइ सपना पनि हो, प्रेम पनि हो । यी दुवैसँग यसको गहिरो सम्बन्ध छ । प्रेम नभएको भए पर्खाइको अर्थ नै हुँदैनथ्यो । प्रेमले नै पर्खाइलाई महत्त्व दिएको छ ।

जीवनमा अझै सुन्दर कविता लेखिन बाँकी छ । त्यो पनि एउटा पर्खाइ हो । लेखकको विश्वासले पाठकलाई पर्खिरहेको हुन्छ । पर्खाइको भोकले पनि लेखाउँदो रहेछ । मैले पहिलो उपन्यास 'सलह' लेखेँ । तर, पाठकले दोस्रो कृति खोज्न थाल्छन् । त्यो पनि एउटा पर्खाइ हो । जब पाठकलाई तपाईंको सिर्जनामा चित्त बुझ्छ, तब अर्को कृतिको पर्खाइ सुरु हुन्छ । मलाई लाग्छ, पर्खाइ अनुशासन पनि रहेछ । जब विश्वास हराउन थाल्छ, तब मानिसले पर्खन छोड्छ ।

बाल्यकालमा आमाको पर्खाइका दिन अझ विशेष लाग्छन् । संवेदित पनि बनाउँदो रहेछ । अहिले पनि बाल्यकालका ती पर्खाइका क्षण र त्यसले दिएको पीडाले ऊर्जा दिन्छ । लेख्नका लागि दुःख पनि एउटा स्रोत हो । त्यसले ऊर्जा नै दिन्छ ।

- कुराकानीमा आधारित

यसकारण बालबालिकाको फोटो सामाजिक सञ्जालमा नहालौं

जस्तै- पहिलो दिन सामाजिक सञ्जालमा राखेको उसको फाटोमा तीन सय लाइक आयो भने दुई दिनपछि राखेको फोटोमा कम लाइक आउँदा उसलाई सामान्य नलाग्न सक्छ । उसलाई मैले केही नराम्रो गरैं कि, लुगा लगाएको मिलेन कि, अनुहार मिलेन कि, वातावरण नै पो मिलेन कि भन्ने हुन सक्छ । जसले बच्चामा छिटो एन्जाइटीका लक्षण आउन सक्छन् ।



कसैले सामाजिक सञ्जालमा बालबालिकालाई प्रयोग गरेर पैसा पनि कमाउनुभएको छ । उहाँहरूलाई यसको हानिबारे भन्दा नराम्रो लाग्न पनि सक्छ । यदि तपाईंले बालबालिकालाई इन्टरनेटमा एक्सपोज गरिरहनुभएको छ भने केही न केही एन्जाइटीका लक्षण बढ्न सक्छ । त्यो कुरा सबैमा लागू हुन्छ भन्नेचाहिँ हुँदैन । गत डिसेम्बरदेखि अस्ट्रेलियामा १६ वर्षभन्दा मुनिका बालबालिका तथा किशोरकिशोरीका लागि सामाजिक सञ्जाल प्रतिबन्ध गरिएको छ । सरकारले बालबालिकालाई हानिकारक सामग्रीबाट बचाउन यो कदम चालिएको बताएको छ । प्रतिबन्ध उल्लंघन भएमा कम्पनीलाई सवा तीन करोड अमेरिकी डलरसम्म जरिवाना तिराउने भनेको छ । हाम्रै छिमेकी देश भारतमा पनि सामाजिक सञ्जाल प्रयोगमा कडाइ गरिँदै छ । फिलिपिन्स, इन्डोनेसियाजस्ता देशमा पनि सामाजिक सञ्जाल प्रयोगमा कडाइ गर्न नीति ल्याइँदै छ ।

सामाजिक सञ्जालमा फोटो, भिडियो हाल्नुभन्दा अघि अभिभावक सतर्क हुनुपर्छ । बालबालिकालाई इन्टरनेटमा उपलब्ध सबै कुरा ठिक हुँदैन भन्ने कुरा बुझाउनुपर्छ । सामाजिक सञ्जालमा राखिएको फोटोकै आधारमा व्यक्ति र अवस्थाबारे सबै भन्न सकिने अवस्था हुँदैन । यसबारे बालबालिकालाई अभिभावकले बुझाउन सक्नुपर्छ ।

सामाजिक सञ्जाल प्रयोगले सबैलाई हानि गर्दैन । सबैलाई राम्रो पनि गर्दैन । अभिभावकले बालबालिकालाई सहभागी बनाएर कन्टेन्ट बनाउनुभएको छ भने ती बालबालिकाले अझै धेरै ती कुरा खोज्न सक्छन् । मानसिक स्वास्थ्यका दृष्टिकोणबाट भन्ने हो भने उनीहरूमा एन्जाइटी र डिप्रेसन बढ्न सक्छ ।

बालबालिकाले आफ्नो गोपनीयताको अर्थ बुझ्ने उमेर नपुग्दै उनीहरूको व्यक्तिगत जीवन सार्वजनिक भइरहेको हुन्छ । एउटा फोटो वा भिडियोले बालबालिकाको पहिचान, स्थान, विद्यालय, बानी-व्यवहारजस्ता धेरै जानकारी बताएको हुन्छ । जसका कारण गलत व्यक्तिले त्यस्ता सामग्री दुरुपयोग गर्ने जोखिम पनि रहन्छ ।

बालबालिकाले राम्रो वा नराम्रो छुट्याउन नसक्ने वेलादेखि नै अभिभावकले सामाजिक सञ्जालमा फोटो राख्नु उचित होइन । धेरैजसो अवस्थामा बालबालिकाले आफूलाई कुन फोटो सार्वजनिक गर्न मन छ वा छैन भन्ने निर्णय गर्न सक्दैनन् । त्यसले उनीहरू हुर्कँदै जाँदा आफ्ना बाल्यकालका निजी क्षण इन्टरनेटमा फैलिएको देख्दा असहज महसुस गर्न सक्छन् । त्यसैले, अभिभावकले यो फोटो अहिले पोस्ट गर्दा भविष्यमा बच्चालाई कस्तो लाग्ला भन्ने सोच्न जरुरी हुन्छ । पाँच वर्षसम्मका बालबालिकाले सामाजिक सञ्जाल, फोटोबारे केही जानकारी पाउन सक्दैनन् । उमेर बढ्दै गएपछि त्यसमा प्रश्न गर्ने अवस्था रहन सक्छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



कानुन र कलाको भेट

अधिवक्ताहरू वकालतसँगै गीत-संगीत क्षेत्रमा पनि सक्रिय छन्

संगीत



● पवन बराइली

अदालतको बहस, कानुनी तर्क र व्यस्त पेसागत जीवनका बाबजुद पनि केही कानुन व्यवसायी नेपाली गीत-संगीतमा सक्रिय छन्। उनीहरूले कानुन र कलालाई सँगसँगै अघि बढाउँदै फरक पहिचान बनाएका छन्। संवेदना, प्रेम, समाज र जीवनका कथा गीतमार्फत अभिव्यक्त गरिरहेका यस्ता स्रष्टाहरूले नेपाली सांगीतिक क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन्।

डा. भीमार्जुन आचार्य

वकालत क्षेत्रमा परिचित नाम हो डा. भीमार्जुन आचार्य। उनी गीत-संगीतमा उत्तिकै सक्रिय छन्। आफ्ना गीतमार्फत मानवीय संवेदना, देशप्रेम र जीवनका अनुभूतिहरूलाई अभिव्यक्त गर्छन्, उनी। उनका लागि संगीत केवल रुचि मात्र होइन, जीवनसँग गाँसिएको आत्मिक अभ्यास हो। बाल्यकालदेखि नै सिर्जनामा रुचि राख्ने उनी अहिले पनि दिनको सुरुवात संगीत रियाजबाट गर्छन्। 'इच्छाशक्ति भयो भने समय व्यवस्थापन ठुलो कुरा हुँदैन। कानुन र संगीत दुवै जीवनका अभिन्न पक्ष बनेका छन्,' उनी भन्छन्।

उनले अहिलेसम्म चारवटा एल्बम सार्वजनिक गरिसकेका छन् 'मौनताको सहर', 'सजिलो हुँदैन जीवन', 'एउटा जीवन' र 'अतीत'। उनका गीतहरू केवल मनोरञ्जनका माध्यम होइनन्, जीवनका अनुभूति र समाजका यथार्थसँग जोडिएका अभिव्यक्ति हुन्। आचार्यका अनुसार गीत सिर्जनाको मूल स्रोत जीवनको भोगाइ हो। उनी आफूले भोगेका अनुभव मात्र होइन, अरूका पीडा र अनुभूतिलाई पनि आत्मसात् गरेर गीत लेख्ने गर्छन्। 'संविधान, राष्ट्र र राष्ट्रियताको अध्ययन गर्दै जाँदा समाज र देशलाई अझ गहिरो रूपमा अनुभूत गर्न थाल्ँे,' उनी भन्छन्, 'त्यसैले मेरा गीतमा देशभक्ति, समाज र जीवनका संवेदनाहरू स्वतः आउँछन्।'

उनी शब्द र संगीत दुवैमा निकै सचेत छन्। आफूले लेखेका वा अरूका सिर्जनामा बनेका गीतलाई समेत पटक-पटक परिमार्जन गरेर मात्र सार्वजनिक गर्ने उनको स्वभाव छ। 'गीत सुन्नलायक मात्र होइन, अर्थपूर्ण पनि हुनुपर्छ' उनी भन्छन्, 'त्यसका शब्द र संगीतले समाजको वास्तविकता र जीवनका भोगाइलाई प्रतिबिम्बित गर्नुपर्छ।'

व्यस्त कानुनी जीवनका बिच पनि संगीतसँगको सम्बन्ध कहिल्यै टुट्न नदिएको उनी बताउँछन्। 'गीत सुन्दै लेख्ने र पढ्ने बानीले संगीतलाई सधैं नजिक राखेको छ। संगीत एउटा 'थेरापी' पनि हो, जसले मन र सोचलाई सन्तुलित राख्न मद्दत गर्छ।' उनी भन्छन्।

उनको अत्यन्त प्रिय गीतमध्ये एक हो, 'जित्नेलाई मिठो जीवन, हार्नेलाई तितो जीवन, वास्तवमै थाहै हुन्न के हो जीवन'। यो गीतसँग उनको व्यक्तिगत संवेदना गहिरोसँग जोडिएको छ।

संविधान र संगीत दुवै फरक संसारजस्ता देखिए पनि आचार्यका लागि यी एक-अर्काका पूरक हुन्। कानुनले समाज बुझ्न सिकाएको छ भने संगीतले त्यस समाजको संवेदना अनुभूत गराएको छ। त्यसैले उनी भन्छन्,'जीवनबाट संविधान, कानुन र संगीत अलग हुनै सक्दैन।'



डा. भीमार्जुन आचार्य



रमेश कोइराला



शीतल पाण्डे



हरिराम पौडेल



राम भट्टराई

> गीत लेखन र वकालत दुवै अभिव्यक्तिका माध्यम हुन्। फरक यति मात्र हो, अदालतमा दृष्टिकोण कडा र औपचारिक हुन्छ, गीतमा त्यही अनुभूति कलात्मक रूपमा प्रस्तुत हुन्छ।

शीतल पाण्डे

कानुन व्यवसाय र संगीत दुवै क्षेत्रमा सक्रिय छिन् शीतल पाण्डे। दुई क्षेत्रलाई उनले समानान्तर रूपमा अघि बढाइरहेकी छिन्। अदालतको औपचारिक बहस र कानुनी अभ्यासको व्यस्तताबिच उनी संगीतमा आफ्नो संवेदना, अनुभूति र शान्ति खोज्छिन्। आधुनिक गीतमार्फत २०६८ सालदेखि गायनलाई अघि बढाइन्। हालसम्म उनले आधुनिक, भजन, राष्ट्रिय तथा तिजका डेढ दर्जनभन्दा बढी गीत सार्वजनिक गरिसकेकी छिन्। कानुन अध्ययन गर्नुअघि नै संगीतमा लागेको उनी सुनाउँछिन्।

उनको पहिलो गीत 'ढुंगा होइन तिमीलाई' बजारमा ल्याइन्। उक्त गीतको शब्द उनले आफैंले लेखेकी हुन्। त्यसयता उनले केही गीत आफैं लेख्ने, संगीत भर्ने र गाउने कामसमेत गरिन्। जसमध्ये 'छटपटाइरहैं, सोधेनौ के भो भनी' र 'छाया बनेर तिम्रो पछिपछि म आउँला'जस्ता गीतमा उनको स्वर मात्र होइन, संगीत संयोजनसमेत गरेकी छिन्। ०७१ सालमा उनले 'शीतल' एल्बम निकालिन्, जसमा छवटा आधुनिक गीत समावेश छन्।

पछिल्लो समय भने उनले लोकपप शैलीका गीतमा पनि स्वर दिएकी छिन्। हालै सार्वजनिक भएको 'गाली नि मिठो' बोलको गीतले प्रेम सम्बन्धका रमाइला अनुभूति र आत्मीयतालाई प्रस्तुत गर्छ। उनका गीतहरूमा प्रेम, आत्मीयता, जीवनका अनुभूति र महिला संवेदनाका विषय मुखर रूपमा प्रस्तुत हुन्छन्। कानुनी पेसामा भेटिने मानिसका कथा, संघर्ष र भावनालाई गीतमार्फत अभिव्यक्त गर्ने प्रयास गर्छिन्, उनी। पाण्डेका अनुसार गीत केवल व्यक्तिगत भावनाको अभिव्यक्ति मात्र होइन, अरूका पीडा र अनुभूतिलाई महसुस गरेर गरिने सिर्जना पनि हो। 'कानुन व्यवसाय मेरो पेसा हो, गीत-संगीत मेरो प्यासन', उनी भन्छिन् 'कानुनी क्षेत्रमा देखेका-भोगेका पीडा, सुस्केरा र संवेदनाहरू संगीतमा आउँछन्। संगीत मेरो थकाइ मेटाउने माध्यम हो।'

संगीतले आफूलाई भावनात्मक रूपमा जीवन्त बनाइराख्ने उनको अनुभव छ। त्यसैले व्यस्त कानुनी जीवनका बिच पनि बिहान-साँझ घरमै रियाज गर्ने बानी छ, उनको। 'पूर्णकालीन रूपमा कानुन व्यवसायमै छु। तर, संगीत मेरो साधना हो। फुर्सदमा गुनगुनाउने, रियाज गर्ने र सिर्जना गर्ने क्रम निरन्तर चलिरहन्छ,' उनी भन्छिन्।

पाण्डे पछिल्लो समय नेपाली संगीतमा बढ्दो भाइरल संस्कृतिप्रति पनि चिन्तित छन्। उनका अनुसार अहिले गुणस्तरीय र सन्देशमूलक संगीतभन्दा क्षणिक लोकप्रियताका लागि बनाइने गीतहरू चर्चामा आउँछन्। 'अहिले अरूलाई गाली गर्ने शैलीका गीतहरू भाइरल हुने प्रवृत्ति छ,' उनी भन्छिन् 'राम्रो गीत बनाउन ठुलो लगानी गर्दा पनि अपेक्षित रूपमा चल्दैन। तर, संगीतले समाजलाई सकारात्मक दिशा दिनुपर्छ।'

उनका लागि कानुन र संगीत दुई अलग बाटा भए पनि जीवनका दुई संवेदनशील आयाम हुन्। एउटा पेसाले समाजका यथार्थसँग साक्षात्कार गराउँछ भने अर्कोले ती अनुभूतिलाई स्वर र शब्दमा अभिव्यक्त गर्ने शक्ति दिन्छ। उनी वकालतको थकाइ र तनावलाई संगीतको माध्यमबाट मेटाउँदै अगाडि बढाइरहेकी छिन्।

राम भट्टराई

कानुन व्यवसायको व्यस्त दैनिकीसँगै गीतलेखनलाई निरन्तरता राख्ने गीतकार हुन्, राम भट्टराई। अदालतको बहस र कानुनी अभ्यासँगै उनले नेपाली गीतमा प्रेम, बिछोड, सामाजिक सम्बन्ध र मानवीय अनुभूतिका कथा लेखिरहेका हुन्छन्। २०५७ सालदेखि कानुन व्यवसायमा सक्रिय भए पनि भट्टराईको गीतलेखन यात्रा त्योभन्दा अघिदेखिकै हो। उनी भन्छन्,'कानुन व्यवसायी हुनुभन्दा पहिले नै गीत लेख्थेँ। पेसामा आएपछि पनि लेखनलाई छोडिनँ, सँगसँगै अघि बढाएँ।'

हालसम्म उनले डेढ सयभन्दा बढी गीत सिर्जना गरिसकेका छन्। स्वरूपराज आचार्यको स्वर र वसन्त सापकोटाको संगीत रहेको 'तिमीविनाको जीवन' उनका चर्चित सिर्जनामध्ये एक हो, जसले श्रोतामाझ गहिरो प्रभाव छाड्यो।

त्यस्तै, शम्भु राईले गाएका 'हिउँजस्तै गोरी' 'माऱ्यो नि मायाले', बेनी मलैमा' 'तिम्रो माया छ कति कति', 'बाह्र हाते पटुकीले कम्मर कसौंला'जस्ता गीत उनले लेखेका हुन्। गायक राईले गाएका झन्डै दर्जन गीत उनले नै लेखेका छन्। उनले नेपाली चलचित्रका लागि पनि गीत लेखेका छन्। 'टक्टर दुई मुटुको, 'आमाको काख', 'बन्दी' 'पुरानो बुलेट' र 'नालापानी'जस्ता चलचित्रमा उनले गीत लेखेका छन्।

भट्टराईका गीतमा प्रेम, प्रकृति, सम्बन्ध र मानवीय संवेदना भेटिन्छ। उनी आफ्नो सिर्जनाको स्रोत जीवनका भोगाइ र साहित्यिक अध्ययनलाई मान्छन्। 'मलाई पढ्न धेरै रुचि छ,' उनी भन्छन्, 'विभिन्न साहित्यिक कृति पढ्दा त्यहाँका पात्रको दुःख-पीडा र खुसीलाई आफ्नै जस्तो गरी अनुभूत गर्छु, अनि ती अनुभूतिहरू गीतमा आउँछन्।'

उनका अनुसार गीत सिर्जना केवल व्यक्तिगत अनुभवबाट मात्र जन्मँदैन, अरूका जीवनका कथा पनि गीतको स्रोत बन्छन्। त्यसैले उनका शब्दहरूमा प्रेमको मिठाससँगै बिछोडको पीडा, सामाजिक सम्बन्धका उतारचढाव र समयको अनुभूति पनि गहिरोसँग व्यक्त हुन्छ। भट्टराईका लागि कानुन पेसा जिम्मेवारी हो भने गीतलेखन आत्मिक संसार। त्यसैले उनका सिर्जनामा केवल शब्द मात्र हुँदैनन्, जीवनका अनेक अनुभूतिहरू पनि भेटिन्छन्।

रमेश कोइराला

कानुन व्यवसाय र गीतलेखनलाई एकैसाथ अघि बढाइरहेका अर्का गीतकार हुन्, रमेश कोइराला। उनी गीतमार्फत मानवीय संवेदना, प्रेम र जीवनका अनुभूतिलाई कलात्मक भाषामा व्यक्त गर्छन्। उनी ०४५ सालदेखि नै गीतलेखनमा सक्रिय छन्। त्यसयता उनले करिब एक सयवटा गीत लेखिसकेका छन् भने चारवटा एल्बम पनि स्रोतामाझ ल्याइसकेका छन्। गीतलेखन र वकालत दुवै यात्रा लगभग सँगसँगै सुरु भएको उनी सुनाउँछन्।

उनका गीतमा नेपाली संगीत क्षेत्रका थुप्रै चर्चित गायक-गायिकाले स्वर दिएका छन्। दीप श्रेष्ठ, ओमविक्रम विष्ट, राजेश पायल राई, स्वरूपराज आचार्यलगायतका चर्चित कलाकारहरूसँग उनको सहकार्य रहँदै आएको छ। गीतप्रति उनको दृष्टिकोण पनि फरक छ। 'गीतले आफूलाई बोक्नुपर्छ,' उनी भन्छन्, 'प्रायः मानिसहरू गीतलाई बोकेर हिँड्छन्, तर राम्रो गीतले श्रोतालाई आफैंभित्र समेट्न सक्नुपर्छ।'

कोइरालाका अनुसार गीतलेखन र वकालत दुवै अभिव्यक्तिका माध्यम हुन्। फरक यति मात्र हो, अदालतमा दृष्टिकोण कडा र औपचारिक हुन्छ, गीतमा त्यही अनुभूति कलात्मक रूपमा प्रस्तुत हुन्छ। 'वकालतका क्रममा भेटिने मानिसका पीडा, संघर्ष र अनुभूतिहरू कहिलेकाहीं गीतमा आउँछन्। गीतमा सीमित शब्दभित्र भावना पोख्नुपर्छ। अदालतमा पनि दृष्टिकोण राखिन्छ, तर गीतमा त्यो अझ कलात्मक हुनुपर्छ,' उनी भन्छन्।

उनका गीतहरूमा प्रेम, सम्बन्ध, समाज र जीवनका अनुभूति अभिव्यक्त हुन्छन्। उनी आफूलाई छुने विषय, देखेका घटनाक्रम र भोगाइलाई गीतमा उतार्ने गर्छन्। 'लेखन दिमागमा उब्जिने कुरा हो। काम गर्ने क्रममा कुनै विषयले छोयो भने त्यसलाई गीतमा उतार्छु।' कोइरालाका लागि संगीत मानसिक ताजगीको स्रोत पनि हो।

हरिराम पौडेल

वकालतसँगै गीतलेखनमा सक्रिय अर्का श्रष्टा हुन्, हरिराम पौडेल। उनले 'मेरो खुसी मेरा चाह' गीतिसंग्रह ल्याइसकेका छन्। यसमा ७५ वटा गीत समेटिएका छन्, जसले प्रेम, पीडा र जीवनका सूक्ष्म भावनात्मक आयामलाई समेट्छ। जसमा केही रेकर्ड भइसकेका छन् भने केही रेकर्डिङको प्रक्रियामा छन्।

उनका गीतहरूलाई पनि विभिन्न गायक-गायिकाले स्वर दिइसकेका छन्। केही समयअघि जगतमर्दन थापाको स्वरमा 'लालीगुराँस फूलभन्दा राम्रो मलाई केही छैन' बोलको गीत सार्वजनिक भएको थियो। त्यसबाहेक करिब पाँचवटा गीत रेकर्ड भइसकेका छन्। उनले लेखेको 'सँगसँगै' गीतमा एलिना चौहान र किरण भुजेलको स्वर रहेको छ, भने 'पिरतीको गीतमा' गायिका बबिना भट्टराईले स्वर दिएकी छिन्।

पौडेलका गीतहरूमा प्रेम, सम्बन्ध, सामाजिक जीवन र मानवीय संवेदनाका विविध पक्ष भेटिन्छन्। उनी गीतलाई केवल मनोरञ्जन होइन, समाजसँग संवाद गर्ने शक्तिशाली माध्यमका रूपमा हेर्छन्।

लैंगिकता



● सिरिल रामाफोसा
(राष्ट्रपति, दक्षिण अफ्रिका)



● पेड्रो सान्चेज
(प्रधानमन्त्री, स्पेन)



> जब महिला, बालबालिका र किशोरकिशोरी समृद्ध हुन्छन्, समाज बलियो हुन्छ, अर्थतन्त्र अझ लचिलो हुन्छ र देशहरू भविष्यका लागि राम्रोसँग तयार हुन्छन्

महिला, किशोरकिशोरी र बालबालिका असफल पार्ने छुट छैन संसारलाई

संसारका धेरै भागमा बच्चा जन्माउनु अझै पनि आशाभन्दा बढी त्रास छ। बिजुलीविनाको क्लिनिक, आपूर्तिविनाका नर्स, नयाँ जीवन दिँदा आफ्नै मृत्यु हुन सक्छ भनेर जान्ने आमा। यी डर केवल भावनात्मक मात्र होइनन्, बरु तथ्यांकले नै पुष्टि गरेका छन्। विश्वभर प्रत्येक दुई मिनेटमा बच्चा जन्माउँदै गर्दा एक महिलाको मृत्यु हुन्छ। प्रत्येक वर्ष, लगभग पचास लाख बालबालिका आफ्नो पाँचौं जन्मदिन देख्न पाउँदैनन्। अन्तर्राष्ट्रिय दातृ संस्थाका सहायता कटौती जारी रह्यो भने यो संख्या अझै बढ्ने अनुमान छ। ल्यान्सेट मेडिकल जर्नलले २०३० सम्ममा एक करोड ४० लाखभन्दा बढी थप मानिसको मृत्यु हुन सक्ने अनुमान गरेको छ, जसमा पाँच वर्षमुनिका ४५ लाख बालबालिका पर्छन्। स्मरण रहोस्, यति ठुलो संख्यामा मृत्यु हुनु भनेको अबुजा, ब्रासिलिया वा रोमको आकारको सहर नै मेटाउनुबराबर हो।

विश्वव्यापी प्रगतिको वास्तविक मापन वित्तीय बजार वा शिखर सम्मेलनका घोषणामा पाइँदैन। यो त कुनै पनि महिला गर्भावस्था र प्रसव पीडाबाट बच्न सक्छिन् कि सक्दिनन्, शिशुलाई खोप र पोषणयुक्त खाना दिइएको छ कि छैन, र किशोरकिशोरी स्वस्थ, सुरक्षित र आशावादी हुन सक्छन् कि सक्दैनन् भन्ने कुरामा मापन गरिन्छ। जब महिला, बालबालिका र किशोरकिशोरी समृद्ध हुन्छन्, समाज बलियो हुन्छ, अर्थतन्त्र अझ लचिलो हुन्छ र देश भविष्यका लागि राम्रोसँग तयार हुन्छन्। जब तिनीहरू असफल हुन्छन्, लागत केबल रोकथाम गर्न सकिने मृत्यु र पीडामा मात्र मापन गरिँदैन, बरु ठुलो मात्रामा हराएको मानव क्षमतामा पनि मापन गरिन्छ।

यसैकारण महिला, बालबालिका र किशोरकिशोरीको स्वास्थ्यमा लगानी गर्नु कुनै पनि सरकारले गर्न सक्ने सबैभन्दा महत्त्वपूर्ण लगानीमध्ये एक हो। यसको प्रमाण अत्यधिक छ। महिला स्वास्थ्यमा भएको खाडललाई मात्र कम गर्नाले २०४० सम्ममा विश्व अर्थतन्त्रमा प्रतिवर्ष कम्तीमा एक ट्रिलियन डलर थप्न सकिन्छ। बाल्यकालको खोप वा किशोरावस्थाको मानसिक स्वास्थ्यमा लगानी गरिएको प्रत्येक डलरले जीवनभर लगभग २० डलर फिर्ता गर्छ, स्वास्थ्य सेवा बचतमा र उत्पादकत्वमा। स्वस्थ महिलाले परिवार र अर्थतन्त्रलाई सुरक्षित बनाउँछन्। स्वस्थ बालबालिका र किशोरकिशोरी समाजमा भाग लिन, जीविकोपार्जन निर्माण गर्न र थप स्थिर, समृद्ध भविष्यका लागि आकार दिन राम्रोसँग सुसज्जित हुन्छन्।

तैपनि, विश्वभरका स्वास्थ्य प्रणाली सहायता कटौती, ऋण, द्वन्द्व र खुम्चिएको वित्तीय स्थानका कारण कमजोर बन्दै गइरहेका छन्। सन् २०२५ मा आधिकारिक विकास सहायतामा २३ प्रतिशतले गिरावट आएको छ, जुन इतिहासकै सबैभन्दा ठुलो वार्षिक गिरावट हो। आगामी वर्षमा ५० भन्दा बढी देशमा स्वास्थ्यकर्मीले आफ्नो जागिर गुमाउँदै छन्। केही ठाउँमा मातृ हेरचाह, खोप र आपत् कालीन प्रतिक्रियामा ७० प्रतिशतले कटौती गरिएको छ। साथै, यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार तीव्र राजनीतिक आक्रमणको चपेटामा परेको छ, जसका कारण कठिनाइले हासिल गरेको प्रगतिलाई जोखिममा पारेको छ।

महिला र बालिकाले सबैभन्दा बढी बोझ वहन गर्छन्। २०२३ मा विश्वभर १० मध्ये ६ मातृ मृत्यु द्वन्द्वग्रस्त देशमा भएको थियो। वास्तवमा, द्वन्द्व प्रभावित देशमा बसोवास गर्ने महिला स्थिर देशका समकक्षीको तुलनामा गर्भावस्थासँग सम्बन्धित कारणले मृत्यु हुने सम्भावना पाँच गुणा बढी हुन्छ। धेरै महिलाले अझै पनि गुणस्तरीय मातृ स्वास्थ्य सेवा, गर्भनिरोधक र आवश्यक प्रजनन सेवामा पहुँच गुमाउँछन्। धेरै बालिकाले हिंसा, भेदभाव र स्वास्थ्य सेवामा अवरोधको सामना गर्छन्, जसले उनीहरूको स्वतन्त्रता र भविष्यलाई पनि खुम्च्याउँछ। जब बजेट कसिलो हुन्छ, महिला र बालबालिका प्रायः कटौती महसुस गर्ने पहिलो र सुरक्षित महसुस गर्ने अन्तिम हुन्छन्।

दक्षिण अफ्रिकामा हामी प्राथमिक स्वास्थ्य सेवालाई सुदृढ पार्न, गुणस्तरीय सेवामा समान पहुँच विस्तार गर्न, स्वास्थ्य कार्यबलमा लगानी गर्न र सबैभन्दा बढी आवश्यकतामा परेकालाई पुग्ने थप समावेशी स्वास्थ्य प्रणाली निर्माण गर्न काम गरिरहेका छौं। हामी बुझ्छौं कि स्वास्थ्यमा प्रगति अपरिहार्य छ। यदि महिलालाई हेरचाहबाट वञ्चित गरियो, बालबालिकालाई असुरक्षित छोडियो भने वा किशोरकिशोरीलाई उनीहरूको प्रगतिका लागि आवश्यक सेवा र अवसरबाट वञ्चित गरियो भने समाज समृद्ध हुन सक्दैन।

स्पेनमा सार्वजनिक राष्ट्रिय स्वास्थ्य सेवाले विश्वव्यापी कभरेज प्रदान गरेको छ र यो विश्वको सबैभन्दा कम मातृ तथा शिशु मृत्युदरमध्ये एक हो। हामी विश्वास गर्छौं कि स्वदेशमा जे हासिल गरेका छौं, त्यो विश्वव्यापी रूपमा प्राप्त गर्न सकिन्छ। यसैकारण स्पेनको विश्वव्यापी स्वास्थ्य रणनीति २०२५-०३० ले हाम्रो अन्तर्राष्ट्रिय कार्यको केन्द्रमा समानता, लचिलो स्वास्थ्य प्रणाली र यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई राख्छ। गत वर्ष सेभिल्लामा भएको विकासका लागि वित्तपोषणसम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा, सेभिल्ला प्रतिबद्धता र सेभिल्ला प्लेटफर्म फर एक्सनमार्फत हामीले ऋण संकट, दिगो लगानी र विश्वव्यापी वित्तपोषण संरचनाको सुधारमा अन्तर्राष्ट्रिय ध्यान केन्द्रित गर्न सहयोग गर्यौं।

हामी यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको रक्षा गर्न पनि स्पष्ट हुनुपर्छ। यी अधिकार कम महत्त्वका र सम्झौतायोग्य छैनन्। यी अधिकार मर्यादा, समानता र सार्वजनिक स्वास्थ्यको केन्द्रबिन्दु हुन्। राजनीति, गरिबी वा भेदभावका कारण कुनै पनि महिला वा केटीलाई जीवन बचाउने पहुँचबाट वञ्चित गर्नुहुँदैन।

त्यसैले, अन्तर्राष्ट्रिय समुदायका अगाडि प्रश्न यो होइन कि हामी महिला, बालबालिका र किशोरकिशोरीमा लगानी गर्न सक्छौं कि सक्दैनौं। बरु प्रश्न यो हो कि हामी लगानी गर्न किन सक्दैनौं ? उत्तर स्पष्ट छ। ठुलो अस्थिरता, गहिरो असमानता, कमजोर अर्थतन्त्र अहिलेको कार्यको लागतभन्दा धेरै बढी छ। यही भावनामा स्पेन ग्लोबल लिडर्स नेटवर्कमा सामेल भइरहेको छ। नेटवर्कले महिला, बालबालिका र किशोरकिशोरीको स्वास्थ्य र अधिकारलाई अगाडि बढाउन प्रतिबद्ध १२ राष्ट्र तथा सरकार प्रमुखलाई एकै ठाउँमा ल्याउँछ। तर, यो प्रयास हामीसँगै रोकिनुहुँदैन। चुनौती धेरै छन्। जोखिम उच्च छन्।

अत्यावश्यक स्वास्थ्य सेवाको सुरक्षा गर्न, अग्रपंक्तिमा रहेका स्वास्थ्यकर्मीमा लगानी गर्न, यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको रक्षा गर्न र वित्तीय सुधारले सबैभन्दा बढी आवश्यक पर्ने मानिसलाई सेवा प्रदान गर्ने कुरा सुनिश्चित गर्न थप सरकार अगाडि बढ्न आवश्यक छ। महिला, बालबालिका र किशोरकिशोरी विश्वव्यापी नीतिको परिधीय चासोभित्र छन् भन्नका लागि हामीलाई थप नेता चाहिन्छ।

यो राजनीतिक साहसको क्षण हो। यो पछि हट्नुभन्दा लगानी, उदासीनताभन्दा ऐक्यबद्धता र आत्मसन्तुष्टिभन्दा कार्य रोज्ने क्षण हो। सबैभन्दा महत्त्वपूर्ण कुरा यो एउटा साधारण सत्यलाई चिन्ने क्षण हो, यदि महिला, बालबालिका र किशोरकिशोरी हाम्रा निर्णयको केन्द्रमा छैनन् भने भविष्य निष्पक्ष, स्थिर वा दिगो हुनेछैन।

*(अलजजिरामा प्रकाशित दक्षिण अफ्रिकाका राष्ट्रपति रामाफोसा र स्पेनका प्रधानमन्त्री सान्चेजको आलेखलाई **सुभाष शर्मा**ले अनुवाद गरेका हुन्।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ९ जेठ ०८३

रेलमार्गको नाममा ६ वर्षदेखि नागरिकको ७६० बिघा जग्गा रोक्का

हचुवाका भरमा निर्णय गर्दा न परियोजना अघि बढ्यो, न नागरिकको जग्गा फुकुवा भयो



सरकारले ०७७ जेठमा मुआब्जाविना सात सय ६० बिघा जग्गा रोक्का गरी असारमा ३३ अर्बमा रेलमार्ग निर्माणको ठेक्का लगायो, तर भदौमै ठेक्का रद्द गरियो, रोक्का राखेको पाँच वर्षपछि जग्गा फुकुवा गर्ने निर्णय भयो, तर कार्यान्वयन भएन

झापामा **चिरञ्जीवी घिमिरे**

हचुवाका भरमा गरिने निर्णयले नागरिकलाई कतिसम्म असर गर्छ भन्ने उदाहरण बनेको छ, पूर्व-पश्चिम विद्युतीय रेलमार्ग । सरकारले ६ वर्षअघि सुरु गरेको यो आयोजनाले निजी सम्पत्ति रोक्का गर्दा नागरिकले दुःख मात्र पाएका छैनन्, सरकारप्रतिको विश्वास पनि टुटेको छ ।

रेलमार्ग निर्माणका लागि भन्दै सरकारले जेठ ०७७ मा काँकडभिट्टा-इनरुवा खण्डमा करिब सात सय ६० बिघा निजी जग्गा रोक्का गऱ्यो । जसले गर्दा आर्थिक वर्ष ०७७/७८ को मंसिरमा कार्यालय स्थापना भएयता नै कर्मचारी कामविहीनजस्तै छन् । उनीहरू रेलमार्ग प्रभावितको गुनासो मात्रै सुन्दै आएका छन् । तर, प्रभावितले गरेको गुनासोको जवाफ उनीहरूसँग छैन । झापाको दमकमा रेल आयोजना कार्यालय र इटहरीमा सम्पर्क कार्यालय स्थापना गरिएका छन् । सरकारले हचुवाका भरमा मुआब्जाविना जग्गा रोक्का गरी ३३ अर्ब रुपैयाँमा असार ०७७ मा यो खण्डमा रेलमार्ग निर्माणको ठेक्का लगाएको थियो । तर, ०७७ भदौमै सो ठेक्का अघि बढ्न नसक्ने भन्दै रद्द गरियो ।

सरकारले आर्थिक वर्ष ०८२/८३ को बजेटमार्फत रेलमार्ग निर्माणका लागि रोक्का राखेको जग्गा फुकुवा गर्ने निर्णय गऱ्यो । यसले उक्त खण्डमा रेलमार्ग नबन्ने निश्चितजस्तै भयो । कुल एक सय ६ किलोमिटर यो खण्डका लागि राज्यकोषबाट हालसम्म तीन करोड ५७ लाख ८० हजार रुपैयाँ खर्च भइसकेको रेल विभागका सूचना अधिकारी तथा रेल आयोजना कार्यालय दमकका प्रमुखको अतिरिक्त जिम्मेवारी पाएका बोध भण्डारीले बताए । उनका अनुसार रेलमार्गका नाममा कार्यालयबाट चालूतर्फ एक करोड ९२ लाख ६ हजार नौ सय २४ रुपैयाँ र पुँजीगततर्फ एक करोड ६५ लाख ६ सय ३७ रुपैयाँ खर्च भएको छ ।

सरकारले रेलमार्गको जग्गा फुकुवा गर्ने बजेटमै घोषणा गरे पनि यो रेलमार्ग आयोजना कार्यालय एक वर्षसम्म अभै सञ्चालनमै छ । अहिले ६ जना कर्मचारी कार्यरत रहेको सूचना अधिकारी भण्डारीले बताए । 'मन्त्रीस्तरीय निर्णयले रेलमार्गमा परेकाबाहेकको जग्गाको हकमा आंशिक फुकुवा गर्ने निर्णय भएको छ । त्यही कामका लागि अहिले पनि दमकमा कार्यालय छ । हामी त कि काम देऊ, हैन भने कार्यालय बन्द गर, अनावश्यक खर्च नगरौं भनेकै छौं,' सूचना अधिकारी भण्डारीले भने, 'अहिले कार्यालयबाट नागरिकको रेलमार्गमा परेको बाहेक आंशिक जग्गा फुकुवा, कसैको मृत्युपछि हक हस्तान्तरणको नामसारीलगायतका काम भइरहेका छन् ।'

राजनीतिक प्रभावमा हचुवाका भरमा र पर्याप्त तयारी नगरी आयोजना छनोट गर्दा आयोजना अलपत्र पर्ने गरेको योजना आयोगका पूर्वउपाध्यक्ष प्रकाशकुमार श्रेष्ठ बताउँछन् । 'योजना छनोट गर्दा पूर्ण तयारी हुँदैन । राजनीतिक प्रभावले बजेट हालिन्छ । मुआब्जालगायतको प्रक्रिया सकिएको हुँदैन,' उनले भने, 'त्यसपछि विवाद उत्पन्न हुन्छ । मुआब्जा दिन बजेट चाहिन्छ । हचुवाका भरमा र पर्याप्त तयारी नगरी योजना छनोट गर्दा योजना नै अधकल्चो बन्न पुग्छ ।'

निजी सम्पत्तिमाथि राज्यको मनपरी

रेल विभागले रेलमार्ग निर्माणका लागि पाँच वर्ष करिब सात सय ६० बिघा निजी जग्गा रोक्का गरेको थियो । आर्थिक वर्ष ०८२/८३ को बजेटमा पूर्व-पश्चिम रेलमार्गअन्तर्गत काँकडभिट्टा-इनरुवा खण्डका लागि रोक्का राखेको निजी जग्गा फुकुवा गर्ने उल्लेख भएसँगै स्थानीयले राहतको महसुस गरे । यद्यपि, त्यो निर्णय पनि कार्यान्वयन भने भइनसकेको रेलवे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति कोशी प्रदेश अध्यक्ष लक्ष्मी मैनालीको भनाइ छ । 'सरकारले ६ वर्षसम्म जग्गा रोक्का राख्यो, अहिलेसम्म न मुआब्जा दियो, न क्षतिपूर्ति नै दियो,' उनले भने, 'यो राज्यबाट व्यक्तिको सम्पत्तिमाथिको प्रहार पनि हो । नागरिकको मौलिक हकमाथिको प्रहार पनि हो ।' रेलमार्ग प्रभावितले सरकारसँग पटक-पटक आग्रह गर्दा पनि कुनै सुनुवाइ नभएको उनको भनाइ छ । झन्झटिलो प्रक्रियाका कारण सरकारले गरेको आंशिक फुकुवाको निर्णय कार्यान्वयन हुन नसकेको समन्वय समिति कोशी प्रदेश महासचिव रञ्जित प्रसाईंले बताए । सरकारले नागरिकको सम्पत्ति रोक्का गर्दा प्रभावितलाई घर-व्यवहार चलाउन मुस्किल भएको उनको भनाइ छ । सरकारले जग्गा रोक्का राख्दा मानसिक दबाब र सामाजिक बहिष्कारको सिकार बन्नुपरेको झापा कन्काई- ९ का रेलमार्ग प्रभावित सुनील राजवंशी बताउँछन् ।



कि मुआब्जा देऊ, कि आयोजना खारेज गर

सरकारले आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रममा पूर्व-पश्चिम रेलमार्गलाई निरन्तरता दिने उल्लेख गरेपछि प्रभावितहरू भन्ने अन्योल भएका छन् । 'सरकारले रेलमार्ग बनाउने भए आगामी आवकै बजेटमा मुआब्जाका लागि बजेट विनियोजन गर्नुपर्छ । होइन भने परियोजना नै खारेज गरेर जग्गा फुकुवा गर्नुपर्छ,' अध्यक्ष लक्ष्मी मैनाली भन्छन्, 'अहिलेको सरकारले कुनै कुरामा झुलाउँदैन भन्ने विश्वास छ । सरकारले बजेटमै नागरिकको रोक्का राखेको जग्गा फुकुवा गर्ने घोषणा गरे पनि जग्गा फुकुवाको निर्णय कार्यान्वयन हुन नसकेको विभागका सूचना अधिकारी बोध भण्डारी बताउँछन् । यसका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पत्र पठाए पनि हालसम्म केही नभएको भण्डारीले जानकारी दिए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता ई. रामहरि पोखरेलले भने यसबारेमा जानकारी नभएको बताए ।

नेपालले १९ खर्ब ४१ अर्बको व्यापार गर्दा १४ खर्ब ४३ अर्ब घाटा

१० महिनामा झन्डै १७ खर्बको वस्तु आयात, दुई खर्ब ४८ अर्बको निर्यात

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपालको वैदेशिक व्यापारसँगै व्यापार घाटासमेत बढ्दो अवस्थामा देखिएको छ । चालू आर्थिक वर्ष ०८२/८३ को १० महिनामा कुल व्यापार र व्यापार घाटा समान १४ प्रतिशतले बढेको हो । वैशाख मसान्तसम्ममा नेपालले कुल १९ खर्ब ४१ अर्बको व्यापार गर्दा १४ खर्ब ४३ अर्ब नोक्सान व्यहोरेको हो ।

यो १० महिनामा नेपालले १६ खर्ब ९२ अर्ब ६४ करोडको वस्तु आयात गरेको छ । भन्सार विभागको तथ्यांकअनुसार गत आवको सोही अवधिमा १४ खर्ब ७४ अर्ब १८ करोड रुपैयाँ आयात भएको थियो । यस आधारमा आयात १४.८२ प्रतिशतले बढेको छ । त्यस्तै, निर्यात पनि १४.२५ प्रतिशतले बढेको छ । चालू आवको १० महिनामा दुई खर्ब ४८ अर्ब ९६ करोड रुपैयाँबराबरको वस्तु निर्यात भएको छ । गत आवको सोही अवधिमा दुई खर्ब १७ अर्ब ९१ करोड रुपैयाँको निर्यात भएको थियो ।

यद्यपि, निर्यातको तुलनामा आयातको आकार बढी भएकाले व्यापार घाटा पनि उल्लेख्य रूपमा विस्तार भएको छ । निर्यातभन्दा आयात धेरै हुने नेपालको पुरानो समस्या कायम छ । चालू आर्थिक वर्षको पहिलो १० महिनामा १४ खर्ब ४३ अर्ब ६७ करोड रुपैयाँको व्यापार घाटा भएको छ । गत वर्ष सोही अवधिमा व्यापार घाटा १२ खर्ब ५६ अर्ब २७ करोड रुपैयाँ थियो । यसले व्यापार घाटा १४.९२ प्रतिशतले बढेको देखाउँछ । नेपालले विदेशबाट किनेको वस्तुको मूल्य विदेशमा बेचेको वस्तुभन्दा झन्डै ६.८ गुणा बढी छ ।

कुल व्यापार १९ खर्ब नाघ्यो

आयात र निर्यात दुवै बढेपछि नेपालको कुल वैदेशिक व्यापार पनि विस्तार भएको छ । चालू आर्थिक वर्षको पहिलो १० महिनामा कुल व्यापार १९ खर्ब ४१ अर्ब ६० करोड रुपैयाँ पुगेको छ । गत वर्ष यही अवधिमा कुल व्यापार १६ खर्ब ९२ अर्ब नौ करोड रुपैयाँ थियो । यसरी कुल वैदेशिक व्यापार १४.७५ प्रतिशतले बढेको छ । कुल व्यापारमा आयातको हिस्सा ८७.१८ प्रतिशत छ भने निर्यातको हिस्सा १२.८२ प्रतिशत मात्र रहेको छ । गत वर्ष निर्यातको हिस्सा १२.८८ प्रतिशत थियो । अर्थात्, निर्यात बढे पनि कुल व्यापारमा यसको योगदान केही घटेको देखिन्छ ।

१.३० खर्बको डिजेल आयात

१० महिनामा नेपालले सबैभन्दा धेरै मूल्यको आयात डिजेलमा गरेको छ । यस अवधिमा एक खर्ब ३० अर्ब ९३ करोड रुपैयाँभन्दा बढी मूल्यबराबरको डिजेल आयात भएको छ । त्यसपछि कच्चा सोयाबिन तेल एक खर्ब ६ अर्ब ८२ करोड रुपैयाँ र पेट्रोल ५८ अर्ब ६३ करोड रुपैयाँको आयात भएको छ । एलपिजी ग्यास, फलामजन्य कच्चा पदार्थ, मल, कोइला तथा विभिन्न प्रकारका खाद्य तेल पनि उच्च मूल्यका आयातित वस्तुमा परेका छन् । स्मार्टफोन ३९ अर्ब ३९ करोड रुपैयाँभन्दा बढी मूल्यमा आयात भएको छ । सुन र चाँदीको आयात पनि उल्लेखनीय देखिएको छ । त्यसैगरी, विद्युतीय सवारीसाधन, मोटरसाइकल, औषधि, धान र ताजा स्याउसमेत नेपालका प्रमुख आयातित वस्तुका रूपमा रहेका छन् । मुलुकको आयात संरचना इन्धन, औद्योगिक कच्चा पदार्थ, कृषि उत्पादन र उपभोग्य वस्तुमा केन्द्रित देखिन्छ ।

■ **सर्वाधिक आयात भएका वस्तुहरू**

वस्तु	मूल्य (रु. हजारमा)
डिजेल	१३,०९,३७,४१४
कच्चा सोयाबिन तेल	१०,६८,२२,८१८
पेट्रोल	५,८६,३९,९१८
फलामजन्य उत्पादन	४,८०,५२,२३०
खाना पकाउने ग्यास (एलपिजी)	४,६१,३४,४१५
स्मार्टफोन	३,९३,९१,३३५
सुन	२,५७,८५,०३६
डिएपी मल	२,४०,८७,६१३
हट-रोल्ड फलाम (चौडाइ ६०० मिमी वा बढी, ३ मिमीभन्दा कम मोटाइ)	२,३४,३६,७८६
औषधिजन्य सामग्री	२,३२,२१,४२३

एक खर्बको भटमास तेल निर्यात

धेरै निर्यात हुने वस्तुमा प्रशोधित सोयाबिन तेल अग्रस्थानमा छ । यसको निर्यात मूल्य करिब एक खर्ब एक अर्ब रुपैयाँ पुगेको छ । त्यसपछि ठुलो अलैंची ११ अर्ब ४२ करोड रुपैयाँभन्दा बढी मूल्यमा निर्यात भएको छ । ऊन वा जनावरको रौंबाट बनेका कार्पेट तथा अन्य भुइँ बिछ्याउने सामग्री आठ अर्ब ४८ करोड रुपैयाँको निर्यात भएको छ । त्यस्तै, सूर्यमुखी तेल सात अर्ब ४१ करोड रुपैयाँ, रिफाइन्ड पाम ओलिन पाँच अर्ब ५६ करोड रुपैयाँ तथा जुटका कपडा पाँच अर्ब १९ करोड रुपैयाँभन्दा बढी मूल्यमा निर्यात भएका छन् । कपडा तथा धागोको निर्यात पनि उल्लेखनीय छ । फेल्ट, पोलिस्टर मिसिएको धागो, कृत्रिम स्ट्रिपबाट बनेका कपडा, ऊनी सल तथा स्कार्फजस्ता वस्तुको निर्यात भएको छ । अलैंची, कालो चिया, फलफूलका रसको मिश्रण, कुकुर तथा बिरालोको खाना, पास्ता तथा कोल्जा बिउको तेलखली प्रमुख निर्यात वस्तुका रूपमा रहेका छन् ।

संक्षेप

लुम्बिनीमा बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल सुरु

बुटवल/ लुम्बिनी प्रदेश सभामा आगामी आर्थिक वर्ष ०८३/८४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल सुरु भएको छ । शुक्रबार बसेको प्रदेश सभाको आठौं अधिवेशनको तेह्रौं बैठकमा प्रदेश सभा सदस्यहरूले सामाजिक न्याय, स्वास्थ्य सेवा विस्तार, कृषि उत्पादन, रोजगारी सिर्जना र उद्यम विकासलाई बजेटको प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन् । सदस्यहरूले सरकारले प्रस्तुत गरेका सिद्धान्त र प्राथमिकतामा समावेश गरिएका विषयहरूको प्रभावकारी कार्यान्वयनको विषयदेखि बजेट कार्यान्वयन प्रणालीलाई बलियो बनाउनुपर्ने, योजनामा वित्तीय अनुशासन कायम गर्नुपर्ने तथा खर्च प्रणालीलाई पारदर्शी र नतिजामुखी बनाउन आवश्यक रहेकोमा जोड पनि दिए । प्रदेश सभा सदस्य भोजप्रसाद श्रेष्ठ, भगवती अधिकारी, भुवनेश्वर चौधरी, तारा थापा, डिल्लीराज भुसाल, मीनाकुमारी श्रेष्ठ, बसन्ती न्यौपाने, यमबहादुर नेपाली सार्की, धनलक्ष्मी श्रेष्ठ, विष्णुप्रसाद पन्थीलगायतले छलफलमा भाग लिएका थिए । उनीहरूले बजेट प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन सुझाव दिएका थिए ।

सार्वजनिक सवारीसाधनको दर्ता नरोक्न चेम्बरको माग

काठमाडौं/ नेपाल चेम्बर अफ कमर्सले सार्वजनिक सवारीसाधनको नयाँ दर्ता रोक्ने निर्णय फिर्ता लिन सरकारसँग माग गरेको छ । चेम्बरले शुक्रबार विज्ञप्ति जारी गर्दै नयाँ दर्ता रोक्ने कार्यले अटोमोबाइल व्यवसायमा ठुलो आर्थिक जोखिम ल्याउने भएकाले त्यसबाट पछि हट्न सरकारलाई आग्रह गरेको हो । यातायात व्यवस्था विभागले 'सार्वजनिक सवारीको वैज्ञानिक व्यवस्थापन गर्ने उद्देश्यले अर्को सूचना जारी नभएसम्म सम्पूर्ण सार्वजनिक सवारीसाधन (इलेक्ट्रिकसमेत)को दर्ता रोक्का गरिएको' भन्दै जारी गरेको निर्णयले अटोमोबाइल व्यवसायीहरू ठुलो आर्थिक जोखिममा परेको चेम्बरले दाबी गरेको छ । सार्वजनिक सवारी व्यवस्थापनलाई वैज्ञानिक, व्यवस्थित र दीर्घकालीन बनाउन सरकारद्वारा ल्याउन लागिएको नीति स्वागतयोग्य भए पनि व्यवसायीहरूसँग कुनै पूर्वसूचना, छलफल वा समन्वय नगरी हठात् रूपमा दर्ता रोक्का गर्ने निर्णय गरिनु व्यावहारिक नभएको चेम्बरले उल्लेख गरेको छ ।

महासंघको वरिष्ठ उपाध्यक्षमा वैद्य र कोषाध्यक्षमा प्रधान निर्वाचित

नयाँ पत्रिका



नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा सुरकृष्ण वैद्य र कोषाध्यक्षमा मनीषलाल प्रधान निर्वाचित भएका छन् ।

महासंघको केन्द्रीय कार्यालय टेकुमा शुक्रबार सम्पन्न निर्वाचनमा वरिष्ठ उपाध्यक्षमा वैद्य र कोषाध्यक्षमा प्रधान विजयी भएका हुन् । वरिष्ठ उपाध्यक्ष पदका लागि सुरकृष्ण वैद्य, रामचन्द्र संघाई र हेमराज ढकालले मनोनयन गराएका थिए । ढकालले पछि उम्मेदवारी फिर्ता लिए । कोषाध्यक्ष पदमा मनीषलाल प्रधान अम्बिकाप्रसाद पौडेलको उम्मेदवारी परेको थियो ।

वरिष्ठ उपाध्यक्षमा निर्वाचित वैद्यले ५६ मत ल्याउँदा प्रतिस्पर्धी संघाईले ३० मत प्राप्त गरे । त्यस्तै, कोषाध्यक्षमा विजयी प्रधानले ६१ मत ल्याउँदा पौडेलले २५ मत मात्रै ल्याए । महासंघको विधान-२०४९ (सातौं संशोधनसहित) को दफा २९.५ र २९.८ बमोजिम वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष चयन गरिएको हो ।

६ जना केन्द्रीय सदस्य मनोनीत

यसैबिच आजै महासंघका अध्यक्ष अन्जन श्रेष्ठले दुईजना महिलासहित ६ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेका छन् । केन्द्रीय सदस्यमा मनोनीत हुनेहरूमा शिवप्रसाद घिमिरे, मनीषलाल प्रधान, नवीन रिजाल, गोकर्ण कार्की, दर्शना श्रेष्ठ र सहारा जोशी छन् ।

महासंघको विधान धारा २९ को (च) १० को व्यवस्थाअनुसार सबै सदस्य समूहको प्रतिनिधित्व हुने गरी कम्तीमा दुईजना महिलासहित सातजना सदस्य मनोनीत गर्न पाउने प्रावधान छ । सोही प्रावधानबमोजिम अध्यक्ष श्रेष्ठले शुक्रबार ६ जना सदस्य मनोनीत गरेका हुन् । विधानतः बाँकी रहेको एक सदस्य पदमा भने मनोनयन गर्न बाँकी रहेको छ ।

नवनिर्वाचित तथा मनोनीत पदाधिकारी एवं सदस्यहरूलाई महासंघका अध्यक्ष अन्जन श्रेष्ठले पद तथा गोपनीयताको शपथग्रहण गराएका थिए । सो अवसरमा बधाई ज्ञापन गर्दै अध्यक्ष श्रेष्ठले निजी क्षेत्रको व्यावसायिक हकहित र देशको आर्थिक विकासका लागि सबै एकजुट भएर अगाडि बढ्नुपर्ने बताए । उनले देशभरका उद्योगी-व्यवसायीका माग सम्बोधन गर्दै आर्थिक समृद्धि र विकासका लागि महासंघ सक्रिय रहने धारणा राखे ।

महासंघको वैशाख २१ र २२ मा सम्पन्न ६०औं वार्षिक साधारणसभा तथा निर्वाचनपछि विधानको २९.३ को (वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने) व्यवस्थाअनुसार अन्जन श्रेष्ठ महासंघको अध्यक्षमा निर्वाचित भएका थिए । ०८१ मंसिरमा गरिएको सातौं संशोधनअनुसार यस कार्यकालका लागि मात्र वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधान लागू गरिएको थियो । संशोधित विधानमा आगामी कार्यकालदेखि वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने व्यवस्था नभई साधारणसभाबाट प्रत्यक्ष निर्वाचनमार्फत अध्यक्ष निर्वाचित हुने व्यवस्था छ ।

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, नारायणगढ शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०२/०९ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १८०४०८/०७४/०७५ कायम भई मिति २०७४/०९/०९ मा दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १५ स्थित **उपदेश हर्बल उद्योग प्रा.लि.** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१.	भद्र बहादुर थापाको नाती, भगद बहादुर थापाको छोरा, नुवाकोट जिल्ला, बालकुमारी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **शिवराम थापा** ।
२.	भद्र बहादुर थापाको नाती, भगद बहादुर थापाको छोरा, नुवाकोट जिल्ला, बालकुमारी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **नानिराम थापा** ।
३.	भद्र बहादुर थापाको नाती, भगद बहादुर थापाको छोरा, नुवाकोट जिल्ला, बालकुमारी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **आकाश थापा** ।
४.	कृष्ण बहादुर अधिकारीको छोरी, आकाश थापाको श्रीमती, चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **सम्झना अधिकारी** ।
५.	भगद बहादुर थापाको नाती, नानिराम थापाको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १५ बस्ने **प्रथम थापा** ।
६.	दिल्ली ब. थापाको छोरी, नानिराम थापाको श्रीमती, नुवाकोट जिल्ला, पञ्चकन्या गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **लेखत कुमारी थापा** ।
७.	रोहिन्द्र प्रसाद पौडेलको छोरी, प्रथम थापाको श्रीमती, चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १० बस्ने **अस्मीता पौडेल** ।
८.	भगद बहादुर थापाको नातीनी, शिवराम थापाको छोरी, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १५ बस्ने **सरगम थापा** ।
धितो सुरक्षणको विवरण :	
१.	**शिवराम थापा, नानिराम थापा र आकाश थापा**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २क) को कित्ता नं. २३९ को ०–७–० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२.	**भैरव कुमारी थापा**को नाममा मालपोत कार्यालय भरतपुर चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. ३ (नक्सा सिट नं. ३ग) को कित्ता नं. १४३१ को ३००.४२ (व.मि) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
३.	**भैरव कुमारी थापा**को नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २क) को कित्ता नं. १०२१ को ०-०-१२.५-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
४.	धनि सानिमा बैक (ऋणीः **उपदेश हर्बल उद्योग प्रा.लि.**) को नाममा सम्बन्धित यातायात कार्यालयमा दर्ता रहेको निम्न सवारी साधन :

क्र.सं.	दर्ता नं.	मोडल	ईन्जिन नं.	च्यासिस नं.	बनेको वर्ष
१	प्रदेश ३-०१ ०२४ च ७१३९	EECO Cargo Van	G12BN900674	MA3EREHS00891938	2021

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

डाबरको मह बजारबाट फिर्ता गर्न आदेश

नयाँ पत्रिका



खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बजारमा बिक्री-वितरण भइरहेको डाबर नेपालको एक ब्याचको हनी (मह) उत्पादन फिर्ता गर्न आदेश जारी गरेको छ । साथै, म्याग्नेसियम ग्लाइसिनेट नामक आहारपूरक उत्पादनबारे पनि अनधिकृत बिक्री नगर्न चेतावनी दिएको छ ।

विभागले जारी गरेको सूचनाअनुसार बजार अनुगमन तथा प्रयोगशाला परीक्षणका क्रममा संकलित नमुनामा न्यूनस्तर पाइएको भन्दै सम्बन्धित ब्याचको सम्पूर्ण उत्पादन तत्काल बजारबाट फिर्ता गर्न निर्देशन दिइएको हो ।

विभागका अनुसार डाबर नेपालद्वारा उत्पादित हनीको ब्याच नम्बर एनबी००४७७ न्यूनस्तर पाइएपछि बजारबाट फिर्ता गर्न आदेश दिइएको छ । उक्त उत्पादनको विवरणअनुसार पाँच सय ग्राम प्याक साइजको हनी सन् २०२५ डिसेम्बरमा उत्पादन भएको र १८ महिनाको उपभोग्य अवधि रहेको जनाइएको छ ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३८(२) बमोजिम उक्त ब्याचका सबै उत्पादन बजारबाट तुरुन्त फिर्ता गर्न तथा बिक्री-वितरण रोक्न निर्देशन दिइएको विभागले जनाएको छ ।

विभागले आहारपूरक खाद्य पदार्थका रूपमा म्याग्नेसियम ग्लाइसिनेटसम्बन्धी विभिन्न सामग्री सामाजिक सञ्जालमा प्रचार भइरहेकोप्रति पनि ध्यानाकर्षण भएको जनाएको छ । सूचनाअनुसार म्याग्नेसियम ग्लाइसिनेट समावेश भएका कुनै पनि आहारपूरक खाद्य पदार्थ विभागमा दर्ता नभएको अवस्थामा त्यसको बिक्री-वितरण कानुनविपरीत हुनेछ ।

विभागले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार दर्ता नगरी आहारपूरक खाद्य पदार्थ बिक्री-वितरण गरेको पाइएमा कानुनी कारबाही हुने चेतावनीसमेत दिएको छ । विभागले उपभोक्ताको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै बजार अनुगमनलाई थप कडा बनाइने बताएको छ । न्यूनस्तर वा दर्ता नभएका उत्पादनहरू बिक्री भएको पाइएमा तत्काल कारबाही गरिने जनाइएको छ ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

■ आइसिसी विश्वकप लिग-२

घरेलु सिरिजमा नेपालको सानदार प्रदर्शन

पछिल्ला आठमध्ये ६ खेलमा जित निकाल्दा बढ्यो नेपालको एकदिवसीय मान्यता जोगिने सम्भावना

रमेश सुवेदी / नयाँ पत्रिका

नेपालले लगातार आइसिसी विश्वकप क्रिकेट लिग-२ को दुईवटा घरेलु सिरिजमा उत्कृष्ट प्रदर्शन गरेको छ । नेपालले समग्रमा एक महिनाको अन्तरमा आठमध्ये ६ खेलमा जित निकाली महत्त्वपूर्ण १२ अंक जोड्यो । गत वैशाखमा नेपाल ओमान र युएईसँग प्रतिस्पर्धा गर्नुअघि अंकतालिकाको सातौँ स्थानमा थियो । अहिले लिग-२ कै शीर्ष दुई टोलीविरुद्धको प्रतिस्पर्धापछि नेपालले पाँचौँ स्थान बलियो बनाएको छ ।

नेपालले चौथो स्थानको नेदरल्यान्ड्ससँग चार अंकको दूरी छोट्याएको छ भने छैटौँ स्थानको नामिबियाविरुद्ध दुई अंकको स्पष्ट अग्रता लिएको छ । अब नेपालले अगामी सिरिजमा यिनै नेदरल्यान्ड्स र नामिबियाविरुद्ध प्रतिस्पर्धा गर्नेछ । घरेलु सिरिजमा उत्कृष्ट प्रदर्शन गरेको नेपालले अब अवे सिरिजमा चुनौतीको सामना गर्नुपर्ने हुन्छ । नेपालले गत वैशाखमा युएईलाई दुई र ओमानलाई एक खेलमा हराएको थियो । यसपटक नेपालले शीर्ष स्थानको अमेरिकामाथि दुई र स्कटल्यान्डलाई एक खेलमा पाखा लगायो ।

नेपाल स्कटल्यान्डसँग डकवर्थ लेविसअनुसार झिनो दुई रनले पराजित भयो । अंकतालिकामा नेपालले २८ खेलबाट २४ अंक जोडेको छ । शीर्ष स्थानको अमेरिकाले २८ खेलबाटै ३८ अंक बनाएको छ । दोस्रो स्थानमा रहेको स्कटल्यान्डले ३२ खेलबाट ३८ अंक नै जोडेको छ । रनरेटमा स्कटल्यान्ड अमेरिकासँग पछि परेको हो । नेपालले पछिल्ला आठ खेलमा अंक मात्र बटुलेन, रनमा समेत सुधार गरेको छ ।

त्रिवि क्रिकेट मैदानमा नेपालले घरेलु सिरिजकै अन्तिम खेलमा अमेरिकामाथि स्वाफिलो प्रदर्शन गरी एक सय २२ रनको फराकिलो जित निकाल्यो । यो शृंखलापछि नेपालको शीर्ष चारमा रहेर आगामी चार वर्षका लागि एकदिवसीय यात्रा कायम राख्ने सम्भावना निकै बढेको छ ।

ब्याट्सम्यानको संयमित ब्याटिङ

पहिलो ब्याटिङ गरेको नेपालले अमेरिकाविरुद्ध पुनः एकपटक संयमित भएर ब्याटिङ गऱ्यो । नेपालले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा आठ विकेट गुमाएर तीन सय १७ रनको योगफल बनायो । एकदिवसीय इतिहासमा यो नेपालको दोस्रो ठुलो योगफल हो । यसअघि नेपालले सन् २०२५ को ८ जुनमा स्कटल्यान्डविरुद्ध तीन सय २१ रनको प्रदर्शन गरेको थियो । नेपाले एकदिवसीय इतिहासमा तीनपटक तीन सय रनमाथिको योगफल बनाएको छ । नेपालले पहिलोपटक सन् २०२३ मा ओमानविरुद्ध त्रिवि मैदानमै ३१०/८ को स्कोर गरेको थियो ।

शुक्रबार नेपालले दिएको तीन सय १८ रन लक्ष्य पछ्याएको अमेरिका ४११.२ ओभरमा एक सय ९५ रनमा समेटिँदा नेपाल एक सय २२ रनको अन्तरले विजयी भयो । नेपालको ब्याटिङमा शीर्ष पाँच ब्याट्सम्यानले उत्कृष्ट योगदान दिए । खेलकै म्यान अफ दी म्याच ईशान पाण्डेले ८३ बलमा ८४ रनको योगदान दिँदै नेपालको जित आधार खडा गरे । उनले आठ चौका र एक छक्का प्रहार गरे । यसैगरी, उपकप्तान दीपेन्द्रसिंह ऐरीले ३६ बलमा समान चार चौका र छक्का प्रहार गरी ५९ रनको योगदान दिए । उनी उगाकारबाट रनआउट



अर्धशतक पूरा गरेपछि कप्तान रोहित पौडेलसँग खुसी साट्दै ईशान पाण्डे । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

भएका थिए । नेपालको ब्याटिङ इनिङ्समा चार विकेटका लागि राम्रो साझेदारी भएको थियो ।

ओपनर कुशल भुर्तेल र आसिफ शेखले ७७ बलमा ६९ रनको साझेदारी गरे । ईशानले आसिफसँग दोस्रो विकेटका लागि ३४ बलमा १५ रन बनाए । त्यसपछि इसानले कप्तान रोहित पौडेलसँग पुनः एकपटक उत्कृष्ट साझेदारी गर्दै नेपाललाई बलियो अवस्थामा राखे । उनीहरूले यसअघि स्कटल्यान्डसँगको खेलमा पनि महत्त्वपूर्ण साझेदारी गरेका थिए । यसपटक दुवैले अमेरिकाविरुद्ध तेस्रो विकेटका लागि एक सय १७ बलमा एक सय १० रनको साझेदारी गरे । त्यसपछि दीपेन्द्र र गुल्सन झाबिच पाँचौँ विकेटका लागि २९ बलमा ४७ रन तथा आरिफ शेखले दीपेन्द्रसँग छैटौँ विकेटका लागि १८ बलमा ३८ रन जोडेका थिए ।

दुई अर्धशतकीय इनिङ्स

नेपालको ब्याटिङमा दुई अर्धशकीय इनिङ्स देखियो । ईशानले नेपाललाई बलियो अवस्थामा पुऱ्याएपछि उपकप्तान दीपेन्द्रले पनि आक्रामक रूपमै ब्याटिङ गरे । उनले ५९ रनको योगदान दिए । ओपनर कुशलले ३९ बलमा पाँच चौकाको सहयोगमा २९ रन बनाए । आसिफले ५७ बलमा ६ चौकाका साथ ४३ रन बनाए । यसैगरी, कप्तान रोहितले ५९ बलमा एक छक्का र दुई चौका प्रहार गरी ४६ रन जोडे । गुल्सनले १२ बलमा १५ रन तथा आरिफले १० बलमा दुई छक्का प्रहार गरी १८ रन बनाए । अमेरिकाका लागि सुभम रञ्जितले ६१ रन खर्चेर तीन विकेट लिए ।

अमेरिकाविरुद्ध स्पिनर हाबी

नेपाली बलर हाबी भएपछि विश्वकप लिग-२ को १०८औँ खेलमा अमेरिकाको ब्याटिङ चल्न सकेन । नेपालका लागि पुनः एकपटक सन्दीप घातक देखिए । उनले १० ओभरमा एक मेडन राखी ३० रन खर्चेर सर्वाधिक तीन विकेट लिए । यसै सिरिजमा उनले कम खेलमा एक सय ५० विकेटको विश्व कीर्तिमान राखेका थिए । यसैगरी, स्पिनर ललित राजवंशीले १० ओभरमा ३८ रन दिएर दुई विकेट लिए । दीपेन्द्रले ४.२ ओभरमा २६ रन दिएर दुई विकेट र गुल्सनले पनि दुई नै विकेट लिँदा अमेरिका लक्ष्य नजिकसम्म पुग्न सकेन ।

सञ्जय कृष्णमूर्तिले ४४ बलमा सर्वाधिक ५६ रन बनाए । सायन जाहान्गिरले २७ तथा सेवामा जयासुरियाले २६ रनको योगदान दिए । जयासुरिया र जहान्गिरले दोस्रो विकेटका लागि ५९ बलमा सर्वाधिक ५३ रनको साझेदारी गरेका थिए । चौथो बलमै ओपनर स्मिथ पटेललाई सोमपाल कामीले विकेटकिपर आसिफ शेखबाट क्याच गराएपछि अमेरिका दबाबमा आएको थियो ।

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	२८	१९	९	३८	०.७६
स्कटल्यान्ड	३२	१६	१०	३८	०.६३
ओमान	२८	१४	११	३१	०.१८
नेदरल्यान्ड्स	२४	१३	९	२८	०.१६
नेपाल	२८	११	१५	२४	०.२३
नामिबिया	२८	१०	१६	२२	-०.४९
क्यानडा	२४	९	१२	२१	-०.२०
युएई	२४	७	१७	१४	-१.०१

■ काभा महिला भलिबल

भारतसँग फेरि नेपाल पाँचौँ सेटमा स्तब्ध

पहिलो र चौथो सेट जितेको नेपाल रिसिभ, सर्भिस तथा ब्लकमा चुक्दा निर्णायक पाँचौँ सेटमा भारतसँग १५-९ ले पराजित



नयाँ पत्रिका

घरेलु टोली नेपाल काभा महिला भलिबल च्याम्पियनसिपको शुक्रबार उद्घाटन खेलमा चिरपरिचित प्रतिद्वन्द्वी भारतसँग पाँचौँ सेटमा पराजित भएको छ । सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा)ले आयोजना गरेको च्याम्पियनसिपमा नेपाल पाँचौँ तथा निर्णायक सेटमा चुकेको थियो । नेपालले भारतलाई चौथो सेटसम्म २-२ को बराबरीमा रोकेको थियो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा नेपाल पाँचौँ सेटमा सम्हालिन नसक्दा भारतले १५-९ ले बाजी मार्‍यो । सन् २०२४ को काभा च्याम्पियनसिपको फाइनलमा पनि नेपाल भारतसँगै निर्णायक सेटमा पछि हुँदा ३-२ ले चुकेको थियो । त्यसअघि नेपाल सन् २०१९ मा घरेलु कोर्टमै भएको १३औँ दक्षिण एसियाली खेलकुद (साग)अन्तर्गत महिला भलिबलको स्वर्ण पदक भिडन्तमा भारतले नेपालमाथि ३-२ ले जित निकालेको थियो ।

जसका कारण नेपालले रजत पदकमै चित्त बुझायो । प्रशिक्षक जगदीश भट्टले पहिलो खेलमै नयाँ ६ खेलाडीमध्ये एलिसा मानन्धरबाहेक सबैलाई अन्तर्राष्ट्रिय भलिबल प्रतियोगितामा डेब्यु गराए । महिला राष्ट्रिय भलिबल टोलीबाट भारतविरुद्ध सुनीता खत्री, मीना सुनार, सलिना बुढामगर, जसना महतो र बसन्ती साउदले डेब्यु गर्न सफल भए ।

प्रशिक्षक जगदीश भट्टले सानो कमजोरीका कारण पराजित भएको बताए । 'हामी फेरि भारतसँग पाँचौँ सेटमा पुगेर पराजित भएका छौँ,' उनले भने, 'हामीले राम्रो खेल खेलेका हौँ, तर आफ्नै गल्तीका कारण खेल गुमायौँ ।' राष्ट्रिय टोलीकी नयाँ कप्तान निरुता ठगुन्नाले युवा खेलाडीले राम्रो प्रदर्शन गरेको बताइन् । 'युवा खेलाडीले भारतविरुद्ध निकै राम्रो प्रदर्शन गरे,' निरुताले भनिन्, 'उनीहरूको जति प्रदर्शन मैले गर्न सकिनँ ।' खेलपछि प्रतिक्रिया दिँदा कप्तान निरुता भावुक बनेकी थिइन् ।

अब, नेपालले प्रतियोगिताको दोस्रो खेलमा शनिबार नै कीर्गिस्तानसँग खेल्दै छ । नेपाललाई सेमिफाइनलमा पुग्न यो खेल जित्नैपर्ने दबाब छ । 'हामीलाई समूह 'ए'बाट अगाडि बढ्न कीर्गिस्तानविरुद्ध जित्नैपर्ने दबाब हुन्छ । त्यसका लागि हामी तयार छौँ,' प्रशिक्षक भट्टले भने । जितपछि भारतले समूह 'ए'मा दुई अंक जोडेको छ । हारको बाबजुद नेपालले एक अंक हात पारेको छ ।

रोमाञ्चक उद्घाटन खेल

निरुताको कप्तानीमा पहिलो खेलमै नेपालले भारतविरुद्ध अन्तिम सेटसम्म कडा टक्कर दिएको थियो । नेपाल र भारतीयमा युवा खेलाडीको बाहुल्यता रहेको थियो । नेपालले पहिलो सेट २५-२१ ले हात पारेको थियो । बलियो भारतले उत्कृष्ट पुनरागमन गर्दै लगातार दुई सेट जितेर २-१ को अग्रता लियो । भारतले दोस्रो सेटमा नेपाललाई २५-२० ले हरायो । त्यसपछि तेस्रो सेटमा नेपाल तुलनात्मक रूपमा कमजोर हुँदा भारत २५-१९ ले विजयी भयो । यो सेटपछि भारतले २-१ को अग्रता लियो । नेपालले चौथो सेटमा भारतलाई २५-२१ ले हराउँदै सेट २-२ को बराबरी गरेको थियो ।

६ मध्ये पाँच खेलाडीको डेब्यु

प्रशिक्षक भट्टले मिड ब्लकर सुनीता खत्री, स्पाइकर मीना सुनार, स्पाइकर सलिना बुढामगर, सेटर जसना महतो र मिड ब्लकर बसन्ती साउदलाई डेब्यु गराएका छन् । पहिलोपटक राष्ट्रिय टिममा परेकामध्ये तीन खेलाडी सुनीता, मीना र सलिनाले पहिलो सेटमै 'डेब्यु'को मौका पाए । सुनीता भने प्लेइङमै परेकी थिइन् । जसना महतो दोस्रो सेटमा कोर्ट प्रवेश गरिन् । यस्तै, तेस्रो सेटमा बसन्तीले डेब्यु पाएकी हुन् ।

काठमाडौंले फाइनलमा सिइसीको सामना गर्ने

काठमाडौं / काठमाडौं जिल्लास्तरीय यू-१९ क्रिकेट प्रतियोगिताको उपाधिका लागि काठमाडौं क्रिकेट एकेडेमी र क्रिकेट एक्सिलेन्स सेन्टर (सिइसी)बिच प्रतिस्पर्धा हुने भएको छ । काठमाडौं जिल्ला क्रिकेटको आयोजनामा भइरहेको प्रतियोगिताको फाइनल खेल शनिबार मूलपानी मैदानमा हुनेछ । प्रतियोगिताको शुक्रबार भएको पहिलो सेमिफाइनलमा काठमाडौं क्रिकेटले महावीर क्लबलाई पाँच विकेटले हरायो । पहिलो ब्याटिङ गरेको महावीरले निर्धारित १५ ओभरमा ६ विकेट गुमाउँदा मात्र ९२ रन बनाएको थियो । प्रत्युत्तरमा काठमाडौंले १४.५ ओभरमा पाँच विकेट गुमाउँदै लक्ष्य पूरा गर्दै फाइनल यात्रा तय गऱ्यो ।

काठमाडौंका लागि ईशान शाह सुवेदीले ४२ बलमा सर्वाधिक ४६ रन बनाए । त्यसअघि महावीरका लागि बुद्धिमान पाख्रिनले ३८ बलमा ३३ रन जोडेका थिए । खेलको प्लेयर अफ दी म्याच लक्ष्मण जेगेराले ६ रन खर्चेर तीन विकेट लिएका हुन् । दोस्रो सेमिफाइनलमा एक्सिलेन्सले हिमालयन क्रिकेट एकेडेमीलाई ८२ रनले पराजित गऱ्यो ।



■ महिला टोलीले जित्यो टी-२० आई सिरिज

राष्ट्रिय महिला क्रिकेट टोलीले शुक्रबार दोस्रो अन्तर्राष्ट्रिय टी-२० आई सिरिजमा घरेलु टोली मलेसियालाई सात विकेटले हराएको छ । दुई खेलको सिरिजमा नेपालले २-० ले बाजी मार्‍यो । पहिलो ब्याटिङ गरेको मलेसियाले २० ओभरमा नौ विकेट गुमाएर ८२ रन बनाएको थियो । प्रत्युत्तरमा नेपालले १६ ओभरमा तीन विकेट गुमाएर लक्ष्य पूरा गरेको हो । नेपालको ब्याटिङमा सम्झना खड्काले अविजित ३९ रन, कविता कुँवरले अविजित १९ रन बनाए । मलेसियाका लागि नुर दानियाँ, आइसा एलिसा र आइना हमिजाले समान एक विकेट लिए । नेपालका लागि कविता कुँवर, रिया शर्मा र रुबिना क्षत्रीले समान दुई विकेट हात पारे ।

भुवनलाई सूर्य नेपाल च्यालेन्जको उपाधि

नयाँ पत्रिका

भुवन नगरकोटीले सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत सातौँ प्रतियोगिता सूर्य नेपाल च्यालेन्जको उपाधि जितेका छन् । भुवनले शुक्रबार इभन पार ६८ खेल्दै समग्रमा ११ अन्डर दुई सय ६१ को स्कोर गर्दै उपाधि हात पारेका हुन् । उनले दिनेश प्रजापति र एमेच्योर राहुल विश्वकर्मालाई दुई स्ट्रोकले हराउँदै सिजनको चौथो उपाधि हात पारे । समग्रमा उनको यो करिअरकै १५औँ उपाधि हो । उनले एक लाख ३० हजार रुपैयाँ जितेका छन् ।



एमेच्योर राहुल र प्रोफेसनल गल्फर दिनेशले समग्रमा नौ अन्डर दुई सय ६३ को स्कोर गर्दै संयुक्त रूपमा दोस्रो स्थान रक्षा गरे । प्रतियोगिताको अन्तिम दिन उनीहरूले समान चार अन्डर ६४ स्कोर गरेका थिए । दिनेशले ९० हजार रुपैयाँ जिते । शुक्रबहादुर राईले इभन पार ६८ मा अन्तिम दिनको खेल सकाउँदा समग्रमा आठ अन्डर दुई सय ६४ सहित चौथो हुँदै ७० हजार रुपैयाँ प्राप्त गरे । नीरजले पनि इभन पार ६८ खेल्दै समग्रमा सात अन्डर दुई सय ६५ को स्कोरमा पाँचौँ हुँदा ५५ हजार नगद पुरस्कार पाए ।

एमेच्योरतर्फ समग्रमा नौ अन्डर दुई सय ६३ सहित राहुलले उपाधि जितेका छन् । उनले स्वप्निललाई आठ स्ट्रोकले पछि पारे । स्वप्निल एमेच्योरतर्फ दोस्रो भएका छन् । उनले अन्तिम एक अन्डर ६७ खेल्दै समग्रमा एक अन्डर दुई सय ७१ को स्कोर निकाले ।

भुवनलाई तीन स्ट्रोकको अग्रता

भुवनले अन्तिम दिनको सुरुमा तीन स्ट्रोकको अग्रता लिएका थिए । उनले यसै अग्रतालाई रक्षा गर्दै ट्रफी हात पारे । उनले फ्रन्ट र ब्याक नाइन इभन पार ३४ को स्कोर गरेका थिए । चौथो र पाँचौँ होलमा बर्डी प्रहार गरेका उनले नवौँ होलमा डबल बोगी खेपे । त्यसपछि ब्याक नाइनका सबै होलमा पार जोगाए । राहुलले चौथो र छैटौँ होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन दुई अन्डर ३२ खेले । यसपछि उनले १०औँ, ११औँ र १३औँ होलमा पनि बर्डी प्रहार गरे । उनी ब्याक नाइन दुई अन्डर ३४ स्कोरमा रोकिए । दिनेशले पनि फ्रन्ट र ब्याक नाइनमा दुई अन्डर ३२ मा सकाए । सूर्य नेपाल प्रालिको प्रायोजनमा पिजिए नेपालद्वारा आयोजना भएको प्रतियोगितामा कुल ५२ खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।



रोनाल्डोले जिते पहिलो साउदी प्रो लिग

सन् २०२३ मा साउदी प्रो लिगमा आबद्ध भएका क्रिस्टियानो रोनाल्डोले तेस्रो प्रयासमा अल नासरलाई उपाधि दिलाए

एजेन्सी

क्रिस्टियानो रोनाल्डोले तेस्रो प्रयासपछि साउदी प्रो लिगको उपाधि हात पारेका छन् । साउदी प्रो लिगको अल नासर क्लबमा आबद्ध भएको चौथो सिजनमा उनले पहिलोपटक उपाधि चुमेका हुन् । यस सिजन अन्तिम खेलमा बिहीबार अल नासरले दमाकलाई ४-१ ले पराजित गरेपछि रोनाल्डोले पहिलोपटक साउदी प्रो लिग ट्रफी उचालेका हुन् । सन् २०२३ को सुरुवातमै इंग्लिस प्रिमियर लिग म्यानचेस्टर युनाइटेड परित्याग गरी उनले विश्व फुटबललाई अचम्ममा पार्दै एसियन क्लब अल नासर रोजेका थिए । उनले लिग जित्न तीन वर्ष प्रतिस्पर्धा गरेका छन् ।

व्यावसायिक फुटबल करिअरमा रोनाल्डोले यसअघि युरोप भूमिमा इंग्ल्यान्ड, स्पेन र इटालीमा घरेलु लिग उपाधि हात पारेका थिए । यो अल नासरको ११औँ लिग उपाधि भने रोनाल्डोको करिअरको आठौँ घरेलु लिग उपाधि हो । उनले म्यानचेस्टर युनाइटेड, रियल म्याड्रिड र युभेन्टसबाट लिग जितेका थिए ।

समग्रमा अल नासरले कट्टर प्रतिद्वन्द्वी अल हिलाललाई पछि पार्दै सन् २०१९ पछि पहिलोपटक लिग उपाधि जित्यो । जितपछि अल नासरले ३४ खेलबाट सर्वाधिक ८६ अंक बनायो । दोस्रो स्थानको अल हिलाललाई दुई अंकले पछि पार्दै अल नासरले उपाधि हात पाऱ्यो । अल हिलालले अल पेइहालाई १-० ले पराजित गरे पनि उपाधि जित्न पर्याप्त भएन । अल नासरका लागि रोनाल्डोले दुई गोल गरेका थिए । उनले खेलको ६३औँ र ८१औँ मिनेटमा गोल गरे । रोनाल्डोका दुवै गोल उत्कृष्ट रहे । अल नासरका लागि साडियो मानेले ३२औँ मिनेटमा गोल गरेका थिए ।

यसैगरी, खेलको ५२औँ मिनेटमा किंग्स कोमनले टोलीलाई २-० को अग्रता दिलाए । दमाकका लागि मोरलाया सिलाले ५८औँ मिनेटमा पेनाल्टीमा गोल गरे । यस सिजनमा अल नासर र अल हिलालबिच १२ मेमा भएको खेललाई साउदी लिग इतिहासकै सबैभन्दा ठुलो खेल मानिएको थियो । यो खेल एक सय ८० भन्दा बढी राष्ट्रमा हेरिएको थियो ।

रोनाल्डोको आगमनपछि साउदी प्रोको चर्चा

४१ वर्षीय रोनाल्डोले साउदी अरबमा यहाँको फुटबल कल्चर विकास गर्न अल नासरसँग आबद्धता जनाएका थिए । उनले सुरुमै भनेका थिए 'म एसियामा फुटबल संस्कृति विकास गर्न आएको हुँ । यसको ब्रान्डिङ विश्वभरि नै गर्नेछु ।' अल नासरले सन् २०२२ को डिसेम्बरमा म्यानचेस्टर युनाइटेड छाडेपछि रोनाल्डोलाई प्रस्ताव गरेको थियो । त्यसवेला उनलाई डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीबाट पनि राम्रो प्रस्ताव नआएको होइन । तर, उनले आर्थिक पक्ष र नयाँ चुनौती सामना गर्ने भनी अल नासरसँग सम्बन्ध गाँसे । जसले विश्व फुटबललाई चकित बनाएको थियो । त्यससँगै साउदीको खेलकुद परियोजनालाई विश्वमञ्चमा पुऱ्याउने प्रयास पनि सुरु भयो । साउदी प्रो लिगमा आफ्नो सय गोल पूरा गरेका रोनाल्डोले क्लबका लागि सबै प्रतियोगितामा एक सय २९ गोल गरिसकेका छन् । अल नासरले उनलाई अनुबन्ध गर्नुको मुख्य उद्देश्य उपाधि जित्नु थियो ।

चर्चित खेलाडी साउदी प्रोमा

रोनाल्डोको आगमनसँगै साउदी फुटबलमा ठुलो परिवर्तन आएको देखिन्छ । वर्तमान समयमै उत्कृष्ट खेलाडी साउदी प्रो लिगमा आगमनपछि तत्काल करिम बेन्जेमा, एन्गोलो कान्टे, रियाद माहरेज, साडियो माने र नेमारलगायत चर्चित खेलाडी साउदीमा प्रवेश गरे । यी सबै खेलाडी साउदी प्रो लिगका बिग फोर क्लबमा पुगे । रियादका अल हिलाल र अल नासर, जेद्दाहका अल अहली र अल इत्तिहादलाई साउदी प्रो लिगका सबैभन्दा धनी क्लबका रूपमा लिने गरिन्छ । सन् २०२३ को गर्मीयाममा यी चार क्लबलाई साउदीको सार्वजनिक लगानी कोष पब्लिक इन्भेस्टमेन्ट फन्ड (पिआइएफ)ले नियन्त्रणमा लिएको थियो । यही कोषले प्रिमियर लिग न्युक्यासल युनाइटेडमा पनि लगानी गरेको छ । रोनाल्डोले साउदी प्रो लिगलाई ब्रान्डिङ गर्न सके विश्वकै राम्रो प्रिमियर लिगमा पर्ने बताए । 'यहाँको लिग राम्रो होइन भन्नेलाई एकपटक आएर खेल्दा प्रस्ट हुन्छ,' उनले भने ।

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Tokha-5, Basundhara, KTM, Tel: 01-4954537
Website: www.ishanhospital.com.np
ISO 9001:2015 Certified
Nepal's 1st Non-Governmental Children Hospital
SPACE AVAILABLE FOR
CANTEEN
Canteen Size : 5832 x 8070, Bakery Size : 3097 x 2500,
Kitchen Size : 4568 x 4645
Contact us : +977-1-4959560, 9749320295
Email : info@ishanhospital.com.np
9846991669

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com